# समाचार-फिचर

सिक्दै... लेख्दै... सिक्दै...

नेपाल पत्रकार महासंघ

२०७९

EUROPEAN UNION

# नेपाल पत्रकार महासंघ

नेपाल पत्रकार महासंघ सम्पूर्ण नेपाली पत्रकारहरुको साझा छाता संगठन हो । वि.सं. २०१२ चैत १६ गते गठन भएको नेपाल पत्रकार संघलाई वि.सं. २०५३ जेठ २९ मा महासंघमा रुपान्तरण गरिएको हो । हाल महासंघमा १३ हजारभन्दा बढी सदस्य रहेका छन् । महासंघले नीतिगत तथा व्यवहारिक पक्षबाट प्रेस स्वतन्त्रताको प्रतिरक्षा र प्रवर्द्धन गर्ने, पत्रकारहरुको भौतिक तथा पेशागत सुरक्षा सुनिश्चितताका लागि काम गर्ने र पत्रकारिता तथा सञ्चार क्षेत्रमा कार्यरत राष्ट्रिय अन्तर्राष्ट्रिय संगठन तथा संघ संस्थासँग सहकार्य गर्दै आएको छ । हालसम्म देशमा भएका सबै लोकतान्त्रिक आन्दोलनहरुको एक अंगका रुपमा महासंघ सधैं उभिएको छ ।

## महासंघको उद्देश्य

» देश तथा विदेशमा कार्यरत श्रमजिवी नेपाली पत्रकारहरूलाई संगठित गरी व्यावसायिक नेतृत्व प्रदान गर्दै उनीहरूको हक अधिकार प्रवर्दन तथा संरक्षण गर्न क्रियाशील रहन

» उत्तरदायी, मर्यादित र जिम्मेवार पत्रकारिताको संस्थागत विकासमा क्रियाशील हुँदै स्वतन्त्र प्रेसको विश्वव्यापी मर्म, मान्यता, आचरण र आदर्शलाई परिपालना गर्ने,

» सूचनाको हक र विचार तथा अभिव्यक्ति स्वतन्त्रताको पक्षमा क्रियाशील रहने,

» श्रमजीवी पत्रकारहरुको उचित श्रम अभ्यास, सामूहिक सौदावाजी र पेशा तथा रोजगारीको अधिकारको संरक्षणका लागि पत्रकार महासंघलाई ट्रेड युनियन संस्थाका रुपमा स्थापित गरी ट्रेड युनियन अधिकारको नेतृत्व प्रदान गर्ने

» पत्रकार तथा आमसञ्चारमाध्यमको व्यावसायिक हकहित र भौतिक सुरक्षाका लागि सक्रिय रहने,

» पत्रकारिता क्षेत्रसँग सम्बन्धित राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा क्रियाशील संघ संस्थाहरुसँग सम्बन्ध विस्तार गर्ने तथा विभिन्न देशका संघ, संस्थाहरुसँग प्रतिनिधिहरू आदानप्रदान गर्ने,

» पत्रकारिता क्षेत्रसँग सम्बन्धित विषयहरूमा बैठक, भेला, सभा, सम्मेलन, गोष्ठी, अन्तर्क्रिया, प्रशिक्षणलगायत अन्य विभिन्न रचनात्मक गतिविधिहरू सञ्चालन गर्ने र पुस्तक, पत्रपत्रिका, कार्यक्रम तथा प्रतिवेदन प्रकाशन वा उत्पादन गर्ने,

» राष्ट्र, समाज र आम नागरिक तथा पत्रकार जगतको हितका साथै स्वच्छ पत्रकारिताको प्रवर्द्धनका निम्ति क्रियाशील रहने,

» लोकतन्त्रलाई सुदृढ गर्दै देशमा लोकतान्त्रिक संस्कार निर्माण गर्नु र मानव अधिकारको रक्षा गर्नु, र

» प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको रक्षा र प्रवर्द्धनका लागि आवश्यक अन्य काम गर्ने ।

## महासंघको संगठन

| | | |
|---|---|---|
| जिल्ला शाखा – ७६ | वैदेशिक शाखा – १२ | केन्द्रीय परिषद – १ |
| प्रतिष्ठान शाखा – ४२ | प्रदेश परिषद – १० | केन्द्रीय समिति – १ |
| एसोसियट सदस्य – १२ | प्रदेश समिति – १० | |

## समावेशीकरण

केन्द्रीय समिति (४९ सदस्य)

» एक बरिष्ठ उपाध्यक्ष

» एक महिला उपाध्यक्ष

» एक समावेशी उपाध्यक्ष

» महिला, मधेशी, जनजाती र दलित सचिव ६ जना

» चार महिला सदस्य (खुला, जनजाती, मधेशी र दलित)

» दलित, जनजाती र मधेशी समुदायबाट न्यूनतम १/१ महिलासहित २/२ सदस्य

» अल्पसंख्यक तथा अपांगता भएका पत्रकारहरुमध्ये १/१ सदस्य

» १० प्रदेशबाट २/२ जना सदस्य

## प्रदेश समिति (२१ सदस्य)

» एक महिला उपाध्यक्ष

» एक समावेशी सचिव

» तीन महिला सदस्य

» जनजाती र मधेशी समुदायबाट २/२ जना सदस्य

» दलित तथा अल्पसंख्यक/अपांगता भएका पत्रकारहरुमध्ये १ सदस्य

## जिल्ला शाखा

जिल्ला तथा प्रतिष्ठान शाखामा एक महिला उपाध्यक्ष र एक समावेशी सचिवको प्रावधान रहेको छ ।

यससँगै महासंघले शाखाहरुमार्फत केन्द्रीय परिषदमा प्रतिनिधित्व गर्ने पत्रकारहरुमा दुईजनामध्ये एकजना अनिवार्य महिला हुनुपर्ने व्यवस्था गरी महिलाहरुको प्रतिनिधित्व ५० प्रतिशत पुऱ्याउने व्यवस्था गरेको छ ।

## लोकतान्त्रिक महासंघ

» प्रत्येक तीन वर्षमा सबै समिति तथा शाखाहरुको निर्वाचन

» सबै समितिका नेतृत्व चयनका लागि सबै सदस्य पत्रकारहरुको प्रत्यक्ष मतदान

» निवर्तमान अध्यक्ष, त्यस अघिका समितिको अध्यक्ष र अध्यक्ष पदका निकटतम् प्रतिद्वन्दी केन्द्रीय समितिमा सल्लाहकार रहने व्यवस्था

» हालसम्म कुनै पनि अध्यक्षको कार्यकाल नदोहोरिएको

# समाचार–फिचर

## सिक्दै... लेख्दै... सिक्दै...

**नेपाल पत्रकार महासंघ**
सञ्चारग्राम, काठमाडौं

© सर्वाधिकार
नेपाल पत्रकार महासंघ
सञ्चारग्राम, तिलगंगा, काठमाडौँ
फोन नं.  : ०१-४११२७६३, ४११२६७३
इमेल  : fnjnepalcentral@gmail.com
वेबसाइट  : http://fnjnepal.org

संयोजन  : रामप्रसाद दहाल
भाषा सम्पादन  : माधव दुलाल
लेआउट/डिजाईन : आनन्द शर्मा, एड. चौतारी प्रा. लि., कमलपोखरी, काठमाडौं

यो समाचार फिचर संग्रह "सुरक्षित मिडिया" परियोजनाअन्तर्गत युरोपियन युनियन (The European Union) को आर्थिक सहयोगमा प्रकाशन गरिएको हो । यसमा समावेश भएका कुनै पनि विषयवस्तुले युरोपियन युनियनको विचार प्रतिविम्बित भएको मानिने छैन ।

# सिकाई, एउटा निरन्तर यात्रा

नेपाल पत्रकार महासंघको विधानमा उल्लेखित धेरै उद्देश्यहरु मध्ये 'प्रशिक्षण लगायत विभिन्न रचनात्मक कार्यहरू गर्ने समेत रहेको छ । महासंघले आधारभूत पत्रकारिता तालिम निर्देशिका र समाचार-फिचर लेखन सम्बन्धि प्रशिक्षण निर्देशिका तयार गरिसकेको छ । यी तालिम निर्देशिकाहरु तयार गरिसके पछि सात वटा प्रादेशिक राजधानी रहेका जिल्ला साथै सुनसरी, सर्लाही, काठमाडौँ र दाङ्ग जिल्लाका विभिन्न संचार संस्थामा कार्यरत ४४६ जना पत्रकारहरुलाई आधारभूत पत्रकारिता तालिम र २६१ जनालाई समाचार-फिचर लेखन सम्बन्धि तालिम प्रदान गरिसकिएको छ ।

समाचार- फिचर लेखन तालिममा सिकेका सिपहरुलाई आफ्नो पत्रकारिता पेसामा कसरी प्रयोग गर्ने भन्ने आत्मविश्वाश बढाउने उद्देश्यले १० जना महिला सहित २४ जना पत्रकारहरुलाई लेखनवृत्ति प्रदान गरि समाचार-फिचर लेख्न उत्प्रेरित गरिएको थियो । उनीहरुले लेखेका मस्यौदा समाचार-फिचरहरुलाई बरिष्ठ पत्रकार माधव दुलालको मेंटरसिप समेत प्रदान गरि उक्त समाचार फिचर लेखनलाई अन्तिम रुप दिएको थियो । पत्रकारहरुका समाचार-फिचर लेख्ने प्रयास हरुलाई हामीले एउटा संग्रहको रुपमा प्रकाशन गर्न पाउँदा धेरै खुसि लागेको छ । साथै यस संग्रहले अन्य पत्रकारहरुलाई समेत लेख्ने हौसला प्रदान गर्ने छ भन्ने आशा लिएका छौं ।

यी समाचार-फिचरहरुमा पत्रकारिता क्षेत्रमा महिला तथा अल्पसंख्यक समुदायका पत्रकारहरुको अवस्थालाई उजागर गर्नुका साथै सेवा प्रदायक संस्थाहरुको जवाफदेहिता समेत अभिवृद्धि गर्नेगरी समाचार हरु लेखिएका छन् जुन पत्रकारिता क्षेत्रको मूल धर्म हो ।

यस समाचार फिचर लेखन प्रयासमा सहभागी ११ जिल्लाका २४ जना पत्रकार तथा ति पत्रकारहरुलाई छनौट तथा संयोजन गर्ने नेपाल पत्रकार महासंघका जिल्ला शाखाका अध्यक्षहरुको अथक प्रयासको म खुलेर प्रशंशा गर्न चाहन्छु । मस्यौदा समाचार फिचरहरुलाई धैर्यतापूर्वक पढी सुझावहरु दिएर अन्तिम रुप दिन भूमिका खेल्नुभएका पत्रकार माधव दुलाललाई धन्यवाद दिन चाहन्छु । अन्तमा, यो सबै लेखन प्रक्रियालाई संयोजन गरि समाचार-फिचर संग्रहको रुप दिन लाग्नु भएका नेपाल पत्रकार महासंघका कार्यक्रम प्रवन्धक रामप्रसाद दहाललाई विशेष धन्यवाद छ ।

आधारभूत पत्रकारिता तालिम निर्देशिका र समाचार-फिचर लेखन तालिम निर्देशिका तयार गर्न तथा लेखनवृत्ति समेत सुरक्षित मिडिया परियोजना मार्फत आर्थिक तथा प्राविधिक सहयोग प्रदान गर्ने यूरोपियन यूनियन र इन्टरनेसनल अलर्टलाई यस सहकार्यको लागि आभार व्यक्त गर्दै यस प्रकारका सहकार्य निरन्तर भईरहने आशा व्यक्त गर्दछु ।

**विपुल पोखेल**
**अध्यक्ष**
**नेपाल पत्रकार महासंघ**

# पत्रकार स्वयम् नै मर्यादित

नेपालमा पत्रकारिता इतिहासबाट सिक्दै भविष्य देखाउने बाटो बनिरहेको छ । पछिल्लो समय विश्वव्यापी रूपमा विकास भएको प्रविधिको माध्यमले पत्रकारितामा निखारता ल्याउन मद्दत गरिरहेको छ । डिजिटल प्लेटफर्म अर्थात् सञ्चारमाध्यम जस्ता बनिरहेका छन् ।

एडमन्ड वर्कले पत्रकारितालाई चौथो अङ्गको रूपमा अर्थ्याए । नेपोलियन बोनापार्टले चार विरोधी पत्रिका चार हजार सेनाभन्दा डरलाग्दा हुने घोषणा गरे । अमेरिकी राष्ट्रपति थोमस जेफर्सनले 'मलाई सरकार र पत्रिकामध्ये एउटा छान्न भनिए म विना हिचकिचाहट सरकार नभए केही हुन्न, समाचार पत्रिका जीवित रहनुपर्छ' भनेका थिए । बेलायतका पूर्वप्रधानमन्त्री विन्स्टन चर्चिलले पत्रकारितालाई कहिल्यै नसुत्ने र जनताको स्वतन्त्रताको रक्षा गर्ने अभिभावकको रूपमा परिभाषित गरेका थिए ।

विश्वका निरङ्कुश तानासाहले पत्रकारितामा अगाडि घुँडा टेकेका छन् । नेपालमा गणतन्त्र स्थापनामा नेपाली प्रेसले निर्वाह गरेको भूमिका अग्रणी रहेको छ । पछिल्लो समय संसारभर मिथ्या समाचार टाउको दुखाइको विषय बनिरहेको छ । गलत सूचना वा जानकारीका माध्यमबाट समाजमा अफवाह फैलाएर उथलपुथल ल्याउने जङ्क न्युजको विकृति बढ्दै गएको छ ।

मिडिया एक्सन नेपालले १० वटा राष्ट्रिय स्तरबाट प्रकाशित हुने दैनिक अखबार र १० वटा अनलाइन पोर्टलका ४९ हजार ५१ वटा समाचारको अध्ययन गरेकोमा एक हजार आठ सय १७ समाचार मिथ्या एवं भ्रामक भएको तथ्य सार्वजनिक गरेको थियो । समाचारलाई बङ्ग्याउने, आफू अनुकूल प्रस्तुत गर्ने, बढाइचढाइ गर्ने, सनसनी मच्चाउने हावादारी चरित्रको पीत पत्रकारिताले वास्तविक पत्रकारिताको मर्मलाई समाप्त पारिरहेको छ ।

पत्रकार जसको लिङ्ग हुँदैन । जात धर्म हुँदैन । देशका प्रमुख निकायमा नियमित रिपोर्टिङ गर्दै आएका पत्रकारले दिने समाचार सत्य, तथ्य र निष्पक्ष हुनुपर्छ । पक्षपोषण गर्न पाइँदैन । खुसी या रिस व्यक्त हुँदैन समाचारमा । नाममा दाग लगाउनु हुँदैन । देशको संविधान विपरीत लेख्ने, बोल्ने छुट कसैलाई पनि छैन ।

पत्रकारको पेसागत इमानदारिता खोट लाग्नु हुँदैन । जानेर बुझेर मात्रै समाचार तयार गर्दा अप्ठ्यारो पर्दैन । अप्ठ्यारो पर्दा बोलिदिने संस्था छ नेपाल पत्रकार महासङ्घ । रहरले पस्ने बाध्यताले बस्ने अवस्थामा पुगेको पत्रकारिता पेसामा लागेका पत्रकार मध्ये केहीलाई दातृ निकायको सहयोगमा महासङ्घले लेखन वृत्ति प्रदान गर्‍यो यो पटक एउटै जिल्लाबाट दुई/ तीन वटा फिचर आए महासङ्घमा ।

समाचार आफ्नै कथामा, आफूलाई लागेको कुरा अझ आफ्नै मनको कुरा लेख्ने देखि थर छ नाम छैन । गज्याङ, मझ्याङकाबिच केही फिचर दोहोर्‍याउनु नपर्ने सम्मका रहे । कोही पनि जानेर आएको हुँदैन । सिक्दै तिखार्ने हो लेखनलाई । एकै व्यक्ति पोख्त हुँदैन कुनै पनि विषयमा ।

रूखो बोलीमा मिठास भरिदिने लेखन वृत्तिमा सहभागी पत्रकारको मेहनत लोभलाग्दो छ । पहेँलो र रातो लगाएर फिर्ता भएका सामग्री कुनै झर्को नमानी थप परिष्कृत भएर आउनुलाई पत्रकारको संस्था पत्रकार महासङ्घले सदस्यमा रहेको जागरूकतालाई यतिकैमा बिट मार्नु भने हुँदैन ।

पत्रकार र पत्रकारिताको धर्म भनेको निःशस्त्र रहेर समाजमा सुशासन र शान्ति कायम गर्नु हो । मिडियाहरू एकातिर विकृति र विसङ्गतिका विरुद्ध खरो उत्रनुपर्छ भने अर्कातिर समाजका प्रेरणादायी पक्षहरूको रहस्य पनि उत्खनन गर्नुपर्छ ।

संविधानको प्रस्तावनामै पूर्ण प्रेस स्वतन्त्रताप्रतिको प्रतिबद्धता व्यक्त गरिएको छ । कुनै सामग्रीलाई प्रकाशन पूर्व प्रतिबन्ध लगाउन नसकिने तथा मिडियाको दर्ता खारेज नगरिने प्रत्याभूति संविधानले गरेको छ । पत्रकार स्वयं नै मर्यादित हुनुपर्छ ।

कुनै पनि क्षेत्रमा चुनौती हुन्छ । विविध समस्या आइपर्छन् । हरेक पेसा व्यवसायमा लागेका महिलालाई महिला भएकै कारण पर्ने समस्या पनि त्यत्तिकै हुन्छन् । पत्रकारिता क्षेत्र त अछुतो रहने कुरै भएन । महिला भएकै कारण पत्रकारिता पेसाबाट पलायन हुनुपर्ने अवस्था अन्त्यका लागि सरोकारवाला निकाय चनाखो बन्नु पर्ने देखिएको छ । सङ्ख्यामा थोरै भए पनि पत्रकारिता पेसामा लागेका लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकको वृत्ति विकासमा पनि ध्यान दिनुपर्ने देखिन्छ ।

**माधव दुलाल, प्रशिक्षक**

# विषय सूची


| | | | |
|---|---|---|---|
| १. | **कमलेश ठाकुर** | समावेशीकरण नहुँदा विस्थापित हुँदै पत्रकार | ७ |
| २. | **निरु थापा** | महिलाको अवस्था : देखावटी प्रतिनिधित्व | ९ |
| ३. | **प्रकाश तिम्सिना** | न्यायिक निकायको विश्वसनीयतामा शंका | ११ |
| ४. | **तपेन्द्र रोका मगर** | पत्रकारितामा महिला : चुनौतीसँगै अवसर | १४ |
| ५. | **रोमा दाहाल (निशा)** | पत्रकारितामा महिलालाई अडिनै मुस्किल | १७ |
| ६. | **नासिम अन्सारी** | न्यायमा खबरदारी | १९ |
| ७. | **रूपा गुरुङ** | सूचना लुकाउने प्रतिष्पर्धा | २१ |
| ८. | **प्रविण गाहा** | सामाजिक सञ्जाल : परिवर्तनको संवाहक तर जोखिम उस्तै | २४ |
| ९. | **मन्जु मैनाली** | फिल्डमा निस्केर काम गर्ने महिलाको संख्या न्यून | २७ |
| १०. | **राजा झा** | चुनौतीलाई अवसरमा परिणत गर्दै महिला सञ्चारकर्मी | २९ |
| ११. | **रमा के.सी.** | चुनौती झेल्दै नेतृत्वको संघर्ष | ३१ |
| १२. | **रिना आले** | सर्लाहीका महिला पत्रकार : नाम न दाम | ३३ |
| १३. | **राजेश राजवंशी** | उषाको उदाउँदो किरण | ३५ |
| १४. | **सनम महर्जन** | "विवाहपछि पेसा परिवर्तन गर्नुपर्ने बाध्यता" | ३७ |
| १५. | **आभास बुढाथोकी** | सूचनाको हकबारे नागरिकलाई बुझाउन आवश्यक | ४० |
| १६. | **रामशरण नेपाली** | गोपनीयताको संस्कारमा हुर्केको प्रशासनिक संयन्त्र | ४२ |
| १७. | **जनार्जन खत्री** | सूचना माग्दा हप्कीदप्की | ४५ |
| १८. | **जितेन्द्र थापा** | सूचना पाउँने माध्यम रेडियो | ४८ |
| १९. | **असीम सापकोटा** | गलत सूचना दिदाँ भ्रम | ५१ |
| २०. | **सुनिता विक** | पत्रकारिता पेसा : रहरले पस्ने बाध्यताले निस्कने | ५४ |
| २१. | **प्रेमलाल चौधरी** | न्यायिक समिति : विवाद निरुपणमा मेलमिलाप | ५७ |
| २२. | **विन्दु परियार** | पत्रकार महिला : "फलानी" भनेर होच्याउने प्रवृत्ति | ५९ |
| २३. | **निशा राई** | लैङ्गिक समानता कागजमै सीमित | ६१ |
| २४. | **ओम शाही** | जमिन्दारबाट सुकुम्बासी ! | ६३ |

१

# समावेशीकरण नहुँदा विस्थापित हुँदै पत्रकार

✍ कमलेश ठाकुर

धनुषा सहिदनगर नगरपालिका-५ बिर्ता टोलका बुधेश्वर रजक दलित हुन् । सञ्चार क्षेत्रमा काम गर्न उनलाई निकै रहर थियो । रहरअनुसारकै उनले मेहनत गरे तर स्थान र अवसर पाउन निकै कठिनाइ झेले । स्थानीय सञ्चारमाध्यममा काम गर्दा कैयौंपटक अपमान सहनु परेको रजक स्मरण गर्छन् । सम्मानसहितको कुरा गर्ने सञ्चारक्षेत्रबाटै अपमानित भएपछि दुई वर्षअघि उनी यो पेशाबाटै विस्थापित भए ।

सञ्चारक्षेत्रमा ६ वर्ष काम गरेका रजक मूलतः तस्बीर/भिडियो सम्बन्धी काम गर्छन् । पेशाबाट विस्थापित भए पनि रजक कामलाई अझै निरन्तरता दिएको बताउँछन् । उनी अहिले इमेज पसलमा तस्बीर/भिडियोहरू विक्री गर्छन् । 'सम्मान र उचित दाम नपाएपछि सञ्चारक्षेत्रबाट टाढा मात्रै भएको छु', उनले भने,'तर काम गर्न छोडेको छैन । अहिले पनि मुख्य उत्सव/कार्यक्रममा तस्बीर र भिडियो लिएर विभिन्न ठाउँमा विक्री गर्ने गरेको छु ।'

चार वर्षअघि राष्ट्रिय टेलिभिजनमा पनि उनलाई काम गर्ने प्रस्ताव आएको थियो तर उक्त टिभीले दलित 'क्यामेरा म्यान' नराख्ने अडान लिएपछि अवसर नपाएका उनको गुनासो छ । सञ्चारक्षेत्रमा अझै जातिगत 'फ्याक्टर' हावी रहेको उनको आरोप छ । 'जातिगत 'फ्याक्टर' जनकपुरधामका अधिकांश सञ्चारमाध्यममा छ', उनले भने, 'जातिगत 'फ्याक्टर' र श्रमशोषणले गर्दा पनि दलित, विपन्न, गरिब महिलालाई सञ्चारक्षेत्रमा टिक्न गाह्रो भइरहेको छ ।'

सञ्चारक्षेत्रमा सम्मान र उचित दाम पाए अझै पत्रकारिता गर्ने उनको धोको छ । दलित, महिला र पछाडि परेको समुदायलाई मिडियामा आउन नदिन एउटा वर्गले 'सिन्डिकेट' नै लगाएको उनको बुझाइ छ । रजकलाई प्रदेश सरकारको एउटा निकायमा फोटोग्राफरका लागि प्रस्ताव आएको थियो । सरकारले तोकेको सबै मापदण्ड पूरा गरे पनि अन्तिममा उनको निवेदन अस्वीकार गरिएको थियो । उनले यहाँ पनि जातिगतकै कारण अवसर गुमाएको जिकिर गरेका छन् ।

## समाजको डरले विस्थापित

एक वर्षअघिसम्म जनकपुरधामको रेडियामा अम्बिका मण्डलको नाम निकै सुनिन्थ्यो । समाचार र कार्यक्रम चलाउन उनलाई भ्याईनभ्याई हुन्थ्यो । प्रायजसो विज्ञापनमा पनि उनकै आवाज गुन्जिन्थ्यो । उनको समाचार तथा कार्यक्रमका नियमित श्रोताले विस्तारै त्यो नाम अब बिर्सिन थालेका छन् । अम्बिका पनि रजक जस्तै यो पेशाबाट विस्थापित भइसकेकी छिन् । पारिवारिक समस्या देखाए पनि सामाजिक स्तरमा महिलालाई हेर्ने दृष्टिकोणका कारण पनि उनी पेशाबाट टाढा भएको स्वीकार गर्छिन् । राम्रो वातावरण पाए पुनः पेशालाई निरन्तरता दिने उनी बताउँछिन् । 'पत्रकारितामा आउन निकै समस्या झेल्नु पर्‍यो । जसोतसो परिवारलाई मनाएर ६ वर्षभन्दा बढी काम गरेँ', उनले भनिन्, 'तर समाजको गिद्धे नजर र कुरा काट्ने बानीले विस्थापित भएँ । लोकलाज र लाञ्छनाको डर कसलाई छैन ?'

## एलजीबीटीआईको सहभागिता शून्य

सेन्टर फोर मिडिया रिसर्च नेपालले यसै वर्ष प्रकाशित गरेको 'प्रदेशमा मिडिया' नामक किताबअनुसार मधेशको सञ्चारक्षेत्रमा लैंगिक तथा यौनिक अल्पसंख्यक (एलजीबीटीआईक्यू) समुदायको शून्य सहभागिता

देखिएको छ । मधेश प्रदेशमा ७९९ जना पत्रकार कार्यरत छन् । तर लैंगिक तथा यौनिक अल्पसंख्यक समुदायको कुनै सञ्चारमाध्यममा सहभागिता छैन । मधेशमा ७१० पत्रपत्रिका, ११६ रेडियो, १२ टेलिभिजन र १५९ अनलाइन सञ्चारमाध्यम छन् । यी सञ्चारमाध्यममा ६९२ पुरुष र १०७ महिला पत्रकार मात्र कार्यरत छन् ।

## पुरुषवादी सोच हावी

मिडिया एक्सन नेपालकी उपाध्यक्ष प्रियंका झा नेपालमा लैंगिक तथा सामाजिक समावेशीकरणको अवस्था जटिल रहेको बताउँछिन् । मूलधारका मिडियामा आएको बाइलाइनले नै यी कुरालाई पुष्टि गरेको उनको तर्क छ । प्रायः मिडियामा पुरुष र त्यसमा पनि उच्च जातिका पुरुषको मात्रै बाहुल्य रहेको उनी बताउँछिन् । 'समाचारको स्रोत व्यक्तिमा पनि सोही नियति देखिन्छ । सञ्चारमाध्यमले समावेशीकरणको मुद्दा उठाउनै सकेको छैन', उनले भनिन्, 'सञ्चारमाध्यमको निर्णायक भूमिकामा पनि ठूलै विभेद छ । योग्य भए पनि अवसर नपाएका हामीसँग कैयौं उदाहरण छन् ।' कोरोना महामारीमा पनि सबैभन्दा बढी महिला पत्रकारले नै रोजगारी गुमाएको उनले बताइन् । मधेशमा करिव ५० जना पत्रकार कोरोना संक्रमित भए भने सातजनाले ज्यानै गुमाए । करिब ७८ जनाले स्थानीय र ३६ जनाले राष्ट्रिय मिडियाबाट रोजगारी गुमाए ।

यस्ता गतिविधिले नेपालको मिडियामा लैंगिक र सामाजिक समावेशीकरण हुन सकेको छैन । यसले दलित, पछाडि परेका र महिला पत्रकारहरूलाई निरुत्साहित बनाएको उनको तर्क छ । 'महिला पत्रकारलाई धेरै चुनौती छ । पारिश्रमिकदेखि पदसम्मका लागि विभेद भइरहेको छ', उनले भनिन्, 'महिनावारीको समय र गर्भवती भएका वेला महिला पत्रकारले जागिरै गुमाउनुपर्ने जोखिम हुन्छ ।'

## मिडिया हाउसमा स्कुलिङ छैन

सञ्चारिका समूहकी अध्यक्ष विमला तुम्खेवाले पनि नेपालमा लैंगिक समावेशीकरणको वातावरण नरहेको बताइन् । सञ्चारक्षेत्रमा हुने विभेदका कारण क्षमतावान् महिला पत्रकारहरूले अवसर नपाएको उनले बताइन् । 'हामीले आन्दोलनभित्रै अर्को आन्दोलन गर्नुपर्ने अवस्था छ । समावेशीकरण, विभेद अन्त्य र सम्मानजनक सहभागिताका लागि सञ्चारक्षेत्रमा आन्दोलन नै गर्नुपर्ने भएको छ', उनले भनिन्, 'हाम्रो मिडिया हाउसमा महिला सहभागिता, समावेशीकरणको स्कुलिङ नै छैन ।'

गोरखापत्र राष्ट्रिय दैनिककी सम्पादक हरिकला अधिकारी पत्रकारिता क्षेत्रमा लैंगिक तथा सामाजिक समावेशीकरणको अवाज सही ढङ्गले उठाउन ढिलो भएको बताउँछिन् । 'एउटा संवेदनशील विषय हो । यो विषयलाई व्यवहारमा नियाल्दा प्रायः राजनीतिक बेइमानी, प्रशासनिक मिलेमतो र न्यायिक ढिलासुस्तीको चक्रमा फसाइने गरेको पनि पाइन्छ', उनले भनिन्, 'यस सम्बन्धमा स्थानीयदेखि संघीयसम्म गहन अनुसन्धान र लैंगिक दृष्टिकोणबाट चिरफार गर्न ढिला भइसकेको छ ।'

## 'आरक्षित सिटमा क्षेत्राधिकार छैन'

नेपाल पत्रकार महासंघ धनुषा शाखाकी अध्यक्ष मोनिका झाले महासंघको संरचनामा लैंगिक तथा सामाजिक समावेशीकरण देखिए पनि सञ्चारमाध्यममा अझै सुधार आवश्यक भएको बताइन् । उनका अनुसार देशमा संघीय संचरचना लागू भएपछि लैंगिक तथा सामाजिक समावेशीकरण गर्न धेरै प्रयास भएको छ । जसले गर्दा केही सुधार पनि आएको छ तर महासंघको संरचनामा आरक्षित सिटहरूको क्षेत्राधिकार नदिइएको उनले बताइन् । महासंघको नेतृत्वमा एक कार्यकाल महिला, एक कार्यकाल पुरुष, एक कार्यकाल दलित नेतृत्व उठाउने पद्धतिमा गयो भने उत्तम हुने उनको विश्लेषण छ । दलित समुदायर महिला पत्रकारहरूलाई क्षमतावान बनाउने ठोस कार्ययोजना ल्याइए यस प्रकारको विभेद अन्त्य हुने उनले बताइन् ।

२

# महिलाको अवस्था : देखावटी प्रतिनिधित्व

✍ निरू थापा

नेपालमा पुरुषभन्दा महिलाको जनसंख्या धेरै छ । साविकको केन्द्रीय तथ्यांक विभाग हालको तथ्यांक कार्यालयले २०७८ सालमा गरेको जनगणनामा पुरुषभन्दा महिलाको संख्या अधिक छ ।

१ करोड ४२ लाख ९१ हजार ३११ जना महिला छन् भने १ करोड ४९ लाख १ हजार १६९ जना पुरुष छन् । महिला र पुरुष भित्रकै लैंगिक तथा यौनिक अल्पसंख्यकको तथ्यांक कार्यालयले सार्वजनिक गरेको छैन ।

जनसंख्यामा धेरै भए पनि प्रतिनिधित्वका हिसाबले महिलाको संख्या कम छ । संघीय संसद्मा सयमा ३३ जना महिला सांसदको प्रतिनिधित्व हुन थालेको छ । सरकारी निकायमा प्रवेश गर्ने महिलाको संख्या पनि पुरुषको तुलनामा कम छ ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र राष्ट्रिय किताबखानाको २०७८ साउन महिनासम्मको तथ्यांकअनुसार निजामती सेवामा रहेका ८८ हजार २४४ कर्मचारीमध्ये पुरुष कर्मचारीको संख्या ६४ हजार ७०६ रहेको छ । प्रतिशतका हिसाबले यो ७३ प्रतिशत हो । महिला कर्मचारीको संख्या २३ हजार ५३८ अर्थात् २७ प्रतिशत रहेको छ ।

महिलाको प्रतिनिधित्व कम हुनुको कारण खोजी गर्ने सञ्चारमाध्यममा कार्यरत पत्रकार महिलाको संख्या पनि पुरुषको भन्दा कम छ । डब्लुडब्लुजेको तथ्यांक अनुसार देशभरका सञ्चारमाध्यममा २०० जना महिला पत्रकार सक्रिय छन् । रूपन्देही जिल्लामा ३१ जना महिला पत्रकार क्रियाशील छन् । सञ्चारमाध्यममा महिला पत्रकारको प्रवेश भने बढ्न थालेको छ । नेपाल पत्रकार महासंघमा १३ हजार ७७ जना पत्रकार सदस्यमध्ये पुरुष पत्रकारको संख्या १० हजार ६६९ छ भने महिला पत्रकारको संख्या २ हजार ४०८ रहेको छ ।

प्रदेशमा पुरुष पत्रकारको संख्या हजार पुग्दा महिला पत्रकारको संख्या भने सयमै छ । प्रदेश नम्बर १ मा १ हजार ६१२ पत्रकारमध्ये पुरुष पत्रकार १ हजार २७१ जना छन् भने महिला पत्रकार ३४१ जना छन् । मधेश प्रदेशमा ७९९ पत्रकारमध्ये ६९२ पुरुष पत्रकार हुँदा महिला पत्रकार १०७ जना छन् ।

बागमती प्रदेशमा १ हजार ३०१ जना पत्रकारमध्ये पुरुष ९९३ र महिला ३०८, गण्डकी प्रदेशमा १ हजार १३ पत्रकारमध्ये पुरुष ८३१ र महिला १८२, लुम्बिनीमा १ हजार ८०६ जना पत्रकारमध्ये पुरुष १ हजार ४६२ र महिला ३४४ जना छन् ।

कर्णालीमा ७२८ जना पुरुष पत्रकार र १३१ जना महिला पत्रकार छन् । सुदूरपश्चिम प्रदेशमा पुरुष १ हजार ४९ र महिला पत्रकार १६३ जना छन् ।

## चुनौती

हरेक पेशा वा व्यवसायमा जस्तै पत्रकारिता पेशामा पनि चुनौती छन् । चुनौतीबीच सफल भएका महिला, पुरुष र अन्य लैंगिक पहिचान भएका व्यक्तिको कमी पनि छैन ।

गुल्मीको रेडियो रेसुङ्गामा कार्यरत अनिता खत्रीलाई विगत १६ वर्षदेखिको पत्रकारिताले स्टेशन म्यानेजर बनाएको छ । रेडियो स्थापनादेखि नै कार्यरत खत्रीलाई रेडियोको स्टेशन म्यानेजरको भूमिकामा पुऱ्याएको छ ।

सक्षम महिला पत्रकार स्टेशनम्यानेजरसम्म बन्न सक्छन् भन्ने उदाहरण बन्न सफल अनिताको नजरमा

क्षमता हुनेलाई अवसरको कमी छैन । नेपाली पत्रकारिताको विगत उत्साहप्रद हुन सकेन । शासन व्यवस्था परिवर्तनका क्रममा विकास हुँदै आएको नेपाली पत्रकारितामा महिला पत्रकारको संख्या कम हुनुलाई अस्वभाविक मान्न पनि सकिदैन । देशको जनसंख्या हेर्दा भने सञ्चारकर्ममा लागेका पत्रकारको संख्या कम देखिएको हो ।

देशका राष्ट्रिय दैनिक पत्रिकामा दुई दशकदेखि आबद्ध भएर पत्रकारिता गरिरहेका महिला पत्रकारको संख्या उल्लेख्य नभए पनि उदाहरणीय भने बनेका छन् । पत्रकार रेखा भुषाल विगत १९ वर्षदेखि बुटवललाई कार्यक्षेत्र बनाएर राष्ट्रिय नागरिक दैनिक पत्रिकामा कार्यरत छिन् ।

'मैले पत्रकारिता सुरुवात गर्दा महिला पत्रकार कम हुनुहुन्थ्यो । त्यसमा पनि कतिपय पत्रकारिताको क्षेत्रमा हौसिएर काम गर्छु भन्नेहरू पनि टिक्न सक्नु भएन', उनले भनिन्, 'किनकि सञ्चारमाध्यममा रातिसम्म काम गर्नुपर्ने अवस्था, समाजले हेर्ने दृष्टिकोणमा परिवर्तन हुन नसक्नु, महिला पत्रकारमाथि विश्वासको कमी जस्ता यावत् कुराले गर्दा महिला पत्रकार टिक्न सकेनन् ।'

पत्रकारितालाई विधागत रूपमा पनि हेर्ने गरिन्छ । रेडियो, टेलिभिजन, पत्रपत्रिका, अनलाइन सञ्चारमाध्यममध्ये कतिपय सञ्चारमाध्यम महिलाले नै सञ्चालन गरेका छन् । पत्रकार दीपु पोखेलले रेडियो मुक्तिबाट पत्रकारिता सुरु गरेकी हुन् ।

विगत १५ वर्षदेखि क्रियाशील उनी अहिले रेडियो सञ्चालक समितिकी अध्यक्ष छिन् । महिलाहरूबाट मात्रै सञ्चालित रेडियोले के गर्ला ? भन्ने प्रश्न भुल्न सक्दिनन् उनी ।

महिलाहरूले मात्र सञ्चालन गरेको एसियाकै पहिलो रेडियो मुक्तिले महिला पत्रकारहरूलाई टिकाइराख्न महत्वपूर्ण भूमिका खेलेको दाबी गर्दै आएको छ । रेडियोबाट पत्रकारिता सुरु गर्ने दीपु पोखेल एक्ली महिला पत्रकार भने होइनन् ।

गुल्मीको स्थानीय रेडियो रेसुङ्गाबाट पत्रकारिता सुरु गरेकी गगनशीला खड्का गुल्मीलाई नै कार्यक्षेत्र बनाएर कान्तिपुर दैनिकमा कार्यरत छिन् । महिला पत्रकारलाई भूमिकाविहीन बनाउने सञ्चारसंस्थामा समेत काम गरेको अनुभव छ खड्कासँग ।

पत्रकारहरूका संघ संगठनहरूमा नेतृत्व तहमा पत्रकार महिलाको सहभागिता हुन नदिएको गुनासो छ उनीसँग । ठूला सञ्चारगृहमा जिल्लाबाट संवाददाता राख्दा होस् वा डेस्कमा पत्रकार महिलालाई अवसर नदिनुले अवसरभन्दा चुनौती धेरै देखेको बताउँछिन् पत्रकार खड्का ।

पुरुष पत्रकारसँग समाचार संकलन गर्ने क्रममा आफन्तजन लगायत समाजले लगाउने लाञ्छना उनको स्मरणमा ताजै छ । प्रतिस्पर्धात्मक बन्दै गएको समाज र पत्रकारितामा महिला पत्रकार पनि उत्तिकै प्रतिस्पर्धी बन्नुपर्ने चुनौती छ । तैपनि पत्रकारिता पेशामै टिकिरहेका महिला पत्रकारहरूको नेपाली सञ्चार क्षेत्रमा महत्वपूर्ण योगदान छ ।

३

# न्यायिक निकायको विश्वसनीयताका शंका

✍ प्रकाश तिम्सिना

**घटना १ :**

सुनसरीको इटहरी २० तरहराका ३३ वर्षीय गोपाल भनिने लालबहादुर विश्वकर्मा यति वेला जिल्ला कारागार कार्यालय झुम्कामा जेल जीवन बिताइरहेका छन् ।

२०७४ सालमा सुनका गरगहना पसल सञ्चालक दीपक गजमेर उनका बुवा, कृष्ण गजमेर र उनकी दिदी सीता गजमेरसँगै ज्यालामा काम गर्दै आएका गोल भनिने लालबहादुर विश्वकर्मा पक्राउ परे । त्यस वेला ३० दिन हिरासतमा बसेर २ लाख धरौटीमा रिहा भएका लालबहादुरलाई २०७८ पुस २१ गते सुनसरी जिल्ला अदालतको फैसलाले कारागारको वास बनाएको छ ।

न्यायाधीश निर्मला योङ्याको फैसलामा लालबहादुरलाई एक वर्ष ६ महिना कैद र तीन करोड १४ लाख ११ हजार रुपैयाँ जरिवाना तोकियो । साहुले गरेको कर्तुतको सजाय स्वरूप लालबहादुरलाई सजायसहित जरिवाना तोकियो ।

कुल १८ करोड ८४ लाख ६६ हजार ८८९ रुपैयाँ रकम तिनुपर्ने देखिएसँगै अदालतले पाँचजनाको नाममा दामासाही जरिवाना तोक्यो । प्रतिवादी सबै बराबर दोषी नदेखिए पनि दामासाही हिसाबमा सजाय तथा जरिवाना तोकिएपछि लालबहादुरको परिवार विक्षिप्त बनेको छ ।

अति विपन्न परिवारका विश्वकर्माको ६ धुर जग्गामा घर छ । उनको घर पुग्ने न गतिलो बाटो छ न त खानका लागि अन्नपात नै छ । दैनिक ज्यालादारीमा काम गरेर गुजारा चलाउने उनको परिवारलाई कहिले देख्दै नदेखेको त्यति धेरै रकम सहित फैसला आउँदा भोक न प्यास भएको छ । विश्वकर्मा दोषी हुन् भन्ने उजुरीकर्ताले अदालतसमक्ष बयान दिएका पनि छैनन् र मुख्य योजनाकार दीपक गजमेरले गोपाल दोषी हुन् भनेर पनि बयान दिएका छैनन् । जिल्ला अदालतका न्यायाधीश निर्मला योङ्याले गरेको फैसलाले एक निर्दोष व्यक्ति दोषी करार गरिदिएको छ । सोही सम्बन्धमा गत २०७९ असारमा ग्यालेक्सी फोके टेलिभिजनले अदालतबाट दोषी ठहरिएका गोपालका बारेमा २९५ जनाले गरेको बकपत्र सहित प्रसारण गरेको थियो । सञ्चारमाध्यममा प्रसारण भएकै कारण अहिले यो मुद्दा उच्च अदालतमा पुगेको छ । जिल्ला अदालतको फैसलाविरुद्ध उच्च अदालतमा पुगेको मुद्दा केही दिनमा पेसी चढ्दै छ । अदालतले गलत फैसला भएको भन्दै देशका विभिन्न ठाउँमा सडक आन्दोलन समेत भएको छ । सम्बन्धित क्षेत्रका अधिवक्ताले समेत गोपालमाथि न्यायालयले गल्ती गरेको भन्दै न्यायालयप्रति विश्वास गुम्ने आशंका व्यक्त गरिरहेका छन् ।

**घटना २**

२०७८ साल जेठ २० गते साँझ ७:३५ मा मोरङको विराटनगरमा निजी कारले पैदल यात्रीलाई ठक्कर दियो । ठक्करबाट उद्योगमा काम गर्ने मुकेश दास र राजकुमार सिंह गम्भीर घाइते भए । उपचारका क्रममा दासको मृत्यु भयो भने सिंह लामो समयको उपचारपछि निको भए । सवारीचालक तत्कालीन प्रदेशसभा सदस्य बिन्दिया कार्कीका छोरा रबिन कार्की थिए । कार्कीले स्थानीय क्याफेमा मादक पदार्थ सेवन गरी सवारी चलाएका थिए । घटना भएको ३ दिनपछि फरार रहेका कार्कीले प्रहरीसमक्ष आत्मसर्मपण गरे । त्यसवेला मादक पदार्थ खाएको प्रमाण जुटाउन प्रहरीले सकेन । सवारी ज्यानसम्बन्धी मुद्दा पर्‍यो ।

सरकारी वकिल कार्यालयले दुर्घटनाका वेला मापसे गरेका कारण दुर्घटना भएकाले त्यसलाई लापरबाहीको

संज्ञा दिएको थियो । मुद्दा दायर भएको भोलिपल्टै अर्थात् असार १६ गते जिल्ला अदालतमा थुनछेक बहस भयो । जिल्ला अदालतले कार्कीलाई पुर्पक्षका लागि कारागार चलान गर्ने आदेश दियो ।

पुर्पक्षका लागि कार्कीलाई थुनामा पठाएपछि मोरङ जिल्ला अदालतमा भदौ २० देखि पुनः बहस सुरु भयो । बहसका क्रममा कार्कीका पक्षबाट दुर्घटना मापसेले नभई टायर पड्किएर भन्ने दाबी थियो । वरिष्ठ अधिवक्ता सुरेशलाल श्रेष्ठ र अधिवक्ताद्वय भरतबहादुर थापा र हरिबहादुर श्रेष्ठले टायर पड्किँदा दुर्घटना भएको साबित गर्न खोजे ।

तर जिल्ला अदालतले टायर पड्किएर दुर्घटना भएको दाबी इन्कार गऱ्यो । कार्कीलाई थुनामा पठाएको तीन महिनापछि १३ असोजमा जिल्ला अदालत मोरङले कार्कीले कसुर गरेको ठहर गऱ्यो तर सजाय भने निर्धारण गरेको थिएन । कार्कीलाई दोषी भनेको करिब एक हप्तापछि १९ असोजमा जिल्ला न्यायाधीश सुदर्शन लामिछानेले ३ वर्ष कैद र ३५ हजार जरिवानाको सजाय सुनाए । मोरङ जिल्ला अदालतले कार्कीप्रति लचिलो न्यूनतम सजाय मात्र निर्धारण गरेको थियो तर कार्की पक्षले जिल्ला अदालतको फैसलामा चित्त बुझाएनन् ।

कार्की पक्ष २२ कार्तिक २०७८ मा जिल्ला अदालतको फैसलाविरुद्ध विराटनगर उच्च अदालत पुग्यो ।

मानवीय त्रुटि नभई प्राविधिक गडबडीका कारण दुर्घटना भएको पुष्टि गर्न सके सवारी ऐनको दफा १६१ उपदफा ३ प्रयोग गर्नुपर्छ । अर्थात् कुनै लापरबाही नभई नै सवारी चलाउँदा ज्यान गएमा अधिकतम १ वर्ष सजाय हुने प्रावधान उपदफा ३ मा छ ।

जिल्ला अदालतले मादक पदार्थ सेवन गरेर दुर्घटना गराएको विषयलाई उच्च अदालतले भने टायर पड्किएर दुर्घटना भएको देख्यो । बकपत्रमा साक्षीले समेत मादक पदार्थ सेवन गरेर दुर्घटना भएको तथ्यलाई इन्कार गरे । उच्च अदालतका न्यायाधीशद्वय कृष्णकमल अधिकारी र जगतनारायण प्रधानको इजलासले टायर पड्किएर दुर्घटना भएको भन्दै जिल्ला अदालतको फैसलालाई आंशिक रूपमा उल्ट्याए ।

टायर पड्किएर दुर्घटना भएको प्रमाणित गर्दै उच्च अदालतको फैसलामा लेखियो, 'प्रतिवादीले आफ्नै साइडमा गाडी चलाउँदाको अवस्थामा अपर्झट टायर पड्किएर दुर्घटना भएको तथ्य स्थापित भएको छ ।'

जिल्ला अदालतले तीन वर्ष कैद हुने फैसला गरेको तीन महिनापछि २० पुस २०७८ मा उच्च अदालतले भने कार्कीलाई ६ महिना १५ दिन कैद र २ हजार रुपैयाँ जरिवाना हुने फैसला गऱ्यो ।

उक्त तथ्य नेपालखबरका प्रदेश १ प्रतिनिधि कृष्ण बहाबले उच्च अदालतको फैसलाले पीडित पक्ष झन् पीडित भएको भन्दै कार्कीको विषयमा खोजी गरेका थिए । बहाबले पीडक कार्कीले दुर्घटना हुँदा सवारीचालक अनुमतिपत्र नभएको तथ्य पत्ता लगाए । कार्कीले अदालतमा पनि आफूले कोशी अञ्चलबाट लाइसेन्स बनाएको बयान दिएका थिए । उक्त लाइसेन्स पेस गर्न नसक्दा दोस्रो बयानमा उनले ललितपुरबाट लाइसेन्स निकालेको बयान दिएका थिए तर उनले भनेको दुवै बयान तथ्यमा थिएन । उनी कारागारमा भएकै वेला नक्कली लाइसेन्स बनाएका थिए । पछि उक्त तथ्य पत्ता लागेपछि अहिले उक्त मुद्दा सर्वोच्च अदालतमा विचाराधीन छ ।

## घटना नम्बर ३

बाराको परवानीपुर गाउँपालिका- १ का उमाशंकर रायभर ठगको फन्दामा परेर जेल पुगे । जागिरको आशमा नागरिकताको फोटोकपी बुझाएर सहीछाप गरिदिएका उमाशंकर रायभरविरुद्ध राजस्व चुहावट गरेको भन्दै २७ करोड ९० लाख ५१ हजार ५५२ रुपैयाँ बिगो दाबीसहित मुद्दा पऱ्यो । आफ्नै नजिकका व्यक्तिबाट ठगीमा परेका उनीविरुद्ध मुद्दा परेको थियो ।

त्यति वेला १६ वर्षका रायभर अति विपन्न परिवारमा जन्मिएकै कारण ५ कक्षाभन्दा माथि पढ्न सकेका

थिएनन् । घरको आर्थिक अवस्था सुधार्न २०७० सालमा काठमाडौं आए । मोटरसाइकल ग्यारेजमा काम गर्दै गरेका उनीसँग छिमेकी उमाशंकर सहनीले नागरिकता मागे । कागजमा सही गराए । सहनीले उमाशंकरलाई भ्कुक्याएर दुईवटा कम्पनीको सञ्चालक बनाएका थिए । उक्त कम्पनीले कर छलेको तथ्य बाहिर आयो । २०७७ फागुन दोस्रो साता पाटन उच्च अदालतको एउटा पत्र उनको घरमा पुग्यो । पत्रमा लेखिएको थियो, 'राजस्व अनुसन्धान विभागको विस्तृत अनुसन्धान प्रतिवेदनले वादी नेपाल सरकारविरुद्ध अभियुक्त/प्रतिवादी तपाईं समेत भएको राजस्व चुहावट मुद्दामा तपाईं समेतका उपर अभियोगपत्र दर्ता भएकाले यो म्याद तामेल भएको १५ दिनभित्र प्रमाण भए सो समेत लिएर तपाईं आफैं यस अदालतमा हाजिर हुन आउनुहोला । अन्यथा मुद्दा कानुनबमोजिम हुनेछ, पछि तपाईंको उजुर लाग्नेछैन ।' २०७० सालमा काठमाडौंमा काम गर्दै आएका रायभर २०७७ सालमा झापाको मोटरसाइकल ग्यारेजमा काम गर्थे ।

उच्च अदालतको पत्र पाएपछि उमाशंकरलाई उनका दाइ सन्तोषले झापाबाट झिकाए । उमाशंकर ऋण खोजेर काठमाडौं आए । उच्च अदालत पाटन पुगेपछि थाहा भयो, राजस्व अनुसन्धान विभागले उनका नाममा काठमाडौंमा दर्ता भएका ब्लु क्रस ट्रेडर्स र जेन सप्लायर्स प्रालिबाट जालसाजी तथा झूटा कर बिजक जारी गरेर नक्कली कारोबार देखाई राजस्व चुहावटमा प्रत्यक्ष संलग्न भएको भन्दै मुद्दा दर्ता गरेको रहेछ ।

१० जना मुख्य अभियुक्त र सातजना मतियारलाई विभागले झूटा, जालसाजी तथा नक्कली कर बिजक जारी गरेको र मूल्य अभिवृद्धि कर, आयकर र लाभांश करबापत एक अर्बभन्दा बढी छली गरेको अभियोग मुद्दा लगाएको थियो ।

त्यसमध्ये रायभरलाई ब्लु क्रस ट्रेडर्समार्फत १५ करोड ८७ लाख ७ हजार ९१३ र जेन सप्लायर्समार्फत १२ करोड ३ लाख ४३ हजार ७३९ रुपैयाँ छलेको अभियोग लगाइएको थियो । दुवै कम्पनीबाट गरी छलेको भनिएको २७ करोड ९० लाख ५१ हजार ५५२ रुपैयाँ जरिवाना र मुद्दाको फैसला हुने समयसम्मको थप जरिवाना रकम उनीबाट असुल्नुपर्ने विभागको माग दाबी थियो । साथै राजस्व अनुसन्धान विभागले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन २०५२ बमोजिम पाँच वर्षसम्म कैद गर्न पनि माग गरेको थियो ।

न्यायाधीशद्वय अच्युत विष्ट र दीपेन्द्रबहादुर बमको इजलासले उनीबाट ७५ लाख नगद धरौटी वा सो बराबरको जेथा जमानत वा बैंक जमानत लिई तारिखमा राख्नू भन्ने आदेश गरेको थियो । २०७८ साल कात्तिकमा कान्तिपुरमा कार्यरत पत्रकार तुफान न्यौपानेले उक्त विषयबारे खोज अनुसन्धान गरे । रायभरको घरको अवस्था बुझ्न उनी गाउँ आए । सञ्चारमाध्यमले न्यायिक भूमिकामाथि प्रश्न उठाउन थालेपछि उक्त घटनाले फरक रूप लिएको थियो ।

७५ लाख धरौटी बुझाउन नसकेर उमाशंकर नख्खु कारागारमा थिए । उनले आफू अन्यायमा परेको भन्दै सर्वोच्चमा समेत निवेदन दिएका थिए । सर्वोच्च अदालतका न्यायाधीशहरू टंकबहादुर मोक्तान र सुष्मालता माथेमाले धरौटी रकम ७५ लाखबाट १० लाखमा झारिदिएका थिए । उनले त्यति रकम समेत बुझाउन सकेनन् । सर्वोच्च अदालतले माघ १७ गते धरौटी रकम २५ हजार रुपैयाँमा झारिदिएपछि उनी थुनामुक्त भएका थिए ।

यी त केही उदाहरण मात्रै हुन् । न्यायिक निकायले गर्ने काम र भूमिकामाथि वेला वेला प्रश्न खडा हुने गरेका छन् । पत्रकार महासंघका पूर्व अध्यक्ष तथा राष्ट्रिय समाचार समितिका महाप्रबन्धक धर्मेन्द्र झा न्यायिक निकायले गरेको त्रुटि खोजी गरी सञ्चारमाध्यममा आउनु सञ्चार क्षेत्रको सकारात्मक पक्ष भएको बताउँछन् । उनले न्यायिक भूमिकामा रहेका जुनसुकै क्षेत्रमा पनि मानवीय त्रुटि हुने तर कुनै त्रुटि गरेकै कारण मान्छे अन्यायमा पर्छ भने त्यसतर्फ मिडियाको भूमिका उल्लेखनीय हुने झा बताउँछन् । न्यायालयमा एउटै भनाइ लागु हुँदैन, अन्यायमा परेका व्यक्तिलाई न्याय दिने ठाउँ नै न्यायालय हो । झा भन्छन्, 'यदि सर्वमान्य छैन, व्यक्ति अन्यायमा परेको ठहर्छ भने मिडियाले झकझक्याउने काम गर्नु पर्छ, तथ्य लुकाउनु हुँदैन ।'

कानुनव्यवसायी राधिका खतिवडा न्यायलयले गरेको कामप्रति धेरै घटनामा सञ्चारमाध्यमका कारण पीडितले न्याय पाएको बताउँछिन् । कुनै मुद्दामा न्यायाधीशले कागजी प्रमाणलाई आधार मानेर फैसला गर्ने तर उक्त व्यक्तिको आर्थिक, सामाजिक अवस्था कस्तो भन्ने हेक्का नराखी फैसला गरेका कारण धेरै पीडित थप पीडित बन्ने गरेको उनको भनाइ छ । यस्ता केसमा मिडियाको भूमिका महत्वपूर्ण हुन्छ, जसले पीडितलाई धेरै राहत मिलेको खतिवडाको भनाइ छ । उनले फैसला गर्नुपूर्व कागजी मात्र नभई व्यावहारिक पाटोलाई पनि सँगै राखेर हेर्नुपर्ने बताइन् ।

——◆——

४

# पत्रकारितामा महिला : चुनौतीसँगै अवसर

✍ तपेन्द्र रोका मगर

दाङ । महिला मुक्तिका लागि आवाज बुलन्द बनाउने महिला पत्रकारहरू अझै पनि आफ्नै पेशामा भने चुनौतीका चाङमा बसेर संघर्षरत छन् ।

पत्रकार बसुन्धारा गौतमलाई एकल महिला, हिंसा पीडित महिलाका पक्षमा भएको आन्दोलनका बारेमा लेखेबोलेको आज पनि ताजै लाग्छ । २०६४ । ०६५ मा भएको त्यो आन्दोलन सफल बनाउन गौतम पत्रकारिताका माध्यमबाट सक्रिय भइन् । उनले एकल महिला भइसकेपछि समाजले कसरी हेर्छ भन्ने कुरा उनले नजिकबाट देखेकी थिइन् र उनीहरूको न्यायका लागि आफ्नै मुद्दा सरह आन्दोलन सफल बनाउन लागिन् ।

आन्दोलनरत महिलाहरू पुरुष पत्रकारभन्दा महिला पत्रकारसँग आफ्नो कुरा भन्न सक्थे । 'म महिला हुँ । मेरो रोगका बारेमा महिला डाक्टरलाई जति सजिलोसँग भन्न सक्छु, पुरुष डाक्टरसँग त भन्न सक्दिनँ', उनले विगतको आन्दोलन सम्झँदै भनिन्, 'आन्दोलनका वेला पनि महिलाहरूले महिला पत्रकारसँग आफ्नो समस्या भन्नु र पुरुष पत्रकारसँग भन्नु त फरक पर्थ्यो नि ।'

२०५८ सालदेखि पत्रकारिता सुरु गरेकी गौतमले महिलाका पक्षमा भएका थुपै आन्दोलनलाई सञ्चारमाध्यमबाट उठाइन् । राज्यलाई दबाव सिर्जना गर्न उनले उठाएका विषयहरूले सहयोग पुगेको उनको आफ्नै अनुभव छ ।

तत्कालीन महेन्द्र अस्पताल (हाल राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान)मा अँध्यारोमा महिला सुत्केरी हुने विषयलाई उनले स्थानीय रूपमा मात्र होइन, अन्तर्राष्ट्रिय सञ्चारमाध्यम बीबीसीसम्म उठाइन् ।

जसले गर्दा विदेशमा बस्ने नेपालीले अस्पतालमा सोलारको व्यवस्था गरे र अँध्यारोमा सुत्केरी गराउनुपर्ने बाध्यता हट्यो । 'सुत्केरी हुनु पीडा मात्र होइन, जोखिम कति छ भन्ने पुरुष पत्रकारभन्दा मैले बुझेकी र भोगेकी छु', गौतमले भनिन्, 'त्यसले गर्दा पनि अस्पतालमा बत्ती अभावको कुरा प्राथमिकताका साथ उठाएँ । जसले अँध्यारोमा सुत्केरी गराउँदा हुने जोखिम कम भयो ।'

अहिले गौतमलाई लाग्छ, सायद महिला पत्रकार नभएका भए यी मुद्दा सञ्चारमाध्यममा नआउन पनि सक्थे । आएका भए पनि प्राथमिकताका साथ नउठ्न सक्थे । महिलाका समस्याबारे महिलाले बुझेको हुँदा यी मुद्दालाई प्राथमिकताका साथ उठान सकेको गौतम बताउँछिन् ।

गौतम घरको जिम्मेवारी, समाजको अपहेलित व्यवहार सहँदै न्यून पारिश्रमिकमा पत्रकारितामा लागिरहिन् ।

आफूले पत्रकारिता गरेको दुई दशकबीच उनलाई समाजको गति बदलिएको लागेको छ ।

पत्रकार गौतम देशमा भएका ठूला आन्दोलनसँगै महिलाहरू पत्रकारितामा आउने वातावरण भए पनि यस क्षेत्रमा ठूलै संघर्ष गर्नुपर्ने बाध्यता रहेको बताउँछिन् । अझै पनि महिलालाई पत्रकारिता क्षेत्रमै दोस्रो दर्जाका रूपमा हेरिने, सीप अनुसारको जिम्मेवारी सञ्चारमाध्यमले नदिने, न्यून पारिश्रमिकमा काम गर्नुपर्ने लगायत बाध्यता रहेको उनले सुनाइन् ।

जसका कारण पुरुष पत्रकारका तुलनामा महिला पत्रकार निकै कम रहेको उनको बुझाइ छ । नेपाल पत्रकार महासंघ दाङमा २७३ जना पत्रकारमा महिला पत्रकार ६३ जना छन् । जुन कुल पत्रकारहरूको संख्यामा महिला पत्रकार करिब २३ प्रतिशत मात्र हो । महिलाहरू पत्रकारितामा अझै पुरुषसरह आउन सकेका छैनन् । आए पनि न्यून संख्यामा छन् ।

..........

सक्रिय पत्रकारितादेखि अलि टाढा भएकी रीता लामाले करिब दुई दशक पत्रकारिता गरिन् । विद्यालय स्तरदेखि भित्ते पत्रिका निकाल्दा पत्रकारितामा लोभिएकी लामाले २०६३ सालदेखि सक्रिय पत्रकारिता सुरु गरेकी थिइन् । राष्ट्रिय समाचार समितिमा समेत काम गरेकी उनी हाल पत्रकारिता छाडेर एक परियोजनामा आबद्ध छिन् ।

पत्रकारितादेखि टाढा हुनुको कारण बताउँदै उनले भनिन्, 'जिम्मेवारी बढ्दै जाँदा सक्रिय पत्रकारिता गर्न नसकिने रहेछ ।' दोस्रो, तेस्रो जिम्मेवारी लिएर पत्रकारिता गर्दा पनि भनेअनुसार पारिश्रमिक नहुँदा केही समयलाई अलि टाढा भएको उनले बताइन् । 'घरको चुलोदेखि अफिससम्मको जिम्मेवारी हामीलाई छँदै छ । पत्रकारितामा फेरि निश्चित समय भन्ने छैन', उनले भनिन्, 'सधैँ दौडधुप हुन्छ । अपडेट भइरहनुपर्छ । दोस्रो, तेस्रो जिम्मेवारीले अहिले पत्रकारितादेखि अलि टाढा हुनु परेको छ ।'

लामा यस्ती पत्रकार हुन, जसले छोरी सानी हुँदा पनि पिठिउँमा छोरी र गलामा क्यामेरा बोकेर रिपोर्टिङ गरिन् । उनलाई न कार्यालयले बिदा बस भन्यो, न घर परिवारमा नै त्यो वातावरण भयो । जसले गर्दा छोरीका साथमै उनले समाचार लेखिन् । समाजलाई झकझकाइन् तर वातावरण अनुकूल नहुँदा पत्रकारिता छाड्नु परेको उनले बताइन् । 'आफूमात्र बाँच्नु छैन, बिहेपछि छोराछोरी हुन्छन् । जिम्मेवारी थपिन्छ । घरको जिम्मेवारी अझै पुरुषले लिने भन्ने छैन', उनले भनिन्, 'अफिसमा कामको कुनै निश्चित समय नहुने, त्यसमा पनि न्यून पारिश्रमिकले समस्या भएपछि पत्रकारिता गर्न नसकिने रहेछ ।'

पुरुष पत्रकार र महिला पत्रकारकारबीच अहिले पनि विभेद रहेको लामा बताउँछिन् । उनले महिला पत्रकारलाई मिडियाहरूले पनि स्थान दिन नचाहने प्रवृत्ति रहेको उनले जिकिर गरिन् । 'महिला पत्रकारको जति क्षमता भए पनि स्थान दिइँदैन । सामान्य रिपोर्टर नै बनाइन्छ', लामाले भनिन्, 'महिलाले केही गर्न सक्दैनन् भन्ने विभेदकारी सोच अझै छ ।'

उनले पत्रकारिता पूरै छाड्न नसकिने बताइन् । 'पत्रकारितादेखि केही समयलाई अलि टाढा भएकी हुँ । पूरै छाड्न सकिन्न', 'उनले भनिन्, 'अब छिटै सक्रिय पत्रकारिता गर्छु ।' फेरि किन फर्किने भन्ने प्रश्नमा लामाले दशकौँदेखि पत्रकारितामा समय बिताएको भन्दै जानेको, बुझेको र अझै समाजमा रहेको बेथितिका विरुद्धमा बोल्न फर्किने तर्क गरिन् ।

लामा र बसुन्धारा मात्र होइन, आधा दशकदेखि पत्रकारितामा रहेकी रमा नेपाली पनि पत्रकारितामा महिलालाई अझै पनि स्थान नदिने प्रवृत्ति रहेको बताउँछिन् । समाजमा महिला पत्रकारलाई पत्याइहाल्ने अवस्था नभएको उनको बुझाइ छ । नेपालीले आफ्नो पेशाबाट आफू खुशी रहेको तर समाजकै दिग्गज व्यक्तिहरू महिला यस्तै हुन् भन्ने भ्रममा रहेको बताउँछिन् ।

महिलालाई पत्रकारितामा कठिन हुने गरेको उनको बुझाइ छ । 'अन्य पेशाजस्तो कुनै निश्चित समयमा मात्र काम गर्ने भन्ने पत्रकारितामा हुँदैन । कहिले साँझ, कहिले बिहान पनि डिउटी हुन्छ', उनले भनिन्, 'जतिवेला पनि घरबाट निस्किएपछि महिलामाथि प्रहार हुने गर्छ ।' महिलालाई अझै दोस्रो दर्जाका रूपमा हेरेर सोधिखोजी गर्ने सामाजिक प्रवृत्ति रहेको उनले बताइन् ।

## विभेदविरुद्धको लडाइँ जारी छ : उपाध्यक्ष आचार्य

नेपाल पत्रकार महासंघ लुम्बिनी प्रदेशकी उपाध्यक्ष चुमा आचार्य पत्रकारितामा विभेद रहेको बताउँछिन् । यसै विभेदबीचमा मिडियासँग महिला पत्रकारको लडाइँ जारी रहेको उनले बताइन् । 'अहिले पनि सक्षम महिलाहरूलाई मिडियाले नै प्रमुख तहमा जिम्मेवारी दिन सकिरहेका छैनन् । एउटा रिपोर्टर, वाचनका जिम्मेवारीमा सीमित गरिएको छ', उपाध्यक्ष आचार्यले भनिन्, 'अनि हामीले उठाएका विषयले प्राथमिकता पाउँदैनन् । पाए पनि कतै बीचमा थोरैमात्र पाउँछन् । त्यसैले अझै मिडियासँगै हाम्रो लडाइँ छ ।'

मिडियामा हुने विभेदसँगै घरको जिम्मेवारीले महिलाहरू पत्रकारितामा निरन्तर रूपमा लाग्न नसकेको उनको भनाइ छ । आचार्य पत्रकारिता अहिले आफैँमा सक्षम नभएकाले पनि पत्रकारिता पेसा नै चुनौतीका रूपमा देखा परेको बताउँछिन् । 'ठूला मिडिया बाहेक जिल्ला तहका साना मिडिया आफैँ सक्षम छैनन्', उनले भनिन्, 'मिडिया सक्षम नभएपछि पत्रकारिता पेसा नै चुनौतीका रूपमा रहेको छ । त्यसको असर महिला पत्रकारलाई अझ धेरै पर्छ ।'

दुई दशकदेखि पत्रकारितामा रहेकी आचार्यले सरकारले महिला पत्रकारलाई भनेर छुट्टै योजना ल्याउनुपर्ने बताइन । 'सरकारी तहबाट महिला पत्रकारका लागि योजनाहरू हुनुपर्छ', उनले भनिन्, 'महिला पत्रकारका लागि तालिम, फेलोशीप कार्यक्रमहरू भए नयाँ आउने पुस्ताका लागि सहज हुन्छ ।'

## चुनौतीसँगै अवसर

नेपाल पत्रकार महासंघ लुम्बिनी प्रदेशकी उपाध्यक्ष आचार्यले पत्रकारितामा चुनौतीबीच पनि अवसर रहेको बताइन् । समाजको बनोटले आजसम्म पनि महिलालाई गरिने व्यवहार, हेरिने नजर विभेदकारी रहँदै आएको बताउँदै उनले यसबीच पनि महिला पत्रकारहरूलाई अवसर रहेको बताइन् ।

आफ्नो विगत सम्झँदै दुई दशकअघिको जस्तो चुनौती अहिले नरहेको बताउँछिन् उनी । 'म त एकल महिला बाँच्नकै लागि पत्रकारिता गरेकी हुँ', आचार्यले भनिन्, 'यहि पेसाले अर्घाखाँचीबाट केही नलिएर आएकी मान्छे म आज बस्ने वास बनाएकी छु । छोराछोरी हुर्काएकी छु ।' उनले समाज परिवर्तन हुँदै गएको भन्दै यसमै थप संघर्ष गर्न जरुरी रहेको बताइन् ।

आचार्यलाई मात्र होइन, आधा दशकदेखि पत्रकारितामा रहेकी सुशीला ओली पनि पत्रकारितामा अवसर रहेको बताउँछिन् । रेडियो मध्यश्चिम घोराहीमा कार्यरत ओलीले पत्रकारिताका माध्यमबाट समाज सेवा गर्न सकिने बताउँदै अहिले अर्को पेसाका बारेमा नसोचेको बताइन् । घरपरिवारको सहयोग भएमा पत्रकारिता गर्न सहज हुने अनुभव सुनाउँदै उनले बिहेपछि पनि कुनै अप्ठेरो नरहेको बताइन् ।

पत्रकार रमा नेपाली पत्रकारितामा सम्भावना रहेको देख्छिन् । उनले महिला पत्रकारहरूले अरूले के भन्छ भन्दा पनि आफूले के गर्ने भनेर लाग्नुपर्ने बताइन् । 'महिला पत्रकारहरूले पनि आफ्नो क्षमता विकासमा लाग्नुपर्छ । आफूलाई कमजोर सोचेर बस्नु हुँदैन', उनले भनिन्, 'समाज परिवर्तन गर्न त आफूबाट सुरु गर्नुपर्छ ।'

५

# पत्रकारितामा महिलालाई अडिनै मुस्किल

✍ रोमा दाहाल (निशा)

'म बेलुका त चाँडै घर फर्किनै पर्छ, बच्चा सानो छ । दिउँसो मात्र हो अलि-अलि फिल्डमा हिँड्न पाउने । बच्चा ठूलो नभएसम्म बिहान र बेलुकाका कार्यक्रममा सहभागी हुनै मुस्किल हुने रहेछ', विराटनगरकी पत्रकार जुनु भट्टराईले भनिन् । इलामकी पत्रकार कोकिला ढकाललाई भने श्रीमान् पनि पत्रकार नै भएकाले केही सहज छ । बच्चा सानो भएका कारण त्यति धेरै बाहिर निस्कन नपाएको सुनाउने ढकाल नेपाल पत्रकार महासंघ इलामकी पूर्व अध्यक्ष समेत हुन् ।

प्रेस चौतारी मोरङकी उपाध्यक्ष चिना थापा विवाहपछि सक्रिय पत्रकारितामा फर्कन आफूलाई करिब चार वर्ष समय लागेको बताउँछिन् । सक्रिय पत्रकारिता गरेर भविष्य खोज्ने अधिकांश महिला पत्रकारको समस्या जुनु, कोकिला र चिनासँग मिल्दाजुल्दा नै छन् ।

महिला पत्रकारको अवस्थाबारे बीबीसी लण्डनकी कार्यक्रम उत्पादक सुजाने फ्रयांकले आफ्नो पुस्तक 'वुमन एण्ड जर्नालिज्म'मा लेखेकी छन्, 'महिला पत्रकार चाहे सम्पादकको तहमा होस् या संवाददाता, उसले पारिवारिक जिम्मेवारी लगायतका समाजका विविध जिम्मेवारी पूरा गर्नै पर्छ । अझ सञ्चारगृह संवेदनशील नभए उसको लागि पत्रकारिता अझै असहज र चुनौतीपूर्ण हुनेछ ।'

समाजले पत्रकारिताको कार्यगत प्रकृति नबुझिदिँदा झनै समस्या हुने गरेको सुनाउँछन् महिला पत्रकारहरू । परिवार र समाजले उठाउने प्रश्नले महिला पत्रकारहरूलाई व्यावसायिक बन्न कठिन रहेको मोरङकी अग्रज पत्रकार ललिता भट्टराईको बुझाइ छ । अलिक अबेरसम्मको काममा खटिनुपर्दा वा बिहान सबेरै कुनै कार्यक्रममा जानुपर्दा किन यति ढिलो ? र किन यति चाँडो ? भन्ने जस्ता प्रश्नले काममा सक्रिय हुन अवरोध गरेको अनुभव महिला पत्रकार सुनाउँछन् ।

रिपोर्टिङकै क्रममा पुग्दा कतिपयले गर्ने व्यवहार र सहकर्मी पुरुषसँग कतै हिँड्दा समाजले गरिदिने टिप्पणीले कार्यक्षेत्रमा खटिँदा पीडा थपिने गरेको सुनाउँछन् महिला पत्रकारहरू । पत्रकार कोकिला ढकालले रेडियो र टेलिभिजनमा केही महिला पत्रकार अडिए पनि छापामाध्यममा काम गर्नेको संख्या कम देखेकी छन् ।

## महिला पत्रकारको पत्रकारिता यात्रा

पत्रकारितामा महिलाको प्रवेश २००७ सालको क्रान्तिपछि मात्र देखापरेको पढ्न पाइन्छ । २००८ सालमा 'महिला' मासिक पत्रिका निस्केको पाइन्छ । जसलाई नेपालकै पहिलो महिला पत्रिकाको रूपमा चिनिन्छ । साधना प्रधान सम्पादक रहेको उक्त पत्रिका लामो समयसम्म भने प्रकाशन हुन सकेन ।

उक्त 'महिला' मासिकलाई नेपाली पत्रकारिताको इतिहासमा महिला पत्रकार उत्पादन गर्ने पत्रिकाको रूपमा चिनिन्छ । त्यसयता आरम्भ भएको महिला पत्रकारिताको इतिहासमा अपेक्षाकृत उपस्थिति नभए पनि क्रमशः बढ्दै गएको पाइन्छ । जसरी सञ्चारमाध्यमको विकास हुँदै गए, क्रमशः पत्रकारहरूको संख्या पनि बढ्दै गयो तर पुरुष पत्रकारहरूको तुलनामा महिला पत्रकारहरूको संख्या ज्यादै न्यून रहेको छ ।

अखबारबाट रेडियो, एफएम रेडियो र टेलिभिजनको पुस्तासम्म आइपुग्दा सञ्चार जगत्मा महिलाको संख्या बढेको छ । तर जति बढे पनि व्यावसायिक पत्रकारिता गर्दै यसलाई निरन्तरता दिनेहरूको संख्या न्यून छ ।

यद्यपि सञ्चारक्षेत्रमा लागेर आत्मसन्तुष्टि मात्र नभई पर्याप्त उपलब्धि समेत हासिल गरेको अनुभव फेवा साप्ताहिककी सम्पादक ललिता भट्टराईसँग छ । पत्रकारितामा तीन दशकभन्दा बढीको निरन्तरता दिँदा यो क्षेत्र आफ्नो लागि उपलिब्धमूलक रहेको उनले बताइन् । दर्जन बढी संघसंस्थाबाट सम्मान र पुरस्कार प्राप्त गरेकी भट्टराई प्रदेश सरकारबाट पनि सम्मानित हुनु कर्मको फलको रूपमा लिन्छिन् । देशका विभिन्न क्षेत्रको भ्रमण, नयाँ पुराना साथीहरूसँगको घुलमिल तथा विभिन्न तालिम र गोष्ठीको सहभागिताले बौद्धिकस्तर बढाउनेदेखि आफूलाई समयसापेक्ष रूपान्तरण गर्न पनि सम्भव भएको उनको तर्क छ । अझ निरन्तर फिल्डमा खटिएर समाचार लेखिरहँदा समाजका सबै तहका व्यक्तिहरूसँगको संगतले जीवन जीउन पनि ऊर्जा थपिने उनको बुझाइ छ ।

महिलाहरूद्धारा सञ्चालित सामुदायिक एफएम रेडियो 'रेडियो पूर्वाञ्चल'की बोर्ड अध्यक्ष तथा स्टेशन म्यानेजर कमला कँडेल पनि पत्रकारिताबाट प्रशस्तै उपलब्धि हासिल गर्न सकिने बताउँछिन् । सबैभन्दा बढी त उनमा खुसी यस अर्थमा छ कि एसियामै महिलाहरूले सञ्चालन गरेको पहिलो सामुदायिक रेडियो थियो पूर्वाञ्चल । तर अहिले नेपालमा मात्रै महिलाहरूले सञ्चालन गरेका रेडियो संख्या ८ पुगेको बताउँछिन् कँडेल । मोफसलमा रहेर सामुदायिक रेडियो सञ्चालन गरिरहँदा एउटा उदाहरण मात्र नभई धेरै महिला पत्रकार उत्पादन गर्ने र व्यावसायिक पत्रकार बनाउन सफल भएको दावी उनको छ । रेडियो पूर्वाञ्चलबाट पत्रकारिता आरम्भ गर्नेहरू अहिले विभिन्न राष्ट्रिय सञ्चारमाध्यममा क्रियाशील छन् । घरको काम सकेर व्यावसायिक पत्रकार बन्नसक्ने क्षमता महिलामा नै बढी हुने तर्क गर्दै उनले अवसर पाउँदा महिलाले सबै जिम्मेवारी पूरा गर्नसक्ने बताइन् । उनको बुझाइमा मात्र लगनशील र क्षमताको विकासमा केन्द्रित हुन आवश्यक छ ।

नेपाल पत्रकार महासंघको सदस्यता संख्यालाई नै आधार मान्ने हो भने पनि १८ दशमलव ४१ प्रतिशत मात्रै महिला पत्रकारको संख्या देखिन्छ । तथ्याङ्कअनुसार कुल १३ हजार ७७ जना पत्रकार महासंघका सदस्य हुँदा २ हजार ४०८ जना मात्र महिला पत्रकार रहेको पाइन्छ । पत्रकारितामा महिलाको संख्यालाई उल्लेख्य वृद्धि गर्नका लागि सम्बन्धित पक्षहरूले केही केही प्रयास गरेको देखिए पनि पत्रकारिता पेसामा लागिरहँदाका अनेकौं चुनौती, आय-आर्जन र भविष्यको सुनिश्चितता जस्ता विषयले प्रभाव पार्ने नै देखिन्छ ।

कुल जनसंख्याको आधाभन्दा बढी महिलाको संख्या रहेको हाम्रो जस्तो मुलुकका लागि महिला पत्रकारहरूको योगदान ठूलो रहन्छ । महिलाहरूका मुद्दा उठाउनेदेखि लिएर हकअधिकार स्थापित गर्ने र कुरीतिका विरुद्ध जति महिला पत्रकारको कलम तिखो र प्रभावकारी हुनसक्छ, त्यति पुरुष पत्रकारहरूको नहुन पनि सक्छ । पत्रकार चिना थापा भन्छिन्, 'महिलाहरूका कतिपय यस्ता विषय हुन्छन्, ती महिला पत्रकारहरूले मात्रै न्यायपूर्ण हिसाबले सम्प्रेषण गर्न सक्छन् । उनीहरूले पनि आफ्ना कुरा महिला पत्रकारहरूलाई नै भन्न रुचाउँछन् ।' समाजमा महिला पत्रकारहरूको योगदानका विषयमा जति पुरुष पत्रकारहरूको रहन्छ त्योभन्दा अधिक महिला पत्रकारहरूले पुऱ्याउन सक्ने दावी उनको छ । यस्तै अग्रज पत्रकार ललिता भट्टराईले पनि सञ्चार क्षेत्रमा क्रियाशील महिला पत्रकारहरूले अरूको सरह मात्र नभई त्यो भन्दा बढी योगदान गर्ने बताइन् ।

पत्रकारसँग सम्बद्ध अधिकारकर्मी संस्थाहरूले महिला पत्रकारहरूलाई गुणस्तरीय बनाउन ध्यान दिन आवश्यक छ । हुनत पत्रकारितामा विगतमा भन्दा महिलाहरूको समर्पण बढेको पनि छ । संसद् भवन होस् या मन्त्रिपरिषद्का निर्णय कुर्दै आधारातसम्म महिला पत्रकारहरू पनि फिल्डमै खटिएका दृश्यले अवस्था फेरिएको सबैलाई अनुभूति हुनुपर्ने विराटनगरका पत्रकार सुदीप कोइरालाको भनाइ छ । उनी भन्छन्, 'अवस्था धेरै फेरिएको छ, अवसरका ढोका प्रशस्त छन् । क्रियाशील पत्रकारहरूलाई जीविकोपार्जनलाई समस्या पर्दैन । अहिले पुरुष सरह महिला पत्रकारहरूको पनि अब्बल दर्जामा हुनुहुन्छ ।' उनको बुझाइमा पत्रकारिता प्रवेश गर्नेहरूको संख्या तुलनात्मक रूपमा कम भए पनि गुणात्मक दृष्टिले महिला पत्रकारहरू पनि अब्बल छन् । क्रमशः यस क्षेत्रमा महिलाहरूको उपस्थिति बढाउँदै लैजान र व्यावसायिक बनाउँदै लैजाने सके अपेक्षाकृत उपस्थिति हुने देखिन्छ ।

६

# न्यायमा खबरदारी

✍ नासिम अन्सारी

निलम्बित प्रधानन्यायाधीश चोलेन्द्र शमशेर राणाको विवाद सुरु भयो २०७७ कार्तिक ६ गतेबाट । राणाको पछिल्ला कार्यशैलीको आलोचना गर्दै कार्तिक ६ गते कानुन क्षेत्रका दुई सङ्गठनले विज्ञप्ति निकाले । उनी विवादमा तानिएको समाचार मिडियाले प्राथमिकताका साथ प्रसारण र प्रकाशन गरे । सोह्रबुँदे विज्ञप्तिमार्फत पूर्वन्यायाधीश फोरमले 'एकपछि अर्को विवादमा तानिएको भन्दै प्रधानन्यायाधीशले निकास दिनुपर्ने' माग उठाएको समाचारले प्राथमिकता पायो ।

नेपाल बार एसोसिएसनले पेसी तोक्ने स्वचालित वा गोलाप्रथा प्रणाली लागु गर्नुपर्ने प्रतिबद्धताका लागि १५ दिने समयसीमा तोक्दै त्यसो नभएमा बारले 'न्यायिक नेतृत्वलाई विश्वास गर्न सकिने अवस्था नरहने' जनायो ।

मिडियाको निरन्तरको खबरदारीकै कारण चोलेन्द्र निलम्बनकै अवस्थामा अवकाश भए । उमेर हदका कारण उनीविरुद्धको महाभियोग प्रस्ताव मुल्तबीमै रह्यो । उनको विवाद अघिल्लो संसद्ले टुंगो लगाउन सकेन । अहिलेको संसद्ले के गर्छ, टुंगो छैन ।

न्यायमूर्तिको रूपमा लिइने न्यायाधीशबाट गलत फैसलाको आशै गरिएको हुँदैन । मुद्दाको छिटो आदेश या फैसला हुने पनि कानुनी प्रक्रिया छ । बन्दीप्रत्यक्षीकरणको रिटमा तत्कालै सुनुवाइ हुने गरेको छ । दशैंतिहार छठ जस्ता महत्वपूर्ण पर्वका दिन समेत बन्दीप्रत्यक्षीकरणको मुद्दामा सुनुवाइ गर्न सर्वोच्च अदालत खुला हुने गरेको छ ।

न्यायिक निकायले गर्ने कतिपय फौजदारी तथा देवानी मुद्दामा हुने आदेश एवं फैसलामा सञ्चारक्षेत्रले नियमित रूपमा निगरानी गरिरहेका हुन्छन् ।

समाजको ऐनाका रूपमा रहेको सञ्चारक्षेत्रले न्यायिक निकायको खबरदारी र यसमा रहेको साकारात्मक पक्षको उजागर गर्ने कार्य समेत गर्दै आएको सुनसरी जिल्ला अदालतका न्यायाधीश अर्जुन अधिकारी बताउँछन् ।

सुनसरी जिल्ला आदलतमा मिडियाको प्रभावबाटै जबरजस्ती करणी (बलात्कार) शीर्षकमा २०७९ असार १४ गते सिद्धबाबा राम कृष्णाचार्य, श्री वैष्णवकृष्ण दास भन्ने कृष्णबहादुर गिरीको मुद्दा दर्ता भएर प्रक्रियामा रहेको छ ।

सर्वोच्च अदालतका प्रधानन्यायाधीश काण्ड होस् कि अन्य अदालतमा भइरहेको अनियमितता, भ्रष्टाचार, ढिलासुस्ती, मुद्दा कमजोर पार्ने खेलको पनि पत्रकार र सञ्चार क्षेत्रले कलम चलाएर पर्दाफास गर्दै आएको छ ।

न्यायिक निकायको प्रभावकारितामा सञ्चारक्षेत्रको भूमिका अहम् रहेको मानवअधिकार सञ्जाल सुनसरीका संयोजक एवम् सामाजिक अभियन्ता रमेश भट्टराई बताउँछन् । भट्टराईले न्यायिक क्षेत्र विश्वास र आस्थाको केन्द्र समेत रहेकाले त्यसमा सञ्चार क्षेत्रले पनि महत्वपूर्ण भूमिका निर्वाह गरेको बताए । 'सामाजिक विकासको कुरा होस् कि आर्थिक विकासका क्षेत्रमा होस्, त्यसरी न्यायिक निकायमा पनि सञ्चारक्षेत्रले भूमिका निर्वाह गरेको छ', उनले भने ।

नेपाल पत्रकार महासंघ सुनसरीका कोषाध्यक्ष अजितकुमार झाले दुहबी नगरपालिका-८ सोनापुरको बालविवाहको सवाल उठान गरेकाले प्रहरी हुँदै अदालतसम्म पुगेको र कारबाही पनि भएको बताए । झाले आफूले बालविवाह र त्यसछिको घटनामा नियमित कलम चलाएको अनुभव सुनाउँदै न्यायका लागि प्रत्यक्ष र परोक्ष रूपमा योगादन भएको दावी गरे ।

भूमिका कस्तो ?

नेपालको सन्दर्भमा कानुनलाई जनताले नजानेको भए पनि गल्ती गर्दा क्षम्य हुँदैन भन्ने सवाल र अन्यायमा परेको खण्डमा न्यायिक निकायको ढोकासम्म पुग्ने वातावरण बनाउने काम सरकारी निकाय वा न्यायिक निकाय आफैंले गर्नुपर्छ । तर त्यसो नभएको खण्डमा यसलाई प्रभावकारी बताउन सञ्चारक्षेत्रले सेवा, सुविधा, कानुनी प्रक्रिया, कानुनी उपचारका लागि लाग्ने शुल्क, पाउने सेवाको स्तर, विश्वसनीयता, नागरिकको पहुँच लगायतको सवालमा कलम चलाएर उजागर गर्न सकिन्छ । सुनसरीको गढी गाउँपालिका-२ की प्रीतिकुमारी पण्डित पतिले आफ्नो विवाह दर्ता, नागरिकता र बच्चाको जन्मदर्ता बनाउने विषयमा भौंतारिरहेकी थिइन् । स्थानीय दर्शन एफएमले यो विषयमा समाचार प्रसारण गरेपछि उनलाई कानुनी सहायता वैतनिक वकिलले गरे । उक्त रेडियोमा समाचारसँगै कस्तो कस्तो घटना वा अन्यायका कुरा कुन कुन निकायमा जाने हो ? , अर्धन्यायिकमा जाने खालको हो कि न्यायिक निकायमा जाने हो ? , कुन मुद्दामा कस्तो सजाय हुन्छ भन्ने बारेमा समाचार र सूचना प्रवाह गरेको सम्पादक जयकृष्ण यादव सुनाउँछन् । सोही समाचारको प्रभावबाट कस्तो मुद्दामा कस्तो सजाय हुन्छ ? , कुन निकायमा कसरी मुद्दा हाल्ने र कसरी फैसला वा फछ्र्यौट पुग्छ ? नागरिक सचेतनासँगै न्यायिक निकायको सकारात्मक कुराको प्रचारप्रसार र सुधार गर्नुपर्ने सवाल उठान गरेर पनि न्यायिक निकायको प्रभावकारितामा सञ्चारक्षेत्रले भूमिका निर्वाह गर्दै आएको यादवको कथन छ ।

जिल्ला अदालतमा समाचारका प्रभावले २३ पीडितले न्याय पाएको मेलमिलाप केन्द्रको तथ्यांक छ । अधिवक्ता बाबुराम भट्टराई समाचार र सञ्चारमाध्यमले उठान गरेका विषयमा न्यायालयले गम्भीरतापूर्वक लिएर छिटो छरितो फछ्र्यौट भएको अनुभव सुनाउँछन् ।

गाउँपालिका र नगरपालिकाको न्यायिक समितिमा नजिकै, सस्तो र दिगो समाधान हुने भन्दै स्थानीय पपुलर एफएममा समाचार प्रसारण भएपछि उजुरी गर्ने र मेलमिलापका माध्यमबाट मिलापत्र गर्नेहरूका लागि न्यायिक निरुपणमा सहयोग पुगेको नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य इकबाल अहमदको भनाइ छ । अहमद भन्छन्, 'सञ्चारक्षेत्रले उठान गरेको समाचारकै कारणले नेहा चौधरीको मुद्दा दर्ता भएको र सुनसरीमा पनि एक सरकारी कार्यालयमा कार्यरत महिला कर्मचारीको विषयमा माउन्टेन टेलिभिजनमा प्रसारण भएपछि पीडक युवा कार्वाहीको दायरामा आएर अहिले थुनामा छन् ।'

जिल्ला सरकारी वकिल कार्यालय सुनसरीका प्रमुख जिल्ला न्यायाधिवक्ता एकराज अधिकारीले सरकारी वकिल कार्यालयले त्रैमासिक रूपमा प्रेस मिट गरेर सूचना प्रवाह गरेको र नियमित सवालमा सञ्चारमाध्यमले वा पत्रकारले सोधेका वेला पनि सूचना अधिकारीले प्रवाह गर्दै आएको बताए । अधिकारीले सूचना सम्बन्धी हक २०६४ लाई कार्यालयमा पूर्ण कार्यान्वयनमा ल्याएको बताए । सुनसरी जिल्ला अदालतका स्रेस्तेदार मोहनबहादुर अधिकारीले मिट द प्रेस, मिट द जज, पत्रकारसँग न्यायाधीश लगायतका कार्यक्रम गर्दै आएको जानकारी दिए । मासिक र त्रैमासिक तथा अर्धवार्षिक रूपमा सञ्चारमाध्यमलाई सूचना दिने व्यवस्था मिलाएको र वेबसाइटमा समेत दैनिक तथा साप्ताहिक पेसी सूचीहरू प्रवाह गर्दै आएको अधिकारीको कथन छ ।

उनी भन्छन्, 'सही सूचना, सही समयमा र सही तरिकाले उठान गरेर समेत न्यायिक निकायमा सञ्चारजगत्ले योगदान गरेको छ । हामीले गरेका काममा पनि निगरानी गरेर, सुझाव र आलोचना दुवै हिसाबले सञ्चारक्षेत्रले न्यायिक निकायको प्रभावकारितामा भूमिका निर्वाह गरेको छ । हाम्रा न्यायिक निकायहरूमा

कार्यरत कर्मचारीलाई सूचना, सञ्चार तथा प्रविधि सम्बन्धी ज्ञान तथा सीप हस्तान्तरण गर्ने काम भएको र सोहीअनुसारको सेवा भए नभएको हेर्ने, निगरानी गर्ने र समाचारमा ल्याउनेदेखि सूचनाको उठान गरेर पनि ध्यानाकर्षण गराउनेसम्मको काममा भूमिका निर्वाह गरेको छ ।'

समाज गतिशील रहेकाले सबै क्षेत्रमा सार्थक गतिशीलता आवश्यक छ । त्यसैले सामाजिक न्यायका लागि होस् वा समग्र न्यायिक निकाय वा न्यायप्रणालीका सवालमा सञ्चार जगत्ले जनताको आस्था र विश्वासको केन्द्र कसरी हो वा होइन भन्ने विषयलाई उजागर गर्ने कार्यलाई निरन्तरता दिनुपर्ने जरुरी छ । न्यायिक क्षेत्र संवेदनशील र आवश्यक क्षेत्र पनि भएकाले त्यसमा स्वच्छता, निष्पक्षता, तटस्थता र वस्तुनिष्ठ काम भए नभएको सवाल समेत सञ्चार जगत्बाट उठ्ने गरेको छ ।

सामाजिक न्यायका सवालमा हानिकारक प्रथा, परम्परा, अभ्यास, समाजको कुप्रथा, परम्परा, अभ्यास र मूल्यमान्यताका विरुद्ध सशक्त अभियान सञ्चालन गर्न सञ्चारक्षेत्रको भूमिकालाई अझै सशक्त बनाउने गरी विशेष कार्यक्रम सञ्चालन गर्नुपर्छ । सञ्चार जगत्ले न्यायिक निकायको सुशासन, असल अभ्यासका साथै त्यसभित्रका भ्रष्टाचार, हिंसा, विभेद, शोषण सहितका सवाललाई उठान गरेको छ । न्यायिक सवालहरूमा पैरवी गर्दै समुदायमा लुकेर रहेका स्रोत, साधन, वस्तु, सेवा, पुँजी, संस्कृतिको पहिचान, संरक्षण र सदुपयोगका लागि सञ्चार क्षेत्रले उल्लेखनीय योगदान गर्न सक्छन् । यसका लागि उपयुक्त वातावरण र दर्विलो इच्छाशक्ति आवश्यक छ । न्यायिय निकायको असल र सशक्त आलोचकका रूपमा भूमिका निर्वाह गरेकाले न्यायिक निकायको प्रभावकारिकतामा सञ्चारक्षेत्रको ठूलो भूमिका रहेको छ । यसलाई कायम राख्नका लागि सञ्चारकर्मी र सञ्चार जगत्लाई वेलाबखत तालिम, अभिमुखीकरण र प्रशिक्षण दिन सकेको खण्डमा अझै राम्रो हुन्थ्यो । यति मात्रै होइन न्यायिक निकायहरूले समेत सञ्चारकर्मीसँग र सञ्चार क्षेत्रसँग साक्षात्कार गर्न सकेको खण्डमा अझै उत्तम हुन्छ ।

—◆—

७

# सूचना लुकाउने प्रतिष्पर्धा

✍ रूपा गुरुङ

हेटौंडा उपमहानगरपालिका वडा नम्बर १२ का कृष्णबहादुर थिङलाई अहिले वडा र नगरपालिकाबाट सूचना पाउन त्यत्ति गाह्रो छैन । वडामा हुने विकास योजनाका काम, बजेट लगायत विषयमा उनी पहिलेभन्दा अहिले जानकार छन् । उनी आफैं पनि वडा नम्बर १२ को बुद्धरत्न गुम्बा निर्माण उपभोक्ता समितिका अध्यक्ष हुन् । सूचना पाउने कुरामा जति सहजता छ, योजना तर्जुमाका विषयमा भने पहिलेजस्तो सहजता छैन । थिङ भन्छन्, 'पहिले-पहिले कुन वडामा कस्ता योजना आवश्यक छ भनेर इलाका गोष्ठीहरू हुन्थे, छलफलमा सहभागी गराइन्थ्यो, अहिले सीमित प्रतिनिधिहरू बसेर आफैं योजना तर्जुमा गर्छन् ।' सोही कारणले सीमित र पहुँचवालाहरूलाई मात्र यसबारे थाहा हुने तर सामान्य नागरिकको पहुँच अझै पुग्न समस्या रहेको थिङको भनाइ छ ।

मकवानपुरकै बागमती गाउँपालिका वडा नम्बर ३ निवासी प्रतिमा पाखिन पनि वडामा हुने विकास योजनाबारे सूचना नपाएको गुनासो गर्छिन् । उनी भन्छिन्, 'हामी सामान्य मान्छेलाई यसबारे थाहै हुँदैन, अलि पढेलेखेका र राजनीतिक पहुँच भएकाहरूले मात्र सबै जिम्मा लिएर काम गरिरहेका हुन्छन् । हामीलाई कसैले यसबारे सूचना नै दिँदैनन् ।'

पछिल्लो समयमा सूचना प्राप्त गर्ने माध्यमहरूको विकास तीव्र छ । घरघरमा मोबाइल, रेडियो, टिभी र इन्टरनेट जस्ता प्रविधि भित्रिएका छन् । सूचना तथा सञ्चार प्रविधि मन्त्रालयको आर्थिक वर्ष २०७८ । ०७९ को वार्षिक प्रतिवेदनअनुसार कुल जनसंख्याको ९१ प्रतिशत जनसंख्यामा रेडियो नेपालको पहुँच र ७२ प्रतिशत जनसंख्यामा टेलिभिजनको पहुँच पुगेको तथ्याङ्क छ । हालसम्म ७५३ स्थानीय तहमध्ये ७३५ स्थानीय तहमा फोरजी सेवा विस्तार भएको छ ।

यसैगरी नेपाल दूरसञ्चार प्राधिकरणको २०७८ । ०७९ को तथ्याङ्कअनुसार मोबाइल सेवाको घनत्व १४०.८३ प्रतिशत रहेको छ भने १३१.६२ प्रतिशत इन्टरनेटको घनत्व रहेको छ । तैपनि भौगोलिक अवस्थितिका कारण सबै क्षेत्रमा सूचना र सञ्चारको विकास भएको छैन र भएका क्षेत्रमा पनि सीमित व्यक्तिको मात्रै यस्ता प्रविधिमा पहुँच छ । गरिबी र अभावले बाँचेकाहरूलाई यस्ता प्रविधिले खासै महत्व पनि राख्दैन । गरिबी निवारण नीति २०७६ मा नेपालमा गरिबीको रेखामुनि १८.७ प्रतिशत जनसंख्या रहेको तथ्याङ्क छ । सूचनामा सबैको पहुँच पुऱ्याउन स्थानीय तह लगायत संघ संस्थाले सार्वजनिक सुनुवाइ गर्ने चलन छ तर केही समयदेखि यस्ता कार्यक्रम कमै मात्रामा हुने गरेका छन् ।

हेटौंडा उपमहानगरपालिका वडा नम्बर २ का स्थानीय नारायण राजथला भन्छन्, 'मैले हालसम्म सबै सूचना सजिलै पाइरहेको छु तर वडामा हुने योजना तर्जुमाको छलफल र उपभोक्ता जम्मा भएर गरिने सार्वजनिक सुनुवाइ कार्यक्रम अचेल त्यति भइरहेको छैन ।'

राजथला आफैं सामाजिक व्यक्तित्व भएकाले उनलाई स्थानीय तहबाट सूचना लिन कुनै अप्ठ्यारो परेको छैन । सूचना पाइराख्दा उनलाई व्यक्तिगत र सामाजिकगत रूपमा निकै फाइदा पुगेको उनी बताउँछन्, 'वडामा आउने विकास निर्माण, बजेटसँगै म माछामासु व्यवसायमा संलग्न भएकाले कृषि अनुदान तथा सहयोगका विषयमा जानकारी पाउन सजिलो भएको छ ।' त्यतिमात्र होइन उनी सम्बद्ध संघसंस्थामा आबद्धहरूलाई उनले सूचना दिने काम पनि गर्छन् । उनले अहिलेसम्म स्थानीय तहले सूचना लुकाएको, नदिएको घटना नभएको बताए । बरु, वेलावेला स्थानीय तहलाई आवश्यक सल्लाह-सुझाव भने उनले दिने गरेका छन् ।

सार्वजनिक निकायमा रहेका सार्वजनिक महत्वको विषय थाहा पाउने अधिकार सबै नागरिकलाई हुन्छ । सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले सार्वजनिक निकायबाट सम्पादन हुने वा भएको सार्वजनिक महत्वको काम, तत्सम्बन्धी कारबाहीको निर्णयसँग सम्बन्धित कुनै लिखित सामग्री वा जानकारी नै सूचना हो भनी उल्लेख गरेको छ ।

राष्ट्रिय सूचना आयोगको आर्थिक वर्ष २०७८ । ०७९ को वार्षिक प्रतिवेदनमा सूचनाको पूनरावेदन, उजुरी र निवेदन दिनेको संख्या ७५३ रहेको छ । जसमा ७४२ वटा निवेदन फछ्र्यौट भएका छन् । ७३ प्रतिशत पुनरावेदन स्थानीय तहसँग सम्बन्धित छन् । सूचना उपलब्ध नगराउने कार्यालय प्रमुखलाई सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम कारबाही गर्नू भन्ने ६ वटा आदेश दिइएको छ । आयोगबाट कारबाही हुँदा ७ दिनभित्र लिखित जवाफ पेश गर्नू भन्ने ७०३ वटा, ७ दिनभित्र सूचना उपलब्ध गराउनु भन्ने ९५ वटा, ३ दिनभित्र सूचना उपलब्ध गराउनु भन्ने ३५ वटा र १५ दिनभित्र सूचना उपलब्ध गराउनु भन्ने १ वटा आदेश भएको छ ।

यसैगरी सूचना संरक्षण गर्नू भन्ने १ वटा, सूचना उपलब्ध नगराई क्षति पुऱ्याएबापत क्षतिपूर्ति भराई पाऊँ भनी निवेदन उपर १ वटा, आयोगका सचिवद्वारा दरपीठ गरिएको पुनरावेदनको पुनरावलोकन सम्बन्धमा २ वटा आदेश भए । त्यसैगरी पुनरावेदन, उजुरी तथा निवेदनउपर आयोगबाट आदेश वा पत्राचार भएपश्चात् सूचना पाइनँ भनी भन्न नआएकाले तामेलीमा राख्नू भन्ने आदेश ३१ वटा भयो भने सूचना पाएकाले लगतकट्टा गर्नू भन्ने २७९ गरी विभिन्न १ हजार १५५ वटा आदेश भएका थिए ।

सूचना नदिएबापत त्रिभुवन विश्वविद्यालय, कीर्तिपुरका शिक्षाध्यक्षलाई सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ को उपदफा (५) बमोजिम ५ हजार रुपैयाँ, स्वीकृत उत्पादनशील क्षेत्र कर्जा लगानी विवरण पेश नगरेकोमा लक्ष्मी बैंक लि. केन्द्रीय कार्यालयलाई १० हजार रुपैयाँ, बैंक अफ काठमाण्डु लि. केन्द्रीय कार्यालयका

कार्यालय प्रमुखलाई १० हजार, प्राइम बैंक केन्द्रीय कार्यालय प्रमुखलाई १० हजार, पदपूर्ति समितिको कार्यालय, खुला विश्वविद्यालय, ललितपुरका प्रमुखलाई ५ हजार जरिवाना गरिएको आयोगको तथ्याङ्कमा उल्लेख छ ।

सार्वजनिक निकाय जनतासँग प्रत्यक्ष जोडिएका हुन्छन् । जनतालाई सूचना दिन भनेरै प्रत्येक सार्वजनिक निकायमा सूचना अधिकारी राखिएका छन् । सूचना माग गर्ने अवस्था भने त्यति सन्तोषजनक छैन । आयोगको प्रतिवेदनमा ७३ प्रतिशत पुनरावेदन स्थानीय तहसँग सम्बन्धित भएको उल्लेख छ । यता मकवानपुरको बागमती गाउँपालिकामा भने सूचना माग गर्न त्यति विधि निवेदन परेको देखिँदैन । सूचना अधिकारी दिनेशकुमार गुप्ता भन्छन्, 'खासै सूचना माग हुने गरेको छैन । इमेल र निवेदनमार्फत आएका सूचना दिने गरेका छौं । धेरैजसो कार्यक्रम र त्यसको बजेटका विषयमा स्थानीयले सोध्ने गर्छन् ।'

बागमती गाउँपालिकामा चालु आर्थिक वर्षको पुस महिनाभित्र जम्मा एउटा सूचना मागको निवेदन परेको सूचना अधिकारी गुप्ताले जानकारी दिए । ग्रामीण क्षेत्रका स्थानीय बासिन्दा बाटोघाटोको विकास भए पुग्ने तर सूचना माग गर्ने विषयमा त्यत्ति रुचि नराखेको उनको भनाइ छ ।

हेटौंडा उपमहानगरपालिकामा आर्थिक वर्ष २०७८ । ०७९ मा १६ जनाले सूचना माग गरेकामा १३ जनालाई सूचना उपलब्ध गराइएको सूचना अधिकारी भानुभक्त थपलियाको भनाइ छ । ११ वटा लिखित निवेदन आएकोमा ९ वटा उलपब्ध गराइएको र इमेलमार्फत ५ वटा निवेदन परेकोमा ४ जनालाई मात्र उपलब्ध गराइएको सूचना अधिकारी थपलियाले जानकारी दिए ।

२०६८ सालको जनगणनाअनुसार बागमती प्रदेशभर मिडियामा पहुँच पुगेकाहरू जम्मा ४० प्रतिशत मात्रै छन् । अहिले विभिन्न सामाजिक सञ्जालबाट सूचना पाउन सकिए पनि त्यो पर्याप्त छैन । सार्वजनिक निकायहरूबाट आमनागरिकले सहज ढंगबाट सूचना पाउने अवस्था भइरहेको छैन । त्यस्तै आममिडियाले पनि नागरिकको तहमा प्रभावकारी ढंगले सूचनाको पहुँच विस्तार गर्न सकेको देखिँदैन । लक्षित क्षेत्रलाई भनेर खोलिएको रेडियोहरू ती ठाउँमा नसुनिनु, पत्रपत्रिका बजारकेन्द्रित हुन र ग्रामीण क्षेत्रमा इन्टरनेटको सहज पहुँच नहुनु जस्ता कारणले पनि आमनागरिकले सूचना पाउन नसकेको नेपाल पत्रकार महासंघ बागमती प्रदेशका महासचिव कृष्ण सारु मगरको भनाइ छ ।

पछिल्लो डेढ दशकमा नागरिकले पाउने सूचनाको क्षेत्र विस्तार भएको अवस्था छ । युवापुस्तामा सुचना पाउनुपर्छ भन्ने चेतना विकास पनि भएको छ तर जुन किसिमको सूचना आमनागरिकले पाउनुपर्ने हो, त्यो पाउन सकेका छैनन् । भौगोलिक विकटतासँगै आमनागरिकमा सूचना माग्नुपर्छ भनेर चेतनाको कमी हुनु साथै मिडियाले पनि खासै मेहनत नगरेको अवस्थाले गर्दा सूचनाको पहुँच पुग्न सकिरहेको छैन ।

महासचिव सारु भन्छन्, 'राज्यले मिडियालाई प्रोत्साहन र प्रवर्द्धन गर्न नसक्दा मिडिया सबलीकरण भइरहेको अवस्था छैन । यसका लागि राज्यले नीति नै बनाएर यसको विकासमा लाग्नुपर्छ ।' उनले ग्रामीण भेगमा सूचना-सञ्चारको विकास भएमा र आमनागरिकमा सचेतना जगाउन सके सूचना पाउने कुरामा कुनै समस्या नहुने बताए ।

मुख्य कुरा राज्यकै दायित्वमा रहन्छ । सूचना पाउन जुन सहजताको वातावरण राज्यले बनाइदिएको छ, ती सूचना पाउन अझै पहुँच पुगेको छैन । उनीहरूमा सूचना माग्नुपर्छ भन्ने चेतनाको कमी, मिडियाहरू सहरकेन्द्रित र गाउँमा खोलिएका रेडियोहरूको क्षमता कम हुनु तथा यसको सबलीकरणमा राज्यको ध्यान नपुग्दा आमनागरिक सूचना पाउने कुराबाट वञ्चित छन् । अझ भनौं सीमित व्यक्तिहरू मात्रै यसको पहुँचमा पुग्न सकेको देखिन्छ । यसका लागि राज्यले नागरिकमा सचेतना जगाउने, हरेक वर्षमा गाउँ, टोल, नगर, पालिकाहरूमा सार्वजनिक सुनुवाइ कार्यक्रमलाई निरन्तरता दिने, मिडियाहरूलाई प्रोत्साहन र प्रवर्द्धन गरी यसको सबलीकरणमा ध्यान दिन सके मात्र आमनागरिक सूचना पाउनबाट वञ्चित हुनुपर्ने छैन ।

८

# सामाजिक सञ्जाल : परिवर्तनको संवाहक तर जोखिम उस्तै

✍ प्रविण गाहा

काठमाडौं : ट्विटरका वर्तमान मालिक एलेन मस्क विश्वका धनाढ्यमा पर्छन् । सामाजिक सञ्जाल ट्विटर किनेका उनै मस्कले सन् २०२२ मा १ खर्ब ६५ अर्ब डलर सम्पत्ति गुमाए ।

विश्वमा धेरै सम्पत्ति गुमाउने व्यक्तिका रूपमा उनले विश्व कीर्तिमान कायम गरे । नेपालका मिडियामा मस्कले सम्पत्ति गुमाएको समाचार बन्यो ।

कुस्त नाफा कमाउन सामाजिक सञ्जाल ट्विटर खरिद गरेका मस्कले प्रयोगकर्ताबाट शुल्क उठाउने योजना कार्यान्वयन गर्न खोजेका थिए । उनको योजना कार्यान्वयनमा आउनुअघि नै फेल खायो । त्यसकै परिणाम स्वरूप उनले त्यत्रो सम्पत्ति गुमाए ।

परिणाम स्वरूप उनले लगानी गरेको विद्युतीय कार निर्माता कम्पनी टेस्लाको सेयरमा गिरावट आयो । मस्कले ट्विटर खरिद गरेदेखि नै उनले ल्याएका परिवर्तनको आलोचना भयो । प्रविधिको प्रयोग गरेर जीविकोपार्जन गर्नेदेखि मनग्गे पोको पार्नेसम्मको व्यावसायिक पारोमिटर अहिले बरफ जमेजस्तै जमेको छ ।

इन्टरनेटमा पहुँचमा भएका नागरिकले सार्वजनिक गर्ने धारणा कतिपय अवस्थामा परिवर्तनका माध्यम बन्न थालेका छन् । 'नो रेमिट्यान्स' अभियानले नेपाल सरकार पूर्ववत् निर्णय कार्यान्वयन नगर्ने निर्देशन दिन बाध्य बन्यो । सूचना तथा सञ्चारको युग पहिले जस्तो कटवाल कराउने अवस्थामा छैन । हरेक कुनाकाप्चाका सूचना सञ्चाार हुन मिनेट नलाग्ने भएको छ । सत्य र गलत नै नछुट्याई सामाजिक सञ्जालमा व्यक्त हुने धारणाले सरकारलाई नै हायलकायल पारिरहेको छ ।

सरकारी मुखपत्रका रूपमा १९५८ बाट प्रकाशित हुँदै आएको गोरखापत्र होस् या राणा शासन अन्त्यपछि वि.सं. २००७ चैत २० गतेदेखि प्रसारण हुन थालेको रेडियो नेपाल मात्रै तत्कालीन अवस्थामा सूचनाका स्रोत थिए । वि.सं. २०४१ देखि नेपाल टेलिभिजन खुल्यो ।

२०४६ सालको राजनीतिक परिवर्तनपछि निजी लगानीमा सञ्चारमाध्यम सञ्चालन हुन थाले । रंगिन कागजमा अक्षर प्रिन्ट भएर आउन थाले । रेडियोमा फाटेको टोपी र तुना गाँसेको चप्पल लगाउनेका आवाज बुलन्द हुन थाल्यो । जनताको आवाज मुखरित गर्न निजी लगानीका सञ्चारमाध्यमले सरकारी सञ्चारमाध्यमसँग प्रतिस्पर्धा गरे ।

नेपालमा १० वर्ष लामो सशस्त्र युद्ध अन्त्यपछि अनलाइन सञ्चारमाध्यम पनि सूचनाका स्रोत बने । अहिले आफ्नै अनलाइन नहुने कमै हुन थालेका छन् । मंसिर २९ गतेसम्म प्रेस काउन्सिल नेपालमा ३ हजार ७२१ अनलाइन न्यूज पोर्टल सूचीकृत भएका छन् ।

## इन्टरनेटको पहुँच

विश्वमा इन्टरनेटको शुरुवात सन् १९६० को दशकमा भए पनि नेपालमा सन् १९८९ देखि भित्रिएको रेकर्ड छ । तत्कालीन राजकीय नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान रनाष्टले वि.सं. २०४८ मा इमेल शुरु गरेको थियो ।

निजी क्षेत्रको मर्कन्टाइल कम्युनिकेशनले वि.सं. २०५१ सालदेखि व्यवसायिक इन्टरनेट सेवा प्रदान गर्न थालेको थियो । अहिले दर्जनौं इन्टरनेट सेवाप्रदायक कम्पनीले आफ्नो सेवा सहरसँगै ग्रामीण क्षेत्रमा समेत पुऱ्याएका छन् ।

नेपाल दूरसञ्चार प्राधिकरणले सार्वजनिक गरेको प्रतिवेदनअनुसार असार मसान्तसम्म एक करोड फोरजी प्रयोगकर्ता, एक करोड २८ लाख थ्रिजी प्रयोगकर्ता सहित कुल इन्टरनेट सेवा लिने ग्राहकको संख्या तीन करोड नाघेको छ । २०७८ को जनगणनाभन्दा धेरै संख्या इन्टरनेट प्रयोग गरेको तथ्यांकमा देखिन्छ ।

हरेक देशका सरकार प्रविधि विकासमा प्रतिस्पर्धा गरिरहेका छन् । सञ्चार सूचना तथा प्रविधि मन्त्रालयले ९५ प्रतिशत निर्णय अनलाइनबाट गर्न थालेको छ । कागज प्रयोगमा हुने खर्च प्रविधिमा गरेको मन्त्रालयले टिप्पणी उठाउनेदेखि सदर गर्ने काम अनलाइनबाट गरेको जनाएको छ ।

सार्वजनिक सेवा प्रवाह सहज बनाउने प्रयासमा अनलाइन प्रणाली आत्मसात गर्न थालिएको पनि दशक नाघेको छ । सफ्टवेयरमा आउने खराबीसँगै सुरक्षा जोखिम पनि यसमा उत्तिकै छ । मोबाइल बैंकिङका कारण नोटको कारोबार कम हुन थालेको छ । यसमा पनि ह्याक हुने लगायतका समस्या छन् ।

इन्टरनेटबाटै सन् २००४ फेब्रुअरी ४ मा मार्क जुकरबर्गले हार्वर्ड विश्वविद्यालयका विद्यार्थी बीच एकआपसमा जोडिन सुरु गरेको फेसबुक सूचना, जानकारी, मनोरञ्जन र विचार पोख्ने थलो बनेको छ ।

## परिवर्तनको जाल

सामाजिक सञ्जालमा चलेको 'नो रेमिट्यान्स' अभियानका कारण नेपाल दूरसञ्चार प्राधिकरणले पुस १५ गतेबाट लागु गर्ने भनेको एमडिएस हाललाई स्थगित गर्न बाध्य हुनु परेको छ । सरकारको निर्देशनपछि 'नो रेमिट्यान्स' अभियान पनि रोकिएको छ ।

यात्रुले दुईवटा मोबाइल निःशुल्क कर नतिरी ल्याउन पाउने भएका छन् । सामाजिक सञ्जालमा बेथिती, अत्याचार, अन्याय, भ्रष्टाचारको विषयमा आवाज उठ्न लागेको धेरै भएको छैन । पहिले टाढा रहेका आफन्तसँग सम्पर्क गर्ने माध्यम पत्र मात्र थियो ।

विश्वमा इन्टरनेटको सुरुवात सन् १९६० को दशकमा भएको पाइन्छ । नेपालमा सन् १९८९ मा नेपाल वातावरण पत्रकार समूह र वर्ल्डभ्यू नेपालले नेटको प्रयोग गरेका थिए । अहिले दर्जनौं इन्टरनेट प्रदायक कम्पनीले आफ्नो सेवा सहरसँगै ग्रामीण क्षेत्रमा समेत पुऱ्याएका छन् ।

समयसँगै अहिले परिवर्तन आएको छ । जो कोहीले आफ्नो हातमा रहेको स्मार्ट फोनबाट सूचनासँगै आफ्ना विचार निर्धक्क राख्न सक्ने भएका छन् । समाजका हरेक घटना र गतिविधिमा स्वतन्त्र सञ्जालमा विचार आउने गरेको छ । यसले नागरिक समाजलाई सर्वसाधारणको धारणा बुझ्न सजिलो भएको छ ।

सञ्चारमाध्यमलाई पनि सञ्जालमा आउने सूचना, विचारले पाठकले कुन विषयवस्तु खोजेका छन् भन्ने पहिचान गर्न मद्दत गरेको छ । अहिले राजनीति, सामाजिक, आर्थिक लगायत जुनसुकै विषयमा हरेक तप्काका व्यक्तिले सञ्जालमा आफ्नो धारणा बनाउने गरेका छन् । राज्यले प्रवाह गर्ने सेवा, सेवा पाउँदाका ढिलासुस्ती, बेथिती, भ्रष्टाचार, कु-संस्कारसँगै नयाँ ठाउँको जानकारी दिन सामाजिक सञ्जाल नै प्रयोग भइरहेको छ ।

मुटुरोग विशेषज्ञ डा. ओममूर्ति अनिलले दैनिकजसो स्वास्थ्यसँग सम्बन्धित जानकारी सञ्जालमा राख्ने गरेका छन् । डा. अनिलले दिने सरल, सचित्र र बुँदागत जानकारी उपयोगी पाइएको डा. अनिलको सामग्री नियमित अध्ययन गर्ने सुरज राकशको बुझाइ छ । दश लाखभन्दा बढी फेसबुक पेज लाइक भएका डा. अनिलले विश्व स्वास्थ्य संगठनको रिपोर्टलाई उद्धृत गर्दै एउटा पोष्ट गरे, 'खानामा बढी नुन र चिनीको प्रयोगले मुटुरोग, मस्तिष्कघात, मधुमेह र क्यान्सरको जोखिम बढ्छ ।'

डा. अनिलको सामग्री समेटेर काठमाडौं पोष्टले ७ जनवरी २०२३ मा एउटा समाचार पस्केको छ, एउटा डाक्टर जसले सामाजिक सञ्जालबाट स्वास्थ्य चेतना फैलाउँदै भनेर । अन्य क्षेत्रको जानकारी जो कोहीबाट पाए पनि मानिसलाई दैनिक जीवनयापनमा प्रयोग हुने स्वास्थ्य सामग्री सञ्जालमा पाउँदा स्वास्थ्यप्रति सचेतना बढ्ने गरेको छ । अझै पनि कतिपय चिकित्सकले सेवाग्राहीसँग प्राविधिक भाषा प्रयोग गर्दा बुझाइमा कठिनाइ हुने गरेको रूपन्देहीमा व्यवसाय गर्ने आशिष श्रेष्ठ बताउँछन् । अर्का मानसिक रोग विशेषज्ञ डा. कल्याण सुवेदी पनि सञ्जालमा आफ्नो क्षेत्रका विभिन्न सामग्री बनाएर पस्किने मध्येमा पर्छन् ।

नेपाल सरकारका पूर्वसचिव भीम उपाध्याय सञ्जालमा निकै सक्रिय छन् । उनले नयाँ सरकार गठनसँगै राहदानीको सफ्टवेयरमा आएको खराबीलाई 'कर्मचारीको बदमासी' भनेर जोडेका छन् । उनले भनेका छन्, 'कति सम्म उल्लु बनाउँदै लुट्न सकेका होलान् । ५० लाखभन्दा बढीले चलाउने दैनिक अर्बौंको ट्रान्जेक्सन हुने शेयर कम्पनी, टिएमएस, मेरो सेयर वा बैंकहरूको बेवसाइट सिस्टम कहिल्यै ह्याङ हुँदैन । तर, जाबो ५/१० हजार जनाको इन्ट्री हुने पासपोर्ट, लाइसेन्सको चाहिँ घरीघरी साइट चलेन, सर्भर ब्रेकडाउन, ओभरलोड भयो भन्दै दुःख दिइन्छ, लुटिन्छ ।'

'साँच्चै भए त सर्भर र सफ्टवेयरको ठेक्का लिने कम्पनीहरूलाई कठालो समातेर कारबाही गरै सबै ठिकठाक हुन्छ नि तर त्यो गर्ने कसले ?', उनले प्रश्न गरेका छन् । हरेक क्षेत्रका व्यक्तिले सामाजिक सञ्जालमा प्रस्तुत गर्ने विचार नागरिक समाज र सञ्चारमाध्यमका लागि पनि उपयोग हुने गरेका छन् ।

समाजमा विभिन्न क्षेत्रमा चर्चित व्यक्तिसँगै सर्वसाधारणले पनि आफ्नो भावना विचार प्रस्तुत गरेको पाइन्छ । यसरी विभिन्न कोणबाट आउने भावनाले सम्बन्धित व्यक्तिलाई सुध्रिने मौका समेत मिल्छ । सामाजिक सञ्जालमा चर्को विरोध भएपछि एमडिएस हाललाई स्थगित गर्ने दूरसञ्चार प्राधिकरणको पछिल्लो निर्णय उदाहरण बनेको छ ।

## चिन्ता त्यतिकै

प्रविधिको विकाससँगै तत्क्षण सूचना पाउन सञ्चारमाध्यमको भर पर्ने अवस्था हट्ने चिन्ता व्यक्त हुन थालेको छ । पत्रपत्रिका, रेडियो, टेलिभिजनलाई अनलाइन सञ्चारमाध्यमले उछिनेका छन् । समाचारको विश्वसनीयता भने अनलाइन सञ्चारमाध्यमले लिन सकेका छैनन् ।

एउटाले छोडेको विषय अर्कोले उठाउँदा अनेकतामा विविधता देखिने गरेको छ । सरकारी सञ्चारमाध्यम गोरखापत्रले नारायणहिटी संग्रहालयमा प्रवेश गरेको बतास समूहलाई कानुनी र व्यवहारिक ज्ञान दिलाइदियो । राज्य संयन्त्रलाई कब्जामा लिएर बतास जस्ता समूहले गर्ने अनियमितताको खोजी गरेर पोल खोल्ने उदाहरणीय काम गोरखापत्रले गर्‍यो ।

सामाजिक सञ्जालमा आउने सूचना, जानकारी सबै उपयोगी नै हुन्छन् भन्ने छैन । एउटा उद्देश्य राखेर सामग्रीमा क्लिप गर्दा अर्को फन्दामा पनि पर्न सकिने जोखिम छ । २०७९ साल जेठ र पुसका दुई घटनाले सामाजिक सञ्जालकै कारण ठगीमा परेर हरिबिजोग भएका घटना पनि भएको छ ।

सामाजिक सञ्जालको दुरुपयोग गरी अनलाइनमार्फत ठगी गर्ने कार्यमा संलग्न काठमाडौं महानगरपालिका-१७ कालधारा सोह्रखुट्टे बस्ने दोलखा शैलुङ गाउँपालिका-८ शैलुङ्गेश्वरी ठेगाना भएका ३५ वर्षीय उत्सव श्रेष्ठ पक्राउ परे ।

सामाजिक सञ्जाल वाट्सएप, इमो, बोटिम, भाइबरको दुरुपयोग गरी पीडितहरूलाई आफू कम्बोडियास्थित क्यासिनोमा काम गर्ने व्यक्ति हो, अमेरिकाबाट सञ्चालन भएको लटरीमार्फत ६ लाख २७ हजार ६११ डलर परेको छ र उक्त रकम पाउनका लागि विभिन्न भ्रमपूर्ण म्यासेज पठाई पीडितहरूलाई विश्वासमा पारी

नेपालमा रहेका विभिन्न व्यक्तिहरूको बैंक खातामा रकम जम्मा गर्न लगाई नगद २८ लाख ७९ हजार रुपैयाँ रकम ठगी गर्ने कार्यमा संलग्न उनलाई पक्राउ गरेको विवरण नेपाल प्रहरीले गत जेठमा सार्वजनिक गरेको थियो ।

२०७९ पुस २७ मा प्रहरीले सामाजिक सञ्जालमा आकर्षक तलबमा फ्रान्स, स्वीजरल्याण्ड लगायतका देशमा रोजगारीको अवसर रहेको भन्दै विज्ञापन गरी ठगी गर्ने सुर्खेत भेरीगंगा नगरपालिका-३ घर भई काठमाडौं नागार्जुन नगरपालिका-४ रानीपाटी बस्ने २३ वर्षीय मनम घर्तीलाई पक्राउ गरेको छ ।

फेसबुक, वाट्सएप, इमो जस्ता एपहरूको दुरुपयोग गरी आकर्षक तलबमा विकसित देशहरूमा रोजगारीको अवसर रहेको भन्दै विज्ञापन राखी सम्पर्कमा आएका व्यक्तिहरूसँग बैंक खातामा रकम जम्मा गर्न लगाई पीडितहरूकै नागरिकता तथा राहदानी समेतका कागजातहरूको प्रतिलिपि मोबाइल सेवा प्रदायक कम्पनीहरूमा पेश गरी सिम डुप्लिकेसनको माध्यमबाट पीडितहरूकै मोबाईल बैकिङमा पहुँच पुऱ्याई रकम अन्यत्र ट्रान्सफर गरी ठगी गर्ने कार्यमा संलग्न उनी पक्राउ परेका हुन् ।

यी दुई घटनाले पनि सामाजिक सञ्जालमार्फत ठगीमा पर्ने जोखिम भने देखिएको छ । त्यसैले सञ्जालहरूको प्रयोग गर्दा सचेतना अपनाउन जरुरी छ ।

९

# फिल्डमा निस्केर काम गर्ने महिलाको संख्या न्यून

✍ मन्जु मैनाली

करिब डेढ दशकसम्म मकवानपुरमा रही सक्रिय पत्रकारिता गरेकी नानीमाया विष्ट करिब २ वर्षदेखि यो पेशामा क्रियाशील छैनन् । उनी वैवाहिक जीवनमा बाँधिएदेखि पारिवारिक जिम्मेवारीदेखि हाल सन्तानको स्याहारमै व्यस्त छिन् । पत्रकारिता पेशामा पुनः पहिलेको झैं क्रियाशील बन्ने सम्भावना अब कमै रहेको उनी स्विकार्छिन् ।

मकवानपुरे महिला पत्रकारको सवालमा नानीमाया त एक उदाहरण मात्रै हुन् । वर्षौंदेखि क्रियाशील पत्रकारिता गरेका महिला पत्रकारहरू एकाएक पेशाबाट पलायन भएका धेरै दृष्टान्त छन् । पेशामा क्रियाशील हुँदाहुँदै एकाएक पलायन हुनुपर्ने महिला पत्रकारको समस्या र पीडाका पछाडि धेरै कारण छन् तर यसबारे कसैले पनि चासो र चिन्ता भने दिएको पाइँदैन ।

बिहेपछिको दोहोरो जिम्मेवारीका कारण मिडियामा आफूले सोचे जस्तो काम गर्न नसकेको विष्टको भनाइ छ । त्यसका पछाडि आर्थिक तथा अन्य कारणहरू पनि रहेछन् । 'हामी त लामै समय आफ्नो क्षेत्रमा टिकेरै काम गऱ्यौं तर महिला पत्रकार फिल्डमा समाचार संकलनको लागि जाँदा सूचना दिने प्रमुख व्यक्तिले नै ख्यालख्याल सम्झिदिने कारण पनि नयाँ महिला पत्रकारलाई हीनताबोध हुन्छ । १२ वर्ष पत्रकारिता पेसा गर्दा पनि चित्तबुझ्दो तलब लिन नसक्ने कारण पनि म चाहिँ पत्रकारिताप्रति निराश भएकी हुँ', विष्टले भनिन् ।

२०६१ सालदेखि मिडियामा क्रियाशील सरिता दाहाल अहिले आफैंले साप्ताहिक पत्रिका र अनलाइनको प्रकाशक/सम्पादक भई व्यावसायिक स्वरोजगारमूलक पत्रकारिता गरिरहेकी छन् । घरको जिम्मेवारीका साथै पत्रकारितालाई सँगै अघि बढाउन सहज नभएको उनको अनुभव छ । 'हामी महिलालाई पत्रकारिता गर्न

क्षमता भएर पनि पुरुष जतिको सहज छैन । महिला पत्रकारहरूलाई मिडिया हाउसले सजिलै संवाददाता राख्न त चाहँदैन, सम्पादकीय भूमिका निभाउने त परको कुरो', उनी भन्छिन् । मकवानपुरमा महिला पत्रकारहरू मिडियालाई माध्यम बनाएर अरू पेशामा जानेको संख्या बढी रहेको दाहालको भनाइ छ ।

म सम्पादकको रूपमा काम गर्छु भन्ने आँट बोकेर आउने महिला पत्रकार नै नभएको हेटौंडा सन्देश दैनिकका सम्पादक माधव न्यौपानेको भनाइ छ । थोरै लगानीमै अनलाइन पत्रिका सञ्चालन गर्न सकिने भएको कारण कोही महिला पत्रकारहरू आफैं सञ्चालक/सम्पादकको रूपमा काम गरिरहेको उनले बताए ।

पत्रकारितामा स्नातक अध्ययन पूरा गरेर सात वर्ष पत्रकारिता गरेकी रेश्मी कार्कीको अनुभवमा व्यावसायिक पत्रकारिता सामाजिक सम्बन्धका आधारमा निर्भर हुन्छ । श्रमजीवी भएर पत्रकारिता गरी जीवन चलाउन निकै चुनौतीपूर्ण रहेको उनको भनाइ छ । पत्रकारिता छाडी कार्की हाल गैरसरकारी संस्थामा क्रियाशील छिन् । महिला पत्रकारको सुरक्षाका लागि राज्य नै गम्भीर नभएको कार्कीको भनाइ छ ।

पत्रकारिता पेशा आफैंमा एक चुनौतीपूर्ण पेशा हो । पत्रकारिता पेशा पुरुष पत्रकारका लागि आर्थिक र भौतिक रूपमा चुनौतीपूर्ण देखिँदा महिलाहरूको लागि आर्थिक, भौतिक र सामाजिक सबै क्षेत्रमा असुरक्षा हुने जानकारहरूको भनाइ छ ।

समाचार लेखेकै कारण ज्यान मार्ने धम्कीदेखि लिएर कुटपिटमा धेरै पत्रकारहरू परेको कारणले गर्दा पनि महिलाहरूलाई पत्रकारिता गर्न परिवारबाट पनि रोकावट आइरहेको हुन्छ । पत्रकारलाई राज्यको चौथो अंग मानिए पनि राज्यले पत्रकारको पेशागत सुरक्षाका लागि उचित व्यवस्था गर्न नसकेको पत्रकारका अग्रजहरू बताउँछन् ।

धेरै महिला पत्रकारहरू आफ्नो क्षेत्रमा अझै पनि खुलेर अगाडि बढ्न सकेका छैनन् । महिला पत्रकारहरूले आफ्नो व्यवसायकै रूपमा पत्रकारितालाई अगाडि बढाउनेको ज्यादै संख्या न्यून छ । पत्रकारितामा राम्रो काम गरेर अघि बढ्छु भन्ने महिला पत्रकार कमै भेटिन्छन् । केही सञ्चारक्षेत्रमा रहेका महिलाहरू पनि रेडियो कार्यक्रम चलाउने र न्युज रिडरको रूपमा काम गरिरहेका छन् । फिल्डमा निस्केर काम गर्ने महिलाको संख्या न्यून देखिन्छ ।

महिला पत्रकारहरू सक्षम भएर काम गर्न खोजे पनि कतिपय पुरुष पत्रकारहरूले महिलाका लागि यो पेसा हैन भनी अघि बढ्न नदिनुका साथै हतोत्साहित गर्ने काम पनि हुने गरेको मकवानपुरका कतिपय महिला पत्रकारहरूको अनुभव छ । पत्रकारको पेशागत संगठन र छाता संगठनमा पनि महिला पत्रकारको उपस्थिति निकै कमजोर देखिन्छ ।

पत्रकारको छाता संगठन नेपाल पत्रकार महासंघ मकवानपुरमा हालसम्म महिला नेतृत्व आउन नसकेको २०६० सालदेखि मिडियामा क्रियाशील तथा पत्रकार महासंघ मकवानपुरको पहिलो महिला सदस्य सम्झना कार्की बताउँछिन् । पत्रकार महासंघमा मात्र नभई जुनसुकै क्षेत्रमा पनि प्रमुख भूमिकामा महिलालाई आउन गाह्रो पर्ने उनी बताउँछिन् ।

१०

# चुनौतीलाई अवसरमा परिणत गर्दै महिला सञ्चारकर्मी

✍ राजा झा

जनकपुरधाम । पत्रकारिता आफैंमा चुनौतीपूर्ण पेसा हो । यस पेसामा लागेका पुरुष हुन् या महिला उनीहरूलाई विभिन्न चुनौतीका बाबजुद आफ्नो नित्य कर्म गर्नुपर्ने हुन्छ । महिला र पुरुष सञ्चारकर्मीलाई भने आ-आफ्नै चुनौती देखिन्छ । समाचार संकलनका लागि फिल्डमा खटिँदादेखि सञ्चारगृहको डेस्कमा विभिन्न चुनौतीको सामना गर्नुपर्ने हुन्छ ।

पुरुष पत्रकारका लागि आर्थिक र भौतिक असुरक्षा छ भने महिलालाई यसका साथै सामाजिक असुरक्षा समेत सामना गर्नुपर्ने बाध्यता छ ।

हालै सार्वजनिक 'महिला पत्रकारमाथि अनलाइन हिंसाको अवस्था' सम्बन्धी एक अध्ययन प्रतिवेदनले ८८.६ प्रतिशत महिला पत्रकारले आफ्नो जीवनकालमा हिंसा भोगेको जनाएको छ । यसले पनि महिला पत्रकारको चुनौती बारेमा प्रष्ट पार्छ ।

मिडिया एड्भोकेसी ग्रुप (म्याग)ले सार्वजनिक गरेको प्रतिवेदनअनुसार छापा, विद्युतीय तथा अनलाइन मिडियामा कार्यरत २८१ महिला पत्रकारको सहभागिता रहेको अध्ययनमा ८८.६ प्रतिशत महिला पत्रकारले हिंसा भोग्नुपरेको देखाएको छ ।

सन् २०२२ मे महिनादेखि ३१ अगस्टसम्म गरिएको अध्ययनमा हिंसा गर्ने व्यक्तिबारे सोधिएका प्रश्नमा २८१ जना सहभागीमध्ये ११६ जनाले कार्यालयभित्रका सहकर्मीबाट, ८९ जनाले कार्यालयबाहिरका सहकर्मीबाट, ८९ जनाले परिचित व्यक्तिबाट, ६३ जनाले समाचार स्रोतबाट, ५६ जनाले राजनीतिक दलसम्बद्ध व्यक्तिबाट र २६ जनाले सरकारी अधिकारीबाट अनलाइन हिंसा भएको उल्लेख गरेका छन् ।

नेपाल पत्रकार महासंघ धनुषाकी उपाध्यक्ष नेहा झाले धनुषा शाखामा अहिलेसम्म महिला सञ्चारकर्मीको हिंसा सम्बन्धमा लिखित रूपमा कुनै जानकारी नआएको बताइन् । मौखिक रूपमा जानकारी आएपछि त्यसमा महासंघले पहलकदमी लिँदै आएको बताइन् ।

अहिले दिनहुँ हत्या, हिंसा, बलात्कार जस्ता समाचार आउने गरेको छ । यसले अबेर रातिसम्म काम गरेर फर्कने वातावरण पनि नरहेको अवस्था छ । एकातर्फ आपराधिक क्रियाकलापले महिला पत्रकारमाथि खतराको घण्टी बजाएको छ भने अर्कोतर्फ घरको कामका साथै सञ्चारकर्ममा जानुपर्ने अवस्था उनीहरूमा छ । महिला पत्रकारमा रहेका विभिन्न चुनौतीकै कारण सम्भवतः तराई मधेशमा महिला पत्रकारको संख्या न्यून छ । महिला पत्रकार फिल्डमा जानुभन्दा सञ्चारगृहमै काम गर्न रुचाउनुको कारण पनि यही हुन सक्छ ।

रेडियो टुडे, हिमालिनी म्यागजिन सहितका सञ्चारगृहमा काम गर्दै आएकी उमा सिंहले २०६५ साल पुस २७ गते ज्यान गुमाइन् । जनकपुरधामको रजौलस्थित डेरा लिएर बस्दै आएकी सिंहको हातहतियार बोकेका पन्ध्र बीसजनाको समूहले विभिन्न भाग गरी लगभग बत्तीस तेत्तीस स्थानमा खुकुरीले प्रहार गरेका थिए । पछि उनको मृत्यु भयो । यस घटनापछि धनुषामा महिलाको सहभागितामा खासै बढोत्तरी भएन । सञ्चारक्षेत्रमा आए पनि विवाहपछि उनीहरू यस पेसाबाट पलायन हुने अवस्था छ ।

पत्रकार महिला उमा सिंहको हत्यापछि केही वर्षसम्म महिलाहरू यो पेसाप्रति उदासीन देखिए । पत्रकार सिंहको निर्मम हत्याले धनुषा मात्रै होइन देशभर तहल्का मच्चिएको थियो । हत्यापछिको अवस्था सुधार ल्याउन नेपाल

पत्रकार महासंघ धनुषा शाखाका तत्कालीन नेतृत्वदेखि हालसम्मका नेतृत्वपंक्तिले पत्रकारको सुरक्षाका लागि विभिन्न समयमा भूमिका खेल्दै आएका छन् । संघीयता आएपछिको अवस्थामा समेत पत्रकारिता पेसालाई भने सुरक्षित पेसा बनाउन तीन तहमध्ये कुनै सरकारले खासै पहल गरेको देखिदैन तर महासंघ धनुषा शाखा भने पत्रकारलाई जीउज्यान लिने धम्की दिने सम्बन्धित व्यक्ति तथा संस्थाहरू समेतलाई कारबाहीको दायरामा ल्याउन सफल भएको छ ।

केही महिनाअघि स्थानीय निर्वाचनका क्रममा जनकपुरधाम उपमहानगरपालिकामा उम्मेदवारी दर्ता भइरहेका वेला सोही ठाउँमा महिला सञ्चारकर्मीले पुरुष सञ्चारकर्मीलाई कुटिन् । कारण थियो उनको चरित्रमाथि लाञ्छना लगाइँदै थियो । यो घटना प्रहरीसम्म पुग्यो तर सम्झौतामै टुंगियो । यो घटना उदाहरण रहेको महिला सञ्चारकर्मीहरू बताउँछन् । यस्ता यस्ता घटना कैयौंपटक सामना गर्नुपरेको उनीहरू बताउँछन् ।

नेपाली पत्रकारिताले एक शताब्दी पार गरे पनि देशको जनसंख्याको आधाभन्दा बढी हिस्सा ओगट्ने महिलाको अहिले पनि नेपाली पत्रकारितामा उपस्थिति न्यून छ । धनुषा पनि योभन्दा फरक छैन ।

पुरुष प्रधान समाज र पितृसत्तात्मक सोचका कारणले पनि नेपालमा महिला पत्रकारको सहभागिता न्यून रहेको महिला अधिकारकर्मीहरू बताउँछन् । यद्यपि पछिल्लो समयमा मिडिया क्षेत्रमा महिलाको सहभागिता क्रमिक रूपमा बढ्दै जानुलाई भने सकारात्मक संकेतका रूपमा लिन सकिन्छ ।

नेपाल पत्रकार महासंघको तथ्यांकअनुसार देशभर १३ हजार ७७ जना सदस्य हुँदा महिलाको संख्या २ हजार ४०८ जना छ । महासंघको तथ्यांकले नेपाली पत्रकारितामा महिलाको सहभागिता न्यून रहेको देखाएको छ ।

धनुषा जिल्लामै थोरै संख्यामा महिला सञ्चारकर्मी छन् । जनकपुरधामबाट प्रकाशन तथा प्रसारण हुने पत्रपत्रिका, टेलिभिजन, रेडियोमा महिलाको सहभागिता भए पनि उनीहरू सञ्चारगृहमै बसेर काम गर्न रुचाउँछन् । धनुषामा महिला पत्रकारको संख्या न्यून भएको अवस्थामा फिल्डमा भने २/४ जनामात्र देखिन्छ ।

धनुषामा एक सयभन्दा बढी पत्रपत्रिका दर्ता भए पनि अहिले ११ वटा पत्रिका मात्रै नियमित प्रकाशित भइरहेको नेपाल पत्रकार महासंघका उपाध्यक्ष अवधेश कामतले बताए । धनुषाबाट ११ वटा पत्रिका नियमित प्रकाशित भए पनि काम गर्ने महिला एकजना मात्र छन् । यस्तै धनुषाबाट राष्ट्रिय स्तरको पत्रिकामा एकजना छन् ।

रेडियोको संख्या १२ वटा हुँदा औसतमा दुईजनाले एउटा रेडियोमा काम गर्ने गरेका छन् । अनलाइन पत्रिकामा समेत यो संख्या आधा भन्दा कम छ ।

नेपालको संविधानले ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित गरे पनि समान सहभागिता र समावेशिताको वकालत गर्ने सञ्चारमाध्यमले ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित गर्न सकेका छैनन् । सीमित संख्यामा रहेका महिला सञ्चारकर्मी सञ्चारगृहमा स्पष्ट लैंगिक नीतिको अभावका कारण टिक्न सकिरहेका छैनन् ।

यसका लागि संविधान प्रदत्त अधिकार कार्यान्वयनमा नियमनकारी निकायको ध्यान जान जरुरी छ । राज्यले नीति बनाएर कार्यान्वयनमा लानुपर्ने पत्रकार महासंघ धनुषाकी महिला उपाध्यक्ष नेहा झाको धारणा छ ।

सञ्चारक्षेत्रमा महिला सहभागिता बढाउन पत्रकार महिलाहरूको भौतिक र पेसागत सुरक्षा पनि उत्तिकै जरुरी रहेको उनी बताउँछिन् । सञ्चारसम्बन्धी हरेक नीति निर्माण तहमै महिलाको प्रतिनिधित्व भए सहभागिता र पत्रकारितामा महिलाले भोगेका समस्या समाधान हुन सक्छन् ।

आधुनिक युगमा अहिले महिला पत्रकारहरूलाई निरुत्साहित गर्न अनलाइन प्रविधि र सामाजिक सञ्जालमार्फत हिंसा हुँदै छ । यसका लागि बदलिदो समयसँगै नयाँ कानुन निर्माणदेखि कार्यान्वयन हुनुपर्छ । सञ्चार संस्था महिलामैत्री नहुँदा विवाहित महिला पेसाबाटै पलायन हुन परेको विभिन्न अध्ययनले देखाएको छ । त्यसैले

यस क्षेत्रमा समान व्यवहार, उचित पारिश्रमिक र महिलामैत्री वातावरण आवश्यक छ । धनुषाका सन्दर्भमा महिलाको सहभागिता कम भए पनि उनीहरूले नेपाली पत्रकारितामा आफ्नो अमूल्य योगदान दिँदै आएका छन् । आफ्नो क्षमता र योग्यताको आधारमा अवसर पाउनबाट समेत पछि परेका छैनन् ।

विभिन्न बाधा अवरोध तथा चुनौती सामना गर्दै धनुषामा त्यसलाई अवसरको रूपमा परिणत गर्ने एक पात्र हुन् पत्रकार महासंघ धनुषा शाखाकी अध्यक्ष मनिका झा ।

जनकपुरधाममा सञ्चारकर्मी उमा सिंहको हत्या भएपछि यस क्षेत्रबाट पलायन भइरहेका वेला उनी अडिग रहिन् । त्यसपछि सञ्चारक्षेत्रमा उनले पुऱ्याएको योगदानकै कारण आज उनी नेतृत्वदायी भूमिकासम्म पुग्न सकिन् ।

सञ्चारक्षेत्रमा महिलालाई दिने जिम्मेवारी, कार्यस्थलको वातावरण, शारीरिक र पेसागत सुरक्षाका कारणले पनि पत्रकारितामा महिला सहभागितालाई प्रभाव पारेको विभिन्न अध्ययनले देखाउँछन् ।

——◆——

११

# चुनौती झेल्दै नेतृत्वको संघर्ष

✍ रमा के.सी.

बजारमा निकै चहलपहल थियो, त्यसबीचमा एक सुन्दर महिला कापी कलम, रेकर्डर मोबाइल समाती बदाम भुट्दै गरेकी एक आमाको छेउमा बसी भलाकुसारी गरिरहेकी थिइन् । आमा पनि उनीसँग निकै हँसिलो मुहारमा कुरा गरिरहेकी थिइन् । कहिले मलिन त कहिले हँसिलो मुहारका साथमा कुरा गरिरहेकी थिइन् ती आमा ।

आमासँगको कुराकानीपछि मैले ती सुन्दर महिलासँग कुरा गरेँ जो अरूको कुराकानी बाहिर निकाली समाधान गर्ने गर्थिन् । आखिर उनी पनि आफू संघर्ष पीडाका साथ अघि बढेकी रहिछन् । हेर्दा सबै राम्रो देखिने उनको त्यो मुहार पनि बाह्य स्वरूप मात्र रहेछ । किनकि पत्रकारिता पेशा अन्य काम जस्तो सहज छैन, यो पेसामा टिकिरहनका लागि आत्मविश्वास लगनशीलता र पेसाप्रति इमान्दार हुन जरुरी हुन्छ । सञ्चारकर्मीको अनुभवमा समय र जिम्मेवारीलाई राम्रोसँग बुझेको भएर मात्र यो पेसामा लागिरहेको पत्रकार दीपा कोइराला बताउँछिन् । उनी भन्छिन्, 'यो पेसामा लागिरहँदा चुनौती नआएको होइन ।' महिला भएकै कारण बिहान अँधेरोमा काममा जाने, साँझ झिसमिसेमा घर फर्किनु । त्यसैमा सामाजिक अनि पारिवारिक समस्यालाई पार गर्दै यस पेसामा नै केही गर्छु र आफ्नो पहिचान बनाउँछु भन्ने सोचेर पेसालाई महत्व दिँदै जिम्मेवारीका साथ अघि बढेको बताउँछिन उनी ।

सक्षम महिला पत्रकारको कुनै स्थान नभएको हरेक महिला पत्रकारको गुनासो समेत रहेको जानकारी दिइन् उनले । भन्छिन्, 'मैले पत्रकारिता गरेको पनि १८ वर्षमा लाग्यो ।'

राज्यको चौथो अंग मानिने पत्रकारिता क्षेत्रमा महिला पत्रकारहरू पेसामा लागेको केही समयपछि नै हराएर जान्छन्, किन दीर्घकालसम्म यो पेसामा रहन सक्दैनन्, हामी ठूलो जोस र आँट लिएर प्रवेश गर्ने पत्रकारिताको क्षेत्रमा किन केही समयपश्चात् नै पेशा छोड्ने अवस्था सृजना हुन्छ । उसको जिम्मेवारी कसैले पनि लिएको हुँदैन, कसैले पनि महिलालाई टिकाई राख्नुपर्छ, यिनीहरूको व्यवस्था राम्रो बनाउनु पर्छ भनेर आवाज समेत उठान नसक्ने गुनासो गर्दै उनी भन्छिन्, 'महिला पत्रकार भएको नाताले हामीले छुट्टै सम्मान चाहेका छैनौँ र

चाहने पनि छैनौँ, चाहेका छौँ त केवल आत्मसम्मान अनि पुरुष पत्रकार दाजुभाइमाझ समान रूपमा काम गर्न सक्ने वातावरण ।'

पत्रकारिता क्षेत्रमा लागेका महिला पत्रकारको कामको मूल्याङ्कनसँगै प्रोत्साहन गर्ने चलन कमै मात्र भएको पाइन्छ । जसले गर्दा दक्ष महिला पत्रकार यो पेसाबाट विस्तारै पलायन हुने क्रम दिनहुँ बढ्दै गएको छ ।

पुरुष पत्रकार साथीसँग समन्वय गर्दा वा समाचार रिपोर्टिङमा एक्लै हिँड्दा समाजले कुरा काट्ने गरेका कारण पनि मोफसलका महिला पत्रकारमा आफ्नो पेसाप्रति माया पनि हराउँदै गएको पाइन्छ । यसमा मसँगै लागेका धेरै साथीहरूले आफ्नो पारिवारिक समस्याका कारण यो पेसा छाड्नु भयो म भने यसमा नै रमाइरहेकी छु । मेरो घरपरिवारमा अहिले सासू, श्रीमान्, एक छोरा र छोरी छन् । परिवारसँगै मैले मेरो पेसालाई संघर्षका साथ जोगाई नै राखेकी छु ।

यस्तै समाचारमा कामै नगरेको पुरुषलाई समाचार प्रमुखमा राखिन्छ, कार्यक्रममा कामै नगरेकोलाई कार्यक्रम प्रमुख राखिन्छ । तर वर्षौंदेखि काम गरिरहेका महिलालाई भने सामान्य सोची कुनै पद नदिएको पत्रकार सिर्जना बुढाथोकी बताउँछिन् ।

सुर्खेतमा दर्ता भएका पत्रपत्रिकाहरू ६७ वटा छन्, त्यसमा प्रकाशन भइरहेका दैनिक पत्रिका १० वटा, साप्ताहिक पत्रिका २ वटा मात्र छन् । त्यस पत्रिकामा काम गर्ने महिला पत्रकार बढीमा १० जना मात्रै छन् । यस्तै २ वटा टेलिभिजन पनि सञ्चालनमा छन् । त्यसमा काम गर्ने महिला बढीमा २ जना छन् । एफएम रेडियोहरू ११ वटा छन् । त्यसमा काम गर्ने महिला पत्रकारको संख्या भने १० जना मात्रै छ । सुर्खेतबाट सञ्चालित अनलाइनहरू भने ३९ वटा छन् । त्यसमा पनि काम गर्नेको संख्या ७ जना मात्र छ । सञ्चालनमा रहेका यतिका सञ्चारक्षेत्रमा काम गर्ने महिला पत्रकारको संख्या २५ जना मात्र छ भने १५ जना महिला पत्रकार कुनै पनि मिडियामा काम गर्दैनन् ।

(केही गर्नका लागि कि त नातेदार हुनुपर्दो रहेछ कि राजनीतिमा लाग्नु पर्दोरहेछ) दुबैमध्ये कुनै एक विषयमा लागेमात्र अगाडि बढ्न सकिने वीरेन्द्रनगर ८ बस्दै आएकी निर्मला रेग्मीले बताएकी छिन् ।

महिला सोझी हुनुको फाइदा लिनेहरू धेरै नै रहेको सुनाउँछिन उनी । हरेक काम गर्दा महिला र पुरुषमा विभेद गर्ने कमी अहिलेसम्म पनि परिवर्तन हुन भने नसकेको उनको गुनासो छ ।

उनी भन्छिन्, 'मैले २०५२ सालदेखि पत्रकारिता सुरु गरेकी हुँ ! मैले पत्रकारिता गर्दा तलब नलिएर सुरु गरेकी थिएँ, पहिला कुनै पनि टेक्नोलोजीको विकास थिएन, दिनभर डुली बनाएको समाचार विकास सञ्चार केन्द्रमा राखिएको फ्याक्सबाट पठाएर आफ्नो काम सकिन्थ्यो । पत्रकारिताको पनि विकास नभएकाले काम गर्न कठिन हुने गर्थ्यो, लामो समयसम्म आर्थिक अभावमा पत्रकारिता गर्न निकै कठिनाइ भोग्नुपरेको थियो, बाहिरबाट हेर्दा छोरीले जागिर खाएकी छ भन्ने थियो तर खाजा खाने पैसा समेत घरबाट लिएर जानु परेको मेरो त्यो दिन स्मरण गर्दा पनि आँखा रसाउँछन् । त्यो समयमा आर्थिक अभावसँगै स्टेसनको अभाव निकै थियो । पत्रकारितामा बाँच्न सहज बनाउने भनेको त अग्रज दाइहरूको मिठो बोली थियो ।'

हुम्लाकी पत्रकार तिलसरा विकले गत चैतमा सम्पन्न नेपाल पत्रकार महासंघ हुम्लाको निर्वाचनमा जिल्ला सचिवमा लड्ने भन्दै उमेदवारी दिइन् । तर कार्य क्षमता र अनुभवका आधारमा उनीभन्दा पछाडिका पुरुषले बागी उम्मेदवारी दिएपछि सचिव पदमा दिएको उमेदवारी उनले फिर्ता लिइन् । 'काम गर्छु भन्दा महिलालाई अवसर दिनेहरू धेरै हुँदैनन्,' उनी भन्छिन्, 'मलाई तिमीले सक्छौ भनेर आँट दिने त्यतिवेला कोही भएन र मैले उमेदवारी फिर्ता लिएँ ।'

मुगुकी पत्रकार सुकमाया शाहीसँग नेतृत्वमा पुग्नका लागि लड्नुपर्ने लडाइँ त छँदै छ, काम गर्ने क्रममा विभिन्न कार्यालयका व्यक्तिसँग नाम जोडेर चरित्रमाथि औंला उठाएको भोगाइ छ । पत्रकारिता क्षेत्रमा काम

गर्दैगर्दा उनीहरूले भोगेका कुरा यसरी व्यक्त गरेका छन् । उनीहरू भन्छन्, 'पत्रकारिता क्षेत्रमा आबद्ध महिला पत्रकारहरूको साझा समस्या नै यही नै छ ।'

विभिन्न चुनौतीबीच महिला पत्रकारहरूले काम गर्नु परिरहेको भन्दै अवसर नपाउँदा कमजोर सावित गरिदिएको समेत बताएका छन् ।

यस्तै २०५४ सालदेखि पत्रकारिता सुरु गरेकी शोभा रेग्मी भन्छिन्, 'आफ्नै क्षमता र श्रेष्ठताले महिलाहरू अगाडि बढ्नुपर्नेमा नै चुनौती भोगेका छौं ।'

सामाजिक, आर्थिक, घरपरिवार, ठाउँ पाउन नसक्नु र माओवादीका कारण आफ्नो नाम परिवर्तन गरी समाचार लेख्नुपर्ने मुख्य चुनौती रहेको उनको भोगाइ छ । पत्रकारिता क्षेत्रमा मात्रै नभएर अन्य क्षेत्रमा पनि महिलालाई नेतृत्वमा पुग्न नदिन धेरै चलखेल हुने गरेको छ तर पत्रकारका भन्दा अरू गुनासो बाहिर आउने र पत्रकारको नआउने हुनाले पत्रकार महिलाहरू निकै पीडामा परेका छन् ।

आफूले काम गरेको क्षेत्रमा कुनै पनि सेवासुविधा नहुँदा यसै क्षेत्रमा टिकिरहन पनि मुस्किल बन्दै गएको उनले बताएकी छिन् ।

स्थानीय सुर्खेत पत्रका सञ्चालक तथा नेपाल पत्रकार महासंघ सुर्खेत शाखाका अध्यक्षसमेत रहेका ललित बस्यालले क्षमतावान् महिला पत्रकारहरूको खाँचो जहिले पनि रहेको बताएका छन् । उनले भने, 'जसले चुनौती र समस्याको समाधान गर्न सक्छन् तिनीहरू अहिले पनि पत्रकारिता क्षेत्रमा टिकिरहेका छन् । महिलाहरू विशेष गरी विवाह अगाडि सक्रिय हुने र विवाहपछि आर्थिक र पारिवारिक समस्याका कारण निष्क्रिय हुने गरेको अवस्था छ ।'

यस्तै नेपाल पत्रकार महासंघ सुर्खेत शाखाले महिलाहरूलाई क्षमता अभिवृद्धिका लागि क्षमता अभिवृद्धि, सीप विकास सम्बन्धीका तालिमहरूमा सहभागिता गराई बिट पत्रकारिता, फेलोसिपहरूमा पनि महिलालाई अघि बढाइरहेको छ । महासंघले विशेष गरी महिला, जनजाति र दलितलाई धेरै पहल गरेको बताएका छन् ।

——◆——

१२

# सर्लाहीका महिला पत्रकार : नाम न दाम

✍ रिना आले

सर्लाहीमा १४ वटा रेडियो स्टेशन छन्, तीमध्ये २ वटा बन्द छन् । सर्लाहीमा दैनिक, साप्ताहिक, पाक्षिक, मासिक, त्रैमासिक गरी ६७ वटा पत्रपत्रिका दर्ता भएका छन् । दर्ता भएका पत्रिकामध्ये कतिपय निष्क्रिय छन् । दर्जनभन्दा बढी अनलाइन छन् ।

यी सबै मिडियामा महिलाको संख्या कम छ । न्यूनतम पारिश्रामिक नपाएकै कारण पत्रकारिता छाड्ने महिलाको संख्या सर्लाहीमा धेरै छ । पछिल्लो समय बढेको महँगीअनुसार यातायात भाडा आउनेजाने ४०/४० रुपैयाँ, खाजा खर्च ४० सहित दैनिक ज्याला ५०० गरी महिनाको १८ हजार ६०० रुपैयाँ समेत पाउँदैनन् सर्लाहीका पत्रकारले । अहिले धेरैजसो मिडियामा फूलटाइम कर्मचारीलाई ठिक यसको आधामात्रै दिने गरेको गुनासो मिडिया हाउसमा कार्यरत पत्रकारहरूको गुनासो छ ।

संख्यात्मक हिसाबले महिला पत्रकार कमै होलान् तर गुणात्मक हिसाबले महिलाले पनि मिडिया हाउस

सञ्चालन गरिरहेका छन् । सर्लाहीको मलंगवा नगरपालिका निवासी वन्दना झा सर्लाही अपडेटकी सम्पादक हुन् । महिला पत्रकारहरूलाई यो पेसामा अड्याउन अहिलेसम्म पत्रकार महासंघबाट कुनै त्यस्ता कार्यक्रम सञ्चालन नभएको पत्रकार महासंघ सर्लाही शाखाका अध्यक्ष टंक क्षेत्रीको भनाइ छ । क्षेत्रीका अनुसार सर्लाहीको सवालमा अहिलेसम्म पारिश्रमिककै लागि भने धर्ना बस्ने, ज्ञापनपत्र बुझाउने आदि काम भएको छैन ।

जिल्लामा सञ्चालित अनलाइन, पत्रिका र एफ रेडियोमा महिला पत्रकारको संख्या नगण्य छ । जिल्लामा प्रसारण भएका रेडियो टिकाइराख्न महिला पत्रकारको महत्वपूर्ण भूमिका छ । दिउँसोको समयमा कार्यक्रम उत्पादन, प्राविधिक र कार्यक्रम सञ्चालन महिला पत्रकारले गर्ने गरेको पाइन्छ । दिउँसोको रेडियो सञ्चालनका लागि जिम्मेवारी पनि महिलालाई नै दिइन्छ । इमान्दारी साथ रेडियो सञ्चालन पनि गरेको पाइएकाले पत्रकारिता क्षेत्रमा महिला पत्रकारको योगदानलाई कसैले नकार्न सक्दैन ।

सर्लाहीमा व्यावसायिक रूपमा सञ्चार क्षेत्रमा टिकिरहन महिलालाई अत्यन्त कठिन भएको छ । सुरु सुरुमा यस क्षेत्रमा नाम र दाम दुबै हुन्छ भनेर महिला उत्साहित हुँदै पत्रकारिता गर्दछन् । केही समयपछि भने हतोत्साहित हुँदै यो पेसाबाटै पलायन हुने गरेका छन् ।

सर्लाहीका सन्दर्भमा सञ्चारगृहले महिला पत्रकारलाई सुरुको समयमा ३ महिनासम्म परीक्षणमा राख्ने र त्यसपछि थोरै पारिश्रमिक दिने गरेका छन् । त्यो पनि समयमा उपलब्ध गराउँदैनन् । आफूले गरेको श्रमअनुसारको सेवा र पारिश्रमिक नपाएपछि पेसाबाटै पलायन हुन महिला पत्रकार बाध्य छन् । जसले गर्दा अहिले सञ्चारक्षेत्रमा महिला पत्रकारको संख्या निराशाजनक छ ।

अहिले पनि छोरी मान्छेले घर छाडेर बाहिर काम गरेको खासै मन पराइँदैन । त्यसमा पनि पत्रकारिता पेसामा अझ स्वीकृति दिइँदैन । सुझबुझ भएका परिवारमा महिला पत्रकारलाई केही सहज भए पनि कामअनुसारको दाम नपाउने र समयमा पारश्रमिक नपाउने समस्या छ । घर व्यवहार चलाउन समेत नसक्ने भएकाले आर्थिक अभावका कारण अर्कै पेसा अँगाल्ने गरेका महिला पत्रकारको संख्या कम छैन ।

## महिला पत्रकारका अनुभव

रेडियो ढुकढुकीमा ४ वर्ष काम गरेकी लालबन्दी वडा नम्बर ७ की लक्ष्मी गुरुङले आर्थिक, भौतिक पारिवारिक तथा सामाजिक कारण देखाउँदै पत्रकारिता पेसाबाट विश्राम लिएकी छन् । महिला पत्रकारहरूलाई जुनसुकै वेला रिपोर्टिङ गर्न जाँदा हुने अप्ठेरा र समस्या त छँदै छन् । उनी रिपोर्टिङमा अबेर हुँदा साथीभाइको साथमा फर्किने वेला समाजले महिला भएकै कारण हेर्ने दृष्टिकोणमा विभेद झेलेको स्मरण सुनाउँछिन् । त्यतिमात्र नभएर आफूले काम गर्ने सञ्चारगृहमा पर्याप्त जनशक्तिको अभावमा महिलाका लागि आएको अवसरबाट वञ्चित हुनुपरेको गुरुङको भोगाइ छ । 'महिनाबारी भएका वेला कसैलाई पीडा नहुन सक्छ तर कोहीलाई हुन्छ, त्यस्तो वेला सामान्यतया आरामको समेत व्यवस्था हुँदैन', उनले भनिन्, 'टिक्न कोसिस नगरेको हैन, महिलाहरूलाई अवसर नै कम हुन्छ ।'

कार्य क्षमताअनुसार पुरुषले पाउने र महिलाले पाउने पारिश्रमिकमा पनि विभेद रहेको उनले बताइन् । उनी बढ्दो महँगीमा त्यति पारिश्रमिकले निरन्तरता दिन नसकिएको बताउँछिन् । त्यसमाथि विवाह गरेपछि कतिपय परिवारका कारण पेसा छाड्न मन नहुँदा नहुँदै पनि बाध्यकारी अवस्था आएपछि पेसा नै परिवर्तन गर्ने सोचमा पुगेको गुरुङले सुनाइन् ।

सामुदायिक रेडियो मुक्तेश्वर बरहथवाकी पत्रकार सलिना गुर्मछानको अनुभव पनि गुरुङसँग मिल्दोजुल्दो छ । 'पत्रकारिता गर्ने रहर र मन भएर के गर्नु, बाँच्न पैसा चाहिन्छ । स्टेशनबाट समयमा पैसा पाइन्न', गुर्मछान भन्छिन्, 'नाम त छ नि, दाम छैन ।' गत वैशाखमा सम्पन्न स्थानीय चुनावमा रिपोर्टिङ गर्न जाँदा आफू महिला भएकै कारण धम्की समेत सहनु परेको उनले दुखेसो गरिन् । 'कहिलेकाहीँ त ज्यानै जोखिममा पर्ने हो कि

भन्ने डर पनि लाग्ने गर्दछ । परिवारबाट राम्रै साथ र समर्थन भए पनि पत्रकारिता गर्न अहिलेको अवस्थाले जोस जाँगर नै चल्दैन', उनले भनिन्, 'पत्रकारिता पेसामा सुरक्षा, सेवा र सुविधा नहुँदासम्म महिला पत्रकारको संख्यामा कमी हुँदै जाने र कुनै समय महिला पत्रकार नै नहुने हुन सक्छ ।'

नेपाल समाचारपत्र दैनिककी सर्लाही संवाददाता, पत्रकार महासंघ सर्लाही शाखाकी उपाध्यक्ष समेत रहेकी पुस्तिका केसी श्रमको आधारमा पारिश्रमिक नपाउँदा लामो समयसम्म महिला पत्रकारहरू यो पेसामा टिक्न नसकेको सुनाउँछिन् । जसले गर्दा पत्रकारिता क्षेत्रमा बाहेक अन्य क्षेत्रमा राम्रो अवसर पाउनासाथ महिला पत्रकार यस पेसालाई चटक्क छाडेर जाने गरेको इतिहास सर्लाहीका महिला पत्रकारको रहेको उनले सुनाइन् ।

'सोचेजस्तो वातावरण नपाउने घरायसी वा व्यक्तिगत कारण मुख्य गरी आर्थिक कारणले गर्दा सर्लाहीमा सञ्चारक्षेत्रमा महिला पत्रकारको अभाव खड्केको छ', उनले भनिन् । पत्रकारिता पेसालाई नै निरन्तरता दिऊँ की नदिऊँ भन्ने अन्योल महिला पत्रकारमा बढ्दै गइरहेको पाइन्छ ।

समाजमा अन्यायमा परेकाहरूको समाचार लेख्ने महिला आफैँ अन्याय सहन बाध्य छन् । आमनागरिकको पीडा महिलाका समस्या तथा बेथिति उजागर गर्ने महिला पत्रकारहरूले आफैँ चुनौतीको सामना गरिरहेका छन् । महिला पत्रकारहरूको संख्या वृद्धि गर्न नेपाल पत्रकार महासंघ लगायतसम्बन्धित निकायको भूमिका बदलिनु पर्ने हो कि ?

——◆——

**१३**

# उषाको उदाउँदो किरण

**✍ राजेश राजवंशी**

अमेरिकामा हिलारी क्लिन्टन विदेशमन्त्री बनिन्, पछि राष्ट्रपतिकी उम्मेदवार बनिन् । नेपालमा विद्यादेवी भण्डारी राष्ट्रपति छिन् । सुशीला कार्की पूर्वप्रधान्यायाधीश हुन् । लिज ट्रष्ट बेलायतकी प्रधानमन्त्री बनिन् ।

अमेरिका, बेलायत वा नेपालमा प्रमुख पदमा महिलाको प्रतिनिधित्व छ। जनसंख्याको आधारभन्दा पनि समावेशी सिद्धान्तअनुसार महिलाले देशको उच्च ओहदामा पुग्ने अवसर पाए पनि निर्णय प्रक्रियामा पुरुषकै बाहुल्य छ । नेपालको पूर्व १ नम्बर विराटनगरलाई कार्य क्षेत्र बनाएर समाचार लेख्ने गर्छिन् उषा सरदार । मधेशी समुदायका कथाव्यथा शब्दमा उतारेर आम पाठक, दर्शक, श्रोतासम्म पुऱ्याउने काम उनी पत्रकारितामार्फत गरिरहेकी छन् ।

घरधन्दा भन्दा बाहिरको काममा लाग्न नपाउने महिलाका कुरा उषाले समाचारको विषय बनाएकी छन् । महिला भएकै आधारमा काम पाउन समस्या देखेकी छिन् उषाले ।

जसको मुद्दा उसको आवाज भन्ने नारा मात्रै बनेको लाग्छ अर्का पत्रकार पदमकुमार सरदारलाई। सञ्चारमाध्यम समावेशी देख्दैनन् उनी । दलित समुदायको पत्रकारिता पेशामा आबद्धता कम रहेको सरदार बताउँछन् ।

सरदार मकालु टेलिभिजनमा कार्यरत दलित समुदायका युवा पत्रकार हुन् । सञ्चारमाध्यममा नै दलित समुदाय कार्यरत नहुँदा नेपालको संविधान कार्यान्वयन नभएको लागेको छ सरदारलाई । 'पत्रकारिता पेसामा पत्रकार महासंघले बारम्बार समावेशीकरणका कुरा उठाए पनि व्यवहारमा लागु गर्न सकेको छैन', झाले भने, 'जसका कारण दलित समुदायका व्यक्ति पत्रकारिता क्षेत्रमा न्यून छन् ।'

लैंगिक तथा सामाजिक विभेद पत्रकारिता पेसामा कायम रहेको बताउँछन् सरदार । पत्रकारिता क्षेत्रमा समावेशीकरण गर्न दलित समुदायका युवाहरूलाई पत्रकारिता तालिम दिनुपर्ने सुझाव उनले दिएका छन् । रोजगारीको ग्यारेन्टी गरी तालिम सञ्चालन गरे पत्रकारिता पेसामा दलित युवाको आकर्षण बढ्ने उनको विश्वास छ ।

मधेशी पत्रकार समाजका अध्यक्ष श्यामसुन्दर सुतिहारको भनाइ पनि सरदारसँग मेल खान्छ । 'नेपाल पत्रकार महासंघले समावेशिताको मुद्दा प्रमुखताका साथ उठाए पनि त्यो व्यवहारमा लागु भएको देखिन्न', उनले भने ।

मोरङमा पत्रपत्रिका २९, रेडियो १५ र टेलिभिजन २ गरी ४६ वटा सञ्चार संस्था छन् । मधेशी समुदायवाट १ रेडियो, ५ साप्ताहिक पत्रिका र १ मासिक पत्रिका सञ्चालनमा रहेको नेपाल पत्रकार महासंघ मोरङ शाखाले प्रकाशन गरेको सञ्चार डायरीमा तथ्यांक छ । मोरङ शाखामा २०४ जना सदस्यमध्ये आदिवासी जनजाति २२ जना, मधेशी २० जना, महिला १७ जना, आदिवासी मधेशी महिला १ जना, दलित ४ जनामा १ जना महिला छन् ।

सरकारी सञ्चारमाध्यममा त मधेशीको संख्या एकदम न्यून छ । पत्रकारिता क्षेत्रलाई समावेशी बनाउन सञ्चारगृहलाई दबाव दिने निर्णय पत्रकार महासंघले गरे पनि व्यवहारमा उतार्न नसकेको अध्यक्ष सुतिहारले बताए । मधेशी आदिवासी जनजाति तर्फबाट मोरङमा पत्रकारिता गर्ने एक मात्र पत्रकार हुन्, उषा सरदार । पछिल्लो समय पत्रकारिता पेसामा महिलाहरूको प्रवेश प्रशंसनीय देखिएको छ । 'तर पूर्ण लैंगिक समानता भने छैन', उषाले भनिन्, 'अहिले पनि सञ्चारगृहमा काम गर्दा महिलाले भयरहित वातावरण पाएका छैनन् ।'

मधेशी समुदायका महिलालाई पत्रकारितामा लाग्न सरकारी पक्षबाट कुनै पहल भएको देखिँदैन र रोजगारीको सुनिश्चितता नभएकै कारण पत्रकारिता क्षेत्रमा लाग्न पनि चाहँदैनन् । खासगरी मधेशी समुदायमा अहिले पनि व्याप्त लैंगिक विभेद छ । मधेशी महिलालाई समावेशीकरणका लागि पत्रकारिता तालिम र रोजगारी सुनिश्चितता गरे मात्र मधेशी महिलाहरू सञ्चारक्षेत्रमा लाग्ने देखिन्छ । यसका लागि सरकारी निकाय र सञ्चारगृहको संयुक्त पहल हुन आवश्यक छ ।

१४

# ‘विवाहपछि पेसा परिवर्तन गर्नुपर्ने बाध्यता’

✍ सनम महर्जन

महिला पत्रकारलाई महिलामैत्री वातावरण नहुनु, यौन दुर्व्यवहार, जिम्मेवारी विभाजनमा विभेद हुनु, निर्णायक तहमा न्यून उपस्थिति हुनु, पेसागत सुरक्षाको ग्यारेन्टी नहुनु, विवाहपछि काम छोड्नुपर्ने लगायत चुनौती छन् । महिला पत्रकारलाई कार्यस्थलमा भेदभाव सहनुपर्ने तथा काम गराइको हिसाबमा होच्याउने, महिला भएकै कारण जिस्किने, शारीरिक रूपलाई लिएर खराब स्पर्श गर्ने जस्ता धेरै समस्या भोग्नुपरेको देखिन्छ ।

नेपालको जनगणनामा ५२.१५ प्रतिशतभन्दा बढी महिला भए पनि राज्यका विभिन्न निकाय जस्तै पत्रकारिता क्षेत्रमा पुरुषसँग तुलना गर्ने हो भने महिलाको उपस्थिति न्यून छ ।

नेपाल पत्रकार महासंघका कुल १३ हजार ७८ सदस्यमध्ये महिला पत्रकार सदस्य २ हजार ४०८ जना मात्रै छन् ।

### पत्रकारिताको इतिहासमा महिला

नेपाली पत्रकारिताको इतिहासमा महिला पत्रकारको जन्म महिला मासिकबाट सुरु भएको हो । २००८ सालमा मुलुकको पहिलो महिला सम्पादकको रूपमा आफूलाई स्थापित गर्दै साधना प्रधानले ‘महिला’ मासिक पत्रिका प्रकाशित गरिन् । त्यस वेलाको यो एकमात्र महिला पत्रिका लामो समयसम्म टिक्न सकेन । महिला मासिकले भने पत्रकारिता क्षेत्रमा महिला आकर्षण बढाएको मानिन्छ । नेपाली माटोमा महिलाहरूद्वारा सम्पादित भई प्रकाशित भएको पत्रिकाको जेठो विरुवा हो यो ।

यसको केही महिनापछि श्री प्रियंवदा शर्माको सम्पादन तथा कन्यामन्दिर हाईस्कूल साहित्य विभागको प्रकाशनमा ‘प्रभा’ नामक नेपाली भाषाको मासिक पत्रिका २००८ साल आश्विनमा र श्रीमती कुन्तीदेवीको सम्पादन तथा अखिल नेपाल महिला संघको प्रकाशनमा ‘प्रतिभा’ नामक नेपाली भाषाको मासिक पत्रिका २००९ साल भाद्र १६ गते प्रकाशित भयो । यी दुवै पत्रिकाहरू नेपाली भाषा र साहित्यको सेवा गर्न सक्दो अग्रसर भएको देखिए पनि एक वर्षभन्दा बढी जीवित रहन नसकेको नेपालको छापाखाना र पत्रपत्रिकाको इतिहासमा उल्लेख गरिएको छ ।

पञ्चायतकालमा प्रेसमाथि हुने अंकुश २०४६ पछि अन्त्य भयो । २०४६ सालको राजनीतिक परिवर्तनपछि मात्र नेपाली मिडियाको विकास भएको हो । २०५० को दशक नेपाली पत्रकारितामा व्यावसायिक पत्रकारिताको विकास भएको हो । यसबीचमा पत्रपत्रिका, एफएम रेडियो, टेलिभिजनको विकास र विस्तार भए । २०६२ । ०६३ को जनआन्दोलनपछि न्यू मिडियाको रूपमा अनलाइन न्यूज पोर्टलको विकास भयो । डिजिटल प्रविधिको विकासले आज अनलाइन मिडियाको विकास भइरहेको छ ।

यसका साथै सञ्चारक्षेत्रमा पत्रकार महिलाको संख्या र त्यहाँ उनीहरूलाई नेतृत्वदायी भूमिकामा स्थान बढाउन र पत्रकार महिलाको क्षमता विकास गर्न नेपाल सरकारले सञ्चारगृहमा लैंगिक नीति लागू गरेको छ । सरकारले लैंगिक नीति लागू वा समीक्षा गर्ने सञ्चारगृहलाई सरकारी सहयोग दिने खालको रणनीति बनाउनु पर्छ । तब मात्र सञ्चारक्षेत्रमा महिलाको विश्वास र भरोसा बढ्नेछ ।

## लिडिङ पोजिसनमा छैनन् महिला पत्रकार

राज्यका विभिन्न तहमा महिला सहभागिता कम छ । सञ्चारमाध्यममा सम्पादकीय नेतृत्व सम्हाल्ने महिला थोरै छन् । महिला सम्पादक बन्नका लागि आफ्नै लगानीमा मिडिया हाउस वा अनलाइन सञ्चालन गर्नुपर्ने अवस्था देखिन्छ ।

क्रियाशील पत्रकार महिला (डब्लुडब्लुजे) २०२० मा गरेको सर्वेक्षणबाट ६७.७ प्रतिशत पत्रकार महिलाले आफ्नो मुख्य बिट महिला तथा बालबालिका बनाएको देखिन्छ भने शिक्षा, स्वास्थ्यलाई त्यसपछिको रुचिको बिट छानेका पाइन्छ ।

यसका साथै राजनीतिमा ४१.२ प्रतिशत र मनोरञ्जनमा २५.७ प्रतिशत महिला पत्रकारहरू आबद्ध छन् । शिक्षामा ५३.५ प्रतिशत र स्वास्थ्यलाई ५१.९ प्रतिशतले आफ्नो बिट मानेका छन् । साथै स्थानीयमा ४९.२ प्रतिशतले आफ्नो बिटको रूपमा लिएका छन् । 'डब्लुडब्लुजे'ले गरेको सर्वेक्षणमा पाँचमध्ये दुई सहभागीले उनीहरूको सञ्चारगृहमा महिला सम्पादक रहेको बताएका छन् भने पाँचमध्ये तीनले आफ्नो सञ्चारगृहमा महिला सम्पादक नरहेको बताए ।

प्रदेशस्तरीय जानकारीअनुसार आधाभन्दा बढी सहभागी ५७.६ प्रतिशतले कर्णाली प्रदेशमा आफ्नो सञ्चार गृहमा महिला सम्पादक रहेको बताएका छन् । बाग्मती प्रदेशका करिब आधाभन्दा बढी सहभागी ४९.४ ले पनि आफ्नो सञ्चारगृहमा महिला सम्पादक रहेको जानकारी दिएको तथ्यांक छ ।

एफजिडी कार्यक्रममा प्राप्त जानकारीअनुसार सातै प्रदेशका अधिकांश महिला सम्पादकहरू साना स्तरका प्रायः आफैंले सञ्चालन गरेका दैनिक र साप्ताहिक समाचारपत्र, रेडियो र अनलाइनमा कार्यरत छन् । यद्यपि पत्रकार महिलाहरूलाई राज्य, सञ्चारगृह र पुरुष सहकर्मीको सहयोग सीमित मात्रामा मात्र उपलब्ध हुने गरेको छ । यसरी उनीहरू आफैंले आफैंलाई रोजगार र पद सृजना गरेर पत्रकारिता गरिरहेको तथ्यांकमा उल्लेख छ ।

सम्पादक तहमा महिला हुनुपर्छ भन्ने सोचाइ अहिलेसम्म पनि मिडिया सञ्चालकमा विकास भएको छैन । महिलाहरू राजनीति गर्दैनन्, लेख्न जान्दैनन् जसकारण लिडिङ पोजिसनमा कमै आउँछन् ।

नेपालमा पत्रकारिताको विकाससँगै महिला पत्रकारको सहभागिता भने बढेको पाइन्छ । तैपनि महिला भएकै कारण महिला पत्रकारहरूले घरगृहस्थी सम्हाल्दै गर्दा पत्रकारिता पेसा त्याग्नुपर्ने बाध्यता देखिएको छ ।

## कार्यस्थलदेखि फिल्डसम्मै हिंसा

डब्लुडब्लुजेले गरेको प्रदेशगत सर्वेक्षणले कर्णाली, गण्डकी र मधेश प्रदेश यस्ता मुख्य तीन प्रदेश हुन् जहाँ अधिकांश सहभागीले अन्य प्रदेशको तुलनामा बढी यौन दुर्व्यवहारको सामना गरिरहेका देखाएको छ ।

पाँचमध्ये तीन सहभागीले पत्रकार महिलाले यौन दुर्व्यवहार भोगेको सुनाएका छन् । कर्णाली प्रदेशका ४५.५ प्रतिशत सहभागीले त्यस्तो घटना भएको सुनेको र गण्डकी प्रदेशका सहभागीले पनि उक्त कुरा उल्लेख गरेको तथ्यांक छ ।

डब्लुडब्लुजेले गरेको सर्वेक्षणमा यौन दुर्व्यवहार भोगेको विषयमा ४७३ जना पत्रकार महिलाले दशमध्ये एकजना (१०.१ प्रतिशत, सं.४८)ले आफ्नो पत्रकारिता पेसामा यौन दुर्व्यवहार भोगेको उल्लेख गरिएको छ ।

सर्वेक्षणका सहभागीहरूले पुरुष सहकर्मीसँग यात्रा गरिरहेका वेला यौन दुर्व्यवहार भोगेका केही उदाहरण पनि उल्लेख छन् । जस्तो उनीहरूको शरीरको वर्णन गर्ने, गलत मनशायले छुने आदि ।

सहभागीहरूसँग महिला सञ्चारकर्मीमाथि यौन दुर्व्यवहार भएकोबारे प्रश्नमा ५०० सहभागीमध्ये ४६३ जनाले

प्रतिक्रिया दिएका छन् । यीमध्ये पाँचमा दुईजनाले (४० प्रतिशत, सं.१८५) यस्तो घटना सुनेको बताए भने पाँचमा तीनजना (६० प्रतिशत, सं.२७८)ले यस्तो घटना नसुनेको तथ्यांक छ ।

प्रदेशहरूमा, मधेश प्रदेशमा करिब पाँचमध्ये तीन सहभागीले पत्रकार महिलाले यौन दुर्व्यवहार भोगेको केही घटना सुनेको, कर्णाली प्रदेशका ४५.५ प्रतिशत सहभागीले त्यस्तो घटना भएको सुनेको र गण्डकी प्रदेशका सहभागी केहीले पनि उक्त कुरा सुनेको तथ्यांकमा उल्लेख छ ।

सर्वेक्षणको परिणामअनुसार मधेश, बाग्मती, गण्डकी र कर्णाली प्रदेशबाट सर्वेक्षणमा सहभागी ५०० मध्ये ४६८ जनाले महिला भएकै नाताले भेदभावको सामना गर्नुपरेको प्रतिक्रिया दिएका छन् । तीमध्ये एक तिहाइ (३३.५ प्रतिशत, सं.१५७)ले यस्तो भेदभाव भोगेको उल्लेख गरेका छन् ।

सञ्चारिका समूहकी पूर्व उपाध्यक्ष कमला पन्थी आफूलाई पुरुष जत्तिकै अब्बल देखाउने प्रयासमा समय बिते पनि महिलालाई आफ्नो क्षमता प्रस्तुत गर्न बीसौं वर्ष लाग्न सक्ने बताउँछिन् । 'हामी पुरुषवादी समाजमा बाँचिरहेका छौं । पुरुष हरेक तरिकाले सही छ भन्ने हाम्रो संस्कार हो', उनले भनिन्, 'यसरी नै कार्यस्थलमा सुरक्षाका दृष्टिकोणले महिला पत्रकार असुरक्षित छन् । कार्यस्थलमा सुरुमा महिला र पुरुषको संख्या उस्तै हुने तर दशौं वर्षपछि महिला विस्तारै यो पेसाबाट पलायन हुँदै गएको रिसर्चले समेत देखाएको छ ।'

मिडियामा महिलामैत्री वातावरण नभएको बताउँछिन् उनी । कार्यस्थलमा एक महिला पत्रकार आमालाई सुत्केरी बिदा, अफिसमा बच्चा ल्याउने वातावरण, दूध खुवाउने वातावरण नहुनुको छुट्टै अर्को पीडा रहेको उनले बताइन् ।

महिलाले विवाहअघिको, विवाहपछिको र बालबच्चा भइसकेपछिको गरी तीन फरक जिन्दगी बाँच्न बाध्य भएको उनले अनुभव सुनाइन् । 'जस कारण कैयौं क्षमतावान् महिला पत्रकारले विवाहपछि पेसा परिवर्तन गर्नुपर्ने बाध्यता छ', उनले भनिन् ।

## महिलाका लागि सफ्ट बिट धारणा

सेतोपाटी अनलाइनमा ४९ कार्यरतमध्ये १४ जना महिला पत्रकार छन् र तीमध्ये अधिकांश महिला पत्रकारहरू कला, साहित्य तथा समसामयिक विषयमा कलम चलाउनेहरू छन् ।

गोरखापत्र अनलाइनमा ३० जना पत्रकारहरूमध्ये ९ जना महिला पत्रकार छन् । नौजनामा पनि राजनीतिक बिटमा एकजना र बाँकी ८ जना कला, साहित्य र स्वास्थ्य बिटमा आबद्ध छन् ।

महिला पत्रकारलाई कला, स्वास्थ्य, मनोरञ्जन, फेसन र सामाजिक मुद्दाका बिट पुरुषले सजिलो भन्दै थमाउने गर्छन् तर वास्तवमा यो सहज बिट भने हैन । पन्थीले भनिन्, 'पुरुषले आफूले बोकेका बिट महान् र ठूला सोच्छन् तर सामाजिक विवेद, हिंसा, न्याय र दुर्व्यवहार सबै विषय सामाजिक मुद्दासँग जोडिएका हुन्छन् । राजनीतिमा फलाना नेताले बोलेको लेख्न गाह्रो मान्ने पुरुष पत्रकारले सामाजिक मुद्दामा कलम चलाउनु सजिलो भन्ने धारणा गलत हो ।'

जहाँ धेरै अन्तरसंवाद त्यहाँ धेरै सूचना । कतिपय महिला पत्रकारहरू त आफ्नै स्रोतबाट हिंसामा परेका हुन्छन् तर सूचना पाउने फाइदाका कारण खुलेर हिंसासमेत इन्कार गर्न सकिरहेका हुँदैनन् । पत्रकारितालाई जीवन बनाउँछु भनेर लागेका महिला पत्रकारहरूसमेत हिंसाविरुद्ध आवाज उठाउन नसकेर पलायन भएका छन् । त्यसैले जबसम्म महिलाहरू आफैं नै नीति निर्माणको तहसम्म पुग्दैनन्, त्यो वेलासम्म महिलाहरू विभेद र हिंसामा परिरहन्छन् ।

१५

# सूचनाको हकबारे नागरिकलाई बुझाउन आवश्यक

✍ आभास बुढाथोकी

दाङ । दाङका ६७ वर्षीय देवीराम बुढाथोकीले घरछेउको सडकले हरेक वर्ष हैरानी व्यहोर्नु पर्थ्यो । वर्षाभरी सडकमा खाल्डाखुल्डी पर्ने र हिलाम्मे हुन गर्थ्यो ।

हरेक वर्ष यस्तै हैरानी भोग्नु परेपछि उनी घोराही उपमहानगरको २०७५ सालको सार्वजनिक सुनुवाइमा पुगे । त्यहाँ उनले घरअगाडिको बाटो ग्राभेल गरिदिन घोराही उपमहानगरको चौमासिक सार्वजनिक सुनुवाइमा गुनासो राखे । उनको गुनासोलाई सम्बोधन गर्दै मेयर नरुलाल चौधरीले बजेट छुट्याइदिने आश्वासन दिए । गुनासो राखेको वर्ष दिन बित्दा पनि बाटो बन्ने कुनै सुरसार देखिएन । त्यसपछि उनले थप एक वर्ष कुरे । तैपनि बाटो ग्राभेल गर्ने काम अघि बढेन ।

अन्ततः उनी उपमहानगरपालिमा पुगेर सडकको योजनाबारे बुझ्न खोजे तर योजनाबारे कसरी थाहा पाउने उनले मेसो पाएनन् । कर्मचारीले कहिले एउटा कोठा देखाइदिन्थे, कहिले अर्को । दिनभर धाउँदा पनि उनले उक्त बाटोको योजनाबारे थाहा पाउन सकेनन् ।

अर्को दिन पनि उसैगरी उपमहानगरपालिका धाए तर सडकबारे केही गरी पनि सूचना पाएनन् । केही कर्मचारीले अर्को दिन आउनुस् भनेर टारिदिए । दुई दिन लाग्दा पनि उनले सडकबारे के हुँदै छ भन्नेबारे सूचना पाएनन् । त्यसपछि उनी उपमहानगरपालिका जानै छोडिदिए । 'सडक बनाइदिने भनेका थिए, कहाँसम्म पुग्यो, कहिले बन्छ भनेर सोध्न पुगेको मान्छे, दुई दिन धाउँदा पनि केही थाहा पाउन सकिनँ', उनले भने ।

..................

त्यस्तै हैरानी भोगिन्, घोराही-१६ का खिरिट्टेकी गंगा बस्नेतले । ज्येष्ठ नागरिक भत्ता लिन उनले राष्ट्रिय परिचयपत्र बनाउनुपर्ने भयो । उनलाई कहाँ र कसरी बनाउने भन्ने कुनै थाहा थिएन । सुरुमा उनी वडा कार्यालय धाइन् । परिचयपत्र बनाउन के चाहिन्छ भनेर सोधिन् । कसैले पनि स्पष्ट रूपमा भनेन । वडा कार्यालयका कर्मचारीले जिल्लाका प्रशासन कार्यालयमा गएर राष्ट्रिय परिचयपत्र बनाउनू भन्दै पन्छिए ।

उनी जिल्ला प्रशासन पुग्दा लामो लाइन थियो । दिनभर लाइनमा उभिएपछि बल्लतल्ल उनको पालो आयो तर परिचयपत्रका लागि बसाईंसराइँ लगायतका कागजागजात नपुगेको भन्दै उनलाई फर्काइदिए । उनी फेरि वडा कार्यालय धाउनुपऱ्यो । वडा कार्यालयमा पुगेर उनले भनेजति सबै कागजात लिएर पुनः जिल्ला प्रशासन कार्यालय पुगिन् । त्यसपछि फेरि लाइन लागेर राष्ट्रिय परिचयपत्र बनाइन् । 'परिचयपत्र कसरी बनाउँछन् भन्ने थाहा नपाउँदा खुबै हैरानी भोगेँ', उनले भनिन्, 'पहिले नै कसैले भनिदिएको भए यति दुःख त पाउने थिइनँ ।'

माथिका दुई पात्रले भोग्नुपरेको सास्तीले सार्वजनिक निकायबाट सर्वसाधारण नागरिकले सहजै सूचना पाउने स्थिति छैन भन्ने चित्रण गर्छ । जब कि सार्वजनिक चासो र सरोकारका विषयमा सूचना वा जानकारी माग्नु नागरिकको हक हो । जुन अधिकार संविधानले नै दिएको छ ।

सूचनाको हक सम्बन्धी ऐन-२०६४ ले सार्वजनिक महत्वका सूचनाबारे नागरिकलाई सुसूचित हुन पाउने अधिकारको व्यवस्था गरेको छ । उक्त ऐनको दफा ३ को (२) अनुसार प्रत्येक नेपाली नागरिकमा सार्वजनिक निकायमा रहेका सूचनाको पहुँच हुने भनेर स्पष्ट भनेको छ । ऐनले नागरिकले सूचना मागेको हकमा १५ दिनभित्रमा सूचना उपलब्ध गराउनुपर्ने व्यवस्था गरेको छ । उक्त सूचना दिन अस्वीकार गरे त्यसको ७ दिनभित्र सम्बन्धित निकायका प्रमुखसमक्ष उजुरी दिन सकिन्छ । त्यसपछि प्रमुखले ७ दिनभित्र सूचना उपलब्ध गराउनुपर्नेछ समेत भनिएको छ ।

नागरिकलाई सूचना दिने कुरा कानुनमा व्यवस्था भए पनि व्यवाहारमा भने कार्यान्वयन हुन सकेको छैन । नागरिकलाई सूचना दिने विषयमा सार्वजनिक निकायहरू गम्भीर नहुँदा नागरिकले सूचना पाउने अधिकारबाट वञ्चित हुनुपरेको नागरिक समाज दाङका संयोजक केवी मसाल बताउँछन् । 'आमनागरिकले सूचना पाउने प्रयास भए पनि पर्याप्त छैनन्', उनले भने, 'आवरणमा सूचना पाउन सहज छ भनेर देखाइन्छ तर व्यवहारमा सूचना पाउन सजिलो छैन ।' उनले नागरिकले सूचना पाउने एकमात्र ठाउँ भनेको सञ्चारमाध्यम भएको बताए । 'मागेका वेला सार्वजनिक निकायबाट सजिलै सूचना दिने प्रचलन अझै छैन', उनले भने, 'नागरिकले जे जति सूचना पाइरहेका छन्, त्यो सबै सञ्चारमाध्यमबाट पाएका छन् ।'

**मिडियाको भूमिका अझ बढी**

आमनागरिकले सूचना पाउने प्रभावकारी माध्यम नै सञ्चारमाध्यम भएकाले यसको भूमिका अझ महत्वपूर्ण भएको बताउँछन्, नेपाल पत्रकार महासंघ दाङका अध्यक्ष दुर्गालाल केसी । उनले सञ्चारमाध्यमले सार्वजनिक महत्वका सूचना प्रवाह गर्नुका साथै सूचनाको हकबारे नागरिकलाई समेत बुझाउन आवश्यक रहेको बताए । 'सामान्यतया सूचना पत्रकारले मात्र पाउँछन् भन्ने बुझाइ छ', उनले भने, 'तर आमनागरिकले पनि आफूले मागेको सूचना पाउने अधिकार कानुनले दिएको छ । सार्वजनिक निकायबाट पनि नागरिकले सूचना पाउँछन् भन्ने कुरा सञ्चारमाध्यमले प्रवाह गर्न जरुरी छ ।'

त्योसँगै सूचनाको हकसम्बन्धी बनेको कानुन कार्यान्वयनका लागि पनि सञ्चारमाध्यमको भूमिका उतिकै रहेको उनी बताउँछन् । 'सञ्चारक्षेत्रले सार्वजनिक निकायहरूलाई सूचना दिने कुरामा थप जिम्मेवार बनाउनुपर्छ', उनले भने, 'एकातिर नागरिकलाई सूचना दिने काम गर्नुपर्छ, अर्कोतिर जिम्मेवार बनाउनु पर्छ ।'

घोराही उपमहानगरपालिका भने सूचना लिन समस्या नभएको बताउँछ । मेयर नरुलाल चौधरीले चार/चार महिनाको सार्वजनिक सुनुवाइ गरेर सबै सूचनाहरू सार्वजनिक गर्ने गरेको बताए । 'उपमहानगरबाट के कस्ता काम भएका छन्, सबै सार्वजनिक गर्ने गरेका छौं', उनी भन्छन्, 'बाँकी सूचना लिनुपरेमा पनि समस्या छैन ।' उनले उपमहानगरपालिका सबैजसो सूचनाहरू वेवसाइटमा समेत राख्ने गरेको बताए ।

**दूरदराजमा अझै भूमिका बढी**

दाङ घोराही उपमहानगरपालिका-१९ सैघाका ६८ वर्षीय हीराबहादुर घर्ती मगर अझै पनि सबै सूचना रेडियोबाटै थाहा पाउँछन् । उपमहानगर भए पनि भौगोलिक रूपले निकै विकट यो गाउँमा सबैखाले सूचनाका लागि रेडियोको भर पर्नुपर्छ । 'यहाँ फोन पनि मुश्किलले लाग्छ', उनले भने, 'कहाँ के भइरहेको छ भन्ने सबै कुरा रेडियो सुनेपछिमात्र थाहा हुन्छ ।'

दाङका यस्ता थुप्रै बस्ती छन्, जहाँ नागरिकलाई रेडियो बाहेक सूचनाको भरपर्दो माध्यम अरू छैन । सार्वजनिक महत्वका विषयमात्र नभएर सबैखाले सूचनाका लागि पनि यस्ता बस्तीमा रेडियो प्रभावकारी माध्यम मानिन्छ ।

एकातिर सहरी क्षेत्रहरूमा सूचनाका लागि मोबाइल, टिभी, पत्रपत्रिका र इन्टरनेट जस्ता सञ्चारका प्रविधिको विकास र विस्तार भइरहँदा पहाडी बस्तीका बासिन्दा अझै सूचनाको पहुँचभन्दा बाहिर छन् ।

सबैजसो सूचनाबारे सूसुचित हुने कुरा नागरिकको मौलिक हकभित्र पर्ने भएकाले सबै क्षेत्रका नागरिकले सूचना पाउनुपर्ने पत्रकार महासंघ दाङकी सल्लाहकार लक्ष्मी आचार्य बताउँछिन् । उनले कुनै पनि बहानामा नागरिक सूचना पाउनबाट वञ्चित हुन नहुने बताइन् । उनले दूरदराजका र विकट क्षेत्रका नागरिकलाई सुसूचित बनाउने काममा सञ्चार क्षेत्रको महत्वपूर्ण भूमिका भएको बताइन । 'कतिपय पहाडी बस्तीमा सूचनाका भरपर्दा माध्यम छैनन्', उनी भन्छिन्, 'ती क्षेत्रमा रेडियो जस्ता सञ्चारमाध्यमहरू नागरिकलाई सुसूचित पार्ने काममा अझ प्रभावकारी हुनुपर्छ ।'

जिल्लाको करिब ४० प्रतिशत पहाडी भूभाग रहेका क्षेत्रमा रेडियो जस्ता सञ्चारमाध्यमले नागरिकलाई सुसूचित गर्ने महत्वपूर्ण भूमिका खेलिरहेका छन् । जिल्लाभर १५ वटा रेडियो छन् । खासगरी विकट क्षेत्रका नागरिकलाई सूचना प्रवाह गर्न रेडियोले भूमिका खेलिरहेको रेडियो हाम्रो पहुँचका सम्पादक जीत सागर जिएम बताउँछन् । उनले

रेडियोबाट जनचेतनामूलक, सार्वजनिक महत्वका विषय लगायतका सबैखाले सूचना प्रवाह गर्नमा जोड दिएको बताए ।

---

**१६**

# गोपनीयताको संस्कारमा हुर्केको प्रशासनिक संयन्त्र

✍ **रामशरण नेपाली**

सूचनाकै कारण साँघुरो बनेको विश्वमा अहिले कसले छिटो सूचना दिने र थाहा पाउने भन्ने होडवाजी चलिरहेको छ। जोसँग धेरै सूचना हुन्छ त्यो नै शक्तिशाली मानिन्छ। सूचनाको यो शक्तिलाई हरेक नागरिकले समान रूपमा उपयोग गर्न सके हरेक क्षेत्रमा पारदर्शिता, जवाफदेहिता र सुशासन कायम गर्न सकिन्छ। नेपालको संविधानले प्रत्येक नागरिकलाई सार्वजनिक सरोकारका कुनै पनि विषयमा सूचना माग गर्न पाउने हकको व्यवस्था गरेको छ।

**सूचनाको हक के हो ?**

सूचनाको हकसम्बन्धी ऐन, २०६४ मा 'सूचना' भन्नाले सार्वजनिक निकायबाट सम्पादन हुने वा भएको सार्वजनिक महत्वको काम, तत्सम्बन्धी कारबाही वा निर्णयसँग सम्बन्धित कुनै लिखत, सामग्री वा जानकारी सम्झनुपर्छ भनी परिभाषित गरिएको छ।

नेपालकोसंविधाको धारा २७ मा सूचनाको हकसम्बन्धी व्यवस्थामा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको विषयको सूचना माग्ने र पाउने हक हुने व्यवस्था छ । तर कानुनबमोजिम गोप्य राख्नुपर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पारिनेछैन भनी उल्लेख गरिएको छ।

सार्वजनिक निकायबाट सम्पादन हुने वा भएका सबै सार्वजनिक महत्वको काम कारबाही र त्यससम्बन्धी गरिएका महत्वपूर्ण निर्णय वा कुनै सामग्रीको लिखित वा मौखिक जानकारीलाई सूचनाका रूपमा परिभाषित गरिएको छ। यी सूचनाहरू स्वयं कार्यालयले नै त्रैमासिक रूपमा सार्वजनिक गर्नुपर्ने कानुनी प्रावधान छ।

सूचनाको हकसम्बन्धी ऐन २०६४ ले नेपालको सार्वभौमसत्ता, राष्ट्रिय सुरक्षा, अन्तरराष्ट्रिय सम्बन्धमा गम्भीर खलल पार्ने, अपराध अनुसन्धान, तहकिकात तथा अभियोजनमा प्रत्यक्ष असर पार्ने, आर्थिक, व्यापारिक तथा मौद्रिक हित, बौद्धिक सम्पत्तिको संरक्षण, बैंकिङ वा व्यापारिक गोपनीयतामा गम्भीर आघात पार्ने खालका सूचना सार्वजनिक गर्न नमिल्ने व्यवस्था गरेको छ। यीबाहेक सबै सार्वजनिक सूचना माग गर्दा जो कोही नागरिकले पनि पाउनेछन् ।

**कार्यान्वयनको अवस्था :**

नेपालको सन्दर्भमा केही सूचनाबाहेक महत्वपूर्ण सूचना कार्यालयले सार्वजनिक गर्दैनन् । अहिले पनि सूचना लुकाउनेहरूको जमात निकै छ। अनिवार्य सार्वजनिक गर्नुपर्ने सूचनासमेत सार्वजनिक नहुँदा आमनागरिक सूचनाको अधिकारबाट वञ्चित रहनुपरेको छ।

राष्ट्रिय सूचना आयोगले विगतमा संघीय मन्त्रालय, विभाग तथा कार्यालयहरूको परीक्षण गर्ने गरेकोमा संघीयता लागू भएपछिको अवस्थालाई ध्यानमा राखी ३ वटा प्रदेशहरू बागमती, गण्डकी र मधेश प्रदेशका सार्वजनिक निकायहरूको परीक्षण गरेको थियो ।

आयोगको 'सूचनाको हक कार्यान्वयनको परीक्षण प्रतिवेदन, २०७८' (आरटीआई अडिट) अनुसार सार्वजनिक निकायहरूमा सूचना अधिकारी तोक्ने सम्बन्धी कार्यान्वयनका अवस्थाका आधारमा बागमती ७.३ अंक, गण्डकी र मधेश प्रदेशले समान १० अंक प्राप्त गरेका छन् ।

त्यसैगरी स्वतः प्रकाशन ३/३ महिनामा गरेको कार्यान्वयनको स्थितिमा बागमती ४, गण्डकी ८ र मधेश प्रदेशले ५ अंक प्राप्त गरेका छन् । सूचना माग र प्रवाहको निवेदन छुट्टै रजिष्टरमा दर्ता गर्ने र छुट्टै फाइल खडा गर्ने सम्बन्धी कार्यान्वयनको स्थितिमा बागमतीले १.४, गण्डकीले ८ र मधेश प्रदेशले ५ अंक प्राप्त गरेका छन् ।

सूचना अधिकारीले सूचनाका क्षेत्रका गतिविधिहरू एकीकृत गर्ने गरे/नगरेको स्थितिमा बागमतीले ३.१, गण्डकी ७ र मधेश प्रदेशले १० अंक प्राप्त गरेका छन् । यसैगरी सूचना अधिकारीको बोर्ड राखिएको वा नराखिएको विषयमा बागमतीले ४.३, गण्डकीले ९ र मधेश प्रदेशले १० अंक प्राप्त गरेका छन् ।

वेबसाइटमा सूचना अधिकारीको विवरण र स्वतः प्रकाशनको विषय भए/नभएकोमा बागमतीले ४.४, गण्डकीले ९ र मधेश प्रदेशले १० अंक प्राप्त गरेका छन् । मन्त्रालयको वेबसाइट दुरुस्त भए/नभएकोमा बागमतीले ६, गण्डकीले १० र मधेश प्रदेशले ५ अंक प्राप्त गरेका छन् । सूचना प्रवाहमा मन्त्रालयले अग्रसरता र नियमित प्रेस भेटघाट भए/नभएकोमा बागमती ६, गण्डकी ८ र मधेश प्रदेशले ५ अंक प्राप्त गरेका छन् । त्यसैगरी सूचनाको हक तालिममा समावेश गर्ने गरे/नगरेकोमा बागमतीले १.५, गण्डकीले ६ र मधेश प्रदेशले ५ अंक प्राप्त गरेका छन् ।

सूचनाको हकको दायित्व पूरा गरे/नगरेको जस्तै; विभिन्न भाषामा सूचना प्रवाह गर्ने र आमसञ्चार प्रयोग गरी सूचना प्रचार प्रसार गर्ने गरेको वा नगरेको वा वर्गीकरण गरी/नगरेको सम्बन्धमा बागमतीले ५.१, गण्डकी ७ र मधेश प्रदेशले ५ अंक प्राप्त गरेका छन् ।

## कसका लागि सूचनाको हक ?

सूचना पाउनु नागरिकको संवैधानिक अधिकार भएकाले सूचनाको हक प्रत्येक व्यक्तिलाई प्राप्त अधिकार हो । यही अधिकार प्रयोग गरेर सार्वजनिक क्षेत्रमा हुने गैरकानुनी, अनुचित र कानुनविपरीतका कार्यविरुद्ध सामूहिक विरोध गर्न सकिन्छ । सम्बन्धित निकायका पदाधिकारीलाई खबरदारी गरिन्छ र सच्चिने मौका प्रदान गर्न सकिन्छ ।

सूचनाको हकको प्रयोगबाट सार्वजनिक ओहदामा रहेका व्यक्तिलाई गलत क्रियाकलाप हुन नदिन झस्काइरहन्छ। यसले सार्वजनिक निर्णय र क्रियाकलापमाथि पहुँच राख्न पाउने कानुनी अधिकार सिर्जना गर्नुका साथै सार्वजनिक काम कारबाही, सार्वजनिक सरोकारका विषयमा आमनागरिकको पहुँचका लागि मार्गप्रशस्त गर्छ ।

सूचनाको हकको प्रयोग रिसइबी र प्रतिशोध साँध्ने हतियारका रूपमा हुनुहुँदैन । आवश्यकता र औचित्यको आधारमा सूचनाको आदानप्रदान कानुनबमोजिम हुनुपर्छ ।

सूचना लिने र दिने दुबै पक्षले सूचनाको हकलाई सकारात्मक र रचनात्मक रूपमा लिएर यसको प्रयोगलाई

सरल बनाउन लाग्नुपर्छ। संघीय शासन प्रणालीमा सूचनाको हक महत्वपूर्ण छ। सूचनाको हकको प्रभावकारी कार्यान्वयनबाट मात्र सार्वजनिक निकायलाई पारदर्शी, नागरिकप्रति जिम्मेवार, उत्तरदायी र जवाफदेही बनाउन सकिन्छ।

### सूचना माग गर्नुपर्ने क्षेत्रहरू :

राज्य पुनर्संरचनापछि देशमा तीन तहको सरकार सञ्चालनमा छ। तीमध्ये सबैभन्दा बढी प्रदेश सरकारमा भ्रष्टाचार बढेको पाइन्छ। प्रदेश सरकारका नाममा आएको बजेट, नीति तथा कार्यक्रम कहाँ र के कसरी खर्च भएका छन् भन्ने अन्योल छ। यी क्षेत्रमा नागरिकले सूचनाको हक प्रयोग गरी सुधारको बाटो खोज्न सकिन्छ।

यी क्षेत्रमा वास्तविक पीडित वा कृषकलाई नदिई आफू अनुकूलका कार्यकर्तालाई बाँडिने प्रचलन देखिएको छ। यिनै क्षेत्रमा बढी भ्रष्टाचार हुने भएकाले सम्बन्धित निकायलाई खबरदारी गर्न र सुधारको बाटो देखाउन सूचना माग गर्न सक्नुपर्छ।

सूचनाको हकलाई निरन्तर प्रयोगमा ल्याई राज्यका अंग र सार्वजनिक निकायलाई जनताप्रति उत्तरदायी, संवेदनशील र सक्रिय बनाई राख्न सचेतीकरण गर्नुपर्ने जरुरत छ। अनि मात्र गोपनीयताको संस्कारमा हुर्केको प्रशासनिक संयन्त्रमा परिवर्तन ल्याई जनउत्तरदायी, पारदर्शी, लोकतान्त्रिक शासन व्यवस्थालाई बलियो बनाउन मद्दत पुग्छ।

### सूचनाको हक प्रयोगमा आउँदाका फाइदा :

कानुनको पूर्ण कार्यान्वयन गराई प्रजातान्त्रिक पद्धतिको संरक्षणका लागि संस्थागत उत्तरदायित्व, खुलापन, पारदर्शिता तथा जनसहभागिता जस्ता पक्षहरूको प्रवर्धनमा योगदान पुर्‍याउँछ। यसले शासकीय व्यवस्थामा नागरिक सहभागिता तथा सचेतना अभिवृद्धिका लागि प्रभावकारिता बढाउँछ।

खुला सरकारको अवधारणालाई व्यवहारमै आत्मसात गर्न, निर्णय प्रक्रियामा सम्बन्धित सेवाग्राहीको सहभागिता खुला गर्ने गर्छ। अनियमित र गलत कार्यलाई सतर्क गराउन र उजागर सहजीकरण गर्ने र सार्वजनिक निकायमा निष्पक्षता र समानता कायम गराउने गर्छ। सुशासनलाई व्यवहारमा उतार्ने, नागरिकको आत्मसम्मान बढाउने तथा सेवा प्रवाहमा दक्षता र प्रभावकारिता वृद्धि गर्ने कार्य गर्दछ।

### सूचनामा पहुँचको अवस्था सुदृढीकरणमा सञ्चार क्षेत्रको भूमिका

स्वतन्त्र प्रेसले जनताको हितमा मान्यता स्थापित गर्न सक्रिय भूमिका खेल्न सक्छ। प्रेसको काम जनतालाई सूचित गर्नु, जनमत र दबाव सिर्जना गर्नु हो। यसरी प्रेसले एकातिर सूचनाको हकको उपयोग गर्छ भने अर्कोतिर सूचनाको हक स्थापित र प्रभावकारी कार्यान्वयनका लागि सक्रिय भूमिका खेल्छ।

सञ्चारक्षेत्रले जनतालाई सुसूचित गर्ने, जनताले थाहा नपाएको सूचनाबारे जानकारी गराउने र कुनै विषयमा लामो खोज अनुसन्धान गरेर सत्यतथ्य पत्ता लगाउने काम गर्छ। त्यसैले यसलाई राज्यको चौथो अङ्गका रूपमा लिइन्छ ।

जनताले सञ्चारक्षेत्रबाट विभिन्न प्रकारका समाचार र विचार अपेक्षा गर्छन्। समाजमा भइरहेका महत्वपूर्ण विषयबारे सञ्चारमाध्यमबाट जानकारी गराइराखोस् भन्ने उनीहरू चाहन्छन्। संसद्मा कुनै कानुन पास हुन लागेको छ, अदालतमा महत्वपूर्ण मुद्दामा बहस भइरहेको छ, सरकारले कुनै महत्वपूर्ण आर्थिक नीति बनाउँदै छ

वा मन्त्रीलाई भ्रष्टाचारको आरोप लागेको छ भने सञ्चार क्षेत्रले ती विषयमा सूचित गरोस् भन्ने आमजनताले आशा गर्छन् । यसैले सञ्चारमाध्यमले आफू सूचित भएर जनतालाई सुसूचित गर्नका लागि सूचनाको हक उपयोग गर्छ। यो अधिकार सञ्चार क्षेत्रको विशेष अधिकार होइन। सूचना अधिकार कानुन लागू भएका देशमा सञ्चार क्षेत्रले यो अधिकार आमजनताको तुलनामा १० देखि २० प्रतिशतसम्म मात्र प्रयोग गरेको देखिन्छ।

अधिकांश मानिसले आफैले, व्यक्तिगत र प्रत्यक्ष रूपले सूचनाको हक कानुनको प्रयोग र अभ्यास गर्दैनन् । धेरै मानिसहरू प्रायः संसद् र अदालतमा जाँदैनन् । न त उनीहरूले सरकारी कार्यालयमा भएका अभिलेख, लिखतहरू वा अन्य सूचना लिन खोज्छन् तर समाजका अधिकांश सदस्यहरूले सूचना पाउन चाहन्छन् । यसका लागि उनीहरूले आमसञ्चारका माध्यम अर्थात् अखबार, रेडियो, टेलिभिजन र अब आएर अनलाइनको उपयोग गर्छन्। जनताले सञ्चारक्षेत्रबाट विभिन्न प्रकारका कुरा अपेक्षा गर्छन्। समाजमा भइरहेका महत्वपूर्ण विषयहरूबारे सञ्चार क्षेत्रले जानकारी गराइराखोस् भन्ने पनि चाहन्छन् । नेपालमा सूचनाको हकको लागि पत्रकारिता क्षेत्रले सबैभन्दा पहिले आवाज उठाएको हो ।

प्रेसले जनताको प्रतिनिधि भएर यो अधिकार मागेका हुन् । विचार र अभिव्यक्ति स्वतन्त्रता, सूचनाको स्वतन्त्रता जस्तै प्रेस स्वतन्त्रता पनि आमजनताको लागि हो । कुनै पनि पत्रकारले सरकार, संघ, संस्था वा सार्वजनिक निकायबाट लिने सूचना उसको आफ्नो निजी प्रयोगका लागि नभएर आम नागरिकका लागि हो ।

नागरिकले सूचना प्राप्त गर्नका लागि मिडिया नै सबैभन्दा पहुँचयोग्य र जनताले प्रयोग गर्न सक्ने माध्यम हुन् । त्यसैले नागरिकको सूचनाको हक र त्यहाँका सञ्चारमाध्यमको महत्वपूर्ण र अन्योन्याश्रित सम्बन्ध हुन्छ । सूचनासँगै नागरिकका सूचना प्राप्तिका दायरा पनि फराकिला र पहुँचयोग्य बन्न सक्छन् । विभिन्न निकायबाट सूचना किन लिने, कसरी लिने, विधि र प्रक्रिया बमोजिम सूचना दिन आनाकानी गर्ने संस्था, निकाय वा त्यहाँका कर्मचारीलाई के सजाय हुनसक्छ लगायतका जानकारी सञ्चारक्षेत्रले आमनागरिकमा प्रभाव गरिरहेको हुन्छ। अतः आमनागरिकको सूचनामा पहुँचको अवस्थालाई प्रभावकारी बनाउन र सुदृढीकरण गर्नमा सञ्चार क्षेत्रले उल्लेख्य भूमिका निर्वाह गरेको छ ।

——◆——

**१७**

# सूचना माग्दा हप्कीदप्की

✍ **जनार्जन खत्री**

सर्लाही जिल्ला अदालत मलंगवामा विगत दुई वर्षदेखि सूचना माग गर्दै कुनै पनि निवेदन परेको छैन । अदालतका स्रेस्तेदार विश्वनाथ अर्यालका अनुसार अदालतमा कुनै पनि सूचना माग गर्दै कसैले पनि लिखित निवेदन दिएका छैनन् ।

स्रेस्तेदार अर्याल मौखिक रूपमा केही विषयमा सूचना माग भए पनि लिखित रूपमा नआएको बताउँछन् । 'म स्रेस्तेदार भएर आएको दुई वर्ष बित्यो तर कसैले पनि यो विषयमा सूचना चाहियो भन्दै निवेदन दिएको छैन, बरु कहिलेकाहीँ केही-केही विषयमा जिज्ञासा राख्नुहुन्छ । त्यसको मौखिक नै समाधान गरिदिने गरेका छौं', स्रेस्तेदार अर्यालले भने ।

जिल्ला प्रहरी कार्यालय सर्लाहीमा पनि सूचना माग गर्दै निवेदन नपरेको कार्यालयका सूचना अधिकारी विजय श्रेष्ठले बताए । 'सूचना चाहियो भनेर हामीकहाँ कसैले निवेदन दिएका छैनन, प्रहरीमा सूचना माग गर्दै निवेदन दिने परिपाटी पनि छैन', डीएसपी श्रेष्ठले भने ।

लालबन्दी नगरपालिकाका सूचना अधिकारी रेवतीप्रसाद पौडेलले लिखित रूपमा मासिक एक/दुईवटा सूचना माग गर्दै निवेदन आउने गरेको बताए । 'हामीकहाँ कुनै विकास निर्माणका योजनाबारे मौखिक गुनासा धेरै आउँछन् । त्यसको मौखिक सम्बोधन गर्ने गरेका छौँ', सूचना अधिकारी पौडेलले भने, 'लिखित रूपमा पनि सूचना मागेर निवेदन आउँछन्, म सूचना अधिकारी भएपछि ४ वटा सूचना माग गर्दा लिखित रूपमै दिएको छु । जुन शाखासँग सम्बन्धित सूचना माग भएको छ, सो शाखासँग समन्वय गरेर सूचना दिने गरेका छौँ ।'

सार्वजनिक निकायमा सूचना माग गर्ने निकै कम छन् । जिल्ला प्रशासन कार्यालय सर्लाहीका सूचना अधिकारी एवं सहायक प्रमुख जिल्ला अधिकारी हरिप्रसाद अधिकारीले सूचना माग गर्दै लिखित रूपमा निवेदन नै नआएको बताउँछन् । 'म यहाँ आईकन इमेलमार्फत एकजना सेवाग्राहीले सूचना माग गर्नुभएको थियो, त्यसमा मैले उहाँलाई फोन नै गरेर दिनमिल्ने सूचनाबारे जानकारी गराएँ, उहाँले मैले यत्ति बुझ्न खोजेको हो भन्दै सूचना दिएकोमा धन्यवाद भन्नुभयो, यहाँ त सूचना माग गरिएको भनेकै त्यत्ति हो', सहायक प्रजिअ अधिकारीले भने, 'हामीले मौखिक रूपमा मागिएका सूचना दिन मिल्नेसम्मको भन्दिएकै छौँ, कोही-कोहीले फलानोको नागरिकतासम्बन्धी बुझ्न खोजेको भन्नुहुन्छ, त्यस्तो व्यक्तिगत विषयमा त हामीले नै जानकारी दिन मिल्दैन, व्यक्तिगत गोपनीयताका कुरा पनि हुन्छन्, मिलेसम्मका त हामीले दिएकै छौँ ।'

सहायक प्रजिअ अधिकारी जिल्लास्थित सरकारी निकायका सूचना अधिकारीहरूलाई बोलाएर कानुनले दिन मिल्ने भनेको सूचना जोकोही पनि माग गर्न आएको खण्डमा दिनु भनी निर्देशन दिएको बताउँछन् । यहाँ स्थानीय तहमा समेत सूचना माग गर्न जानेहरू न्यून छन् । केही सेवाग्राही मौखिक रूपमा सूचना माग गर्न पुग्छन् । सूचनाको हक सम्बन्धी ऐन २०६४ मा आमनागरिकले प्रत्येक सार्वजनिक निकायमा सूचना माग गर्न पाउने र सम्बन्धित निकायले पनि सूचना प्रवाह गर्नुपर्ने भनी उल्लेख छ ।

तर नागरिकको सूचनामा पहुँच पुग्न सकिरहेको छैन । सर्लाहीमा त अझ आम नागरिकको सूचनामा पहुँचको अवस्था कमजोर छ । नागरिकले सार्वजनिक निकायका जे-जति सूचना पाएका छन्, ती सबै सञ्चारमाध्यमबाटै प्रवाह भएका छन् ।

यहाँका सरकारी निकायमा सूचना माग गर्दै अत्यन्त न्यून निवेदन पर्छन् । सूचना माग गर्नेलाई पनि सबै ठाउँबाट सूचना उपलब्ध गराइँदैन । कतिपयले प्रक्रिया पूरा नगरेको भन्दै सूचना नै दिँदैनन् ।

आमनागरिकले सार्वजनिक निकायले सूचना दिने कुरामा कन्जुस्याइँ गरिएको गुनासो गर्छन् । नागरिक समाज सर्लाहीका अध्यक्ष उग्रकान्त झाले जिल्लामा आमनागरिकको सूचनामा पहुँच नरहेको बताए । 'यहाँ सूचना माग्ने परिपाटी नै छैन, माग्नेले पनि सूचना पाउँदैनन्, कुनै अनियमितता वा अन्य गलत काम भएको ठानेर सूचना माग्न गयो भने उल्टै हप्कीदप्की र सूचना दिन बहनाबाजी गरिन्छ', झाले भने, 'उपलब्ध गराउन मिल्ने मागेको सूचना दिनका लागि सम्बन्धित निकायले गम्भीरता देखाउँदैनन् ।'

झाले स्थानीय तह, विभिन्न विकासे अड्डालगायतले अनिवार्य रूपमा सार्वजनिक सुनुवाइसहित सूचना प्रवाहका कार्यक्रम गर्नुपर्ने भए पनि जिल्लामा त्यस्ता कार्यक्रम न्यून हुने गरेका बताए । आमनागरिकले थाहा पाउनुपर्ने निर्माणका काममा बोर्ड नै राखेर बजेट लगायतबारे जानकारी दिनुपर्ने भए पनि त्यसो हुन नसकेको झाको कथन छ । उनी जिल्लामा आमनागरिकले विकास निर्माणबारेका सूचना बरु सञ्चारमाध्यमहरूबाटै थाहा पाउने गरेको बताउँछन् ।

ईश्वरपुर नगरपालिका-१४, श्रीनगरका लिलबहादुर स्याङतानले ग्रामीण भेगका नागरिकको सूचनामा पहुँच नै

नरहेको बताउँछन् । 'गाउँघरतिर सूचनाको हक भन्ने कुरा नौलो विषय हो, गाउँकै बाटोमा ग्राभेल हालियो, धारा इनार बनाइयो भने त के कति खर्च भयो भनेर हामीलाई जानकारी हुँदैन', स्याङतानले भने ।

नेपाल पत्रकार महासंघ सर्लाही शाखाका अध्यक्ष टंकबहादुर क्षेत्री आमनागरिकको सूचनामा पहुँच पुऱ्याउन सञ्चारमाध्यमले भूमिका खेलिरहेका बताउँछन् । सूचनामा नागरिकको पहुँच बढाउन सचेतना वृद्धि गर्न जरुरी छ, त्यसका लागि यहाँ एफएम रेडियोलगायतका सञ्चारमाध्यमले वेलावेलामा सार्वजनिक निकायहरूले सूचना अधिकारीसँग संवाद कार्यक्रम चलाउने गरेका छन्, यसबाट पनि आमनागरिकले सूचनाको हकबारे केही केही जानकारी पाइरहेका छन्, पत्रपत्रिकामा समेत सूचना माग्ने गरौँ भन्ने किसिमको वाक्यांश प्रयोग भएका छन् । यो नागरिकको सूचनामा पहुँच वृद्धि गर्न टेवा पुग्ने माध्यम हो ।'

पत्रकार महासंघका अध्यक्ष क्षेत्रीले यहाँ रहेका सञ्चारमाध्यमले कुनै न कुनै माध्यमबाट सूचनामा आमनागरिकको पहुँच पुऱ्याउने काम गरिरहेका बताउँछन् । 'सर्लाहीमा मात्रै अहिले १२ वटा स्थानीय एफएम छन्, तिनीहरूले कुनै-कुनै माध्यमले नागरिकलाई सूचनाको पहुँचमा जोडिरहेका छन्, नियमित निस्कने ३ वटाभन्दा बढी स्थानीय दैनिक पत्रिका छन्, साप्ताहिक पत्रिका पनि उत्तिकै छन् । यी सञ्चारमाध्यमबाट नागरिकले सूचना त पाइरहेकै छन्', क्षेत्रीले भने ।

सामुदायिक रेडियो एकता लालबन्दीका संस्थापक अध्यक्ष बेनीबहादुर कार्की आम नागरिकले सूचना पाऊन् भन्ने हिसाबले समाचार तथा कार्यक्रम प्रस्तुत गर्ने गरेको बताउँछन् । 'हाम्रो सामुदायिक रेडियो भएर समाजमा भएका स-साना विकासका कामको पनि बजेटसहित उल्लेख गरी समाचार प्रशारण गर्छौं । यसबाट पनि नागरिकसमक्ष सूचनाको पहुँच पुग्न टेवा पुग्छ भन्ने लाग्छ', जिल्लाका वरिष्ठ पत्रकार समेत रहेका कार्की भन्छन्, 'सूचनाको पहुँचमा नरहेका नागरिकले यही समाचार पनि सूचनाको माध्यम बन्छ भन्ने लाग्छ, सञ्चारमाध्यमबाट सूचनामा पहुँच पुऱ्याउन हामीले त सकेको कदम चालेको जस्तो लाग्छ ।'

कार्कीले आमनागरिकले गुनासो राखेको र बुझ्न चाहेको विषयमा समाचार तयार पारी त्यसमा सम्बन्धित अधिकारी तथा निकायबाट सूचना लिएर नागरिकलाई प्रष्ट हुने गरी समाचार सामग्री तयार पारेर प्रसारण गरेको बताउँछन् । उनले आमनागरिकले आशंका व्यक्त गरेका र कमजोरी औँल्याएका विषयमा समाचार बाहिर ल्याउने गरेको बताए ।

'कुनै बाटो वा पुल बन्दा नागरिकले अनियमितताको आशंका वा कमजोरी ठानेर हामीलाई भन्ने गर्नुहुन्छ । हामीलाई जानकारी नभएको त्यस्ता विषयमा सम्बन्धित निकायमा बुझेर त्यसको निर्माण प्रक्रिया, गुणस्तरको अवस्था, बजेट लगायतबारे समाचार तयार पार्छौं', कार्कीले भने, 'यो माध्यमबाट पनि नागरिकले सूचना पाइरहेका छन् ।'

जिल्लामा प्रशासन, कृषि, मालपोत, नापी, विद्युत् लगायत कार्यालयको सेवा तथा त्यहाँबाट भएका काम कारबाहीका विषयमा नागरिकले धेरै चासो र चिन्ता व्यक्त गरेको पाइन्छ तर ती कार्यालयमा पनि सूचना माग गर्दै जाने सेवाग्राही न्यून नै छन् ।

महिला अधिकारकर्मी वनिता कार्की जिल्लामा सूचना माग गर्ने र कानुनले कल्पना गरेअनुसार सहज रूपमा सूचना प्रवाह गर्नुपर्छ भन्ने सकारात्मक अभ्यास हुनै नसकेको तर्क गर्छिन् । उनले कोही व्यक्ति सही मनशाय लिएरै सूचना माग्न गरेको खण्डमा पनि यहाँका स्थानीय तह र विकासे कार्यालयहरूले उसलाई गलत नजरले हेर्ने र सकेसम्म सूचना दिनै नखोज्ने परिपाटी रहेको बताउँछिन् ।

१८

# सूचना पाउँने माध्यम रेडियो

✍ जितेन्द्र थापा

खुला आकाशमुनि चोयाको डोको । वरिपरि हरियाली वातावरण । नजिकै एरियल नभएको रेडियोमा बजेका राष्ट्रिय अन्तर्राष्ट्रिय खबर सुन्दै बाँसका चोया निकाल्दै डोको बुन्न व्यस्त थिए, दैलेखका बलबहादुर थापा । दैलेखको ठाटीकाँध गाउँपालिकाका-२ का थापा उमेरले ६२ वर्ष पुगे । उनको सारथि हो रेडियो । उनमा सूचना प्राप्त गर्ने मोह यो उमेरमा पनि घटेको छैन, अझ बढेको छ । हातमा लौरो र काँधमा रेडियो झुण्ड्याउँदै गोठालो जान्छन् उनी । कसैको रामरत्यौलीमा पुग्दा समेत उनको काधमा झुण्ड्याइएको रेडियो घन्किरहेको हुन्छ ।

रेडियो सुन्न छोडेपछि के के न बिर्सेजस्तो लाग्ने गरेको उनी बताउँछन् । 'बिहान उठेदेखि साँझ नसुतुन्जेल रेडियो साथमै हुन्छ', उनले भने, 'यो रेडियोबाटै सबै कुरा जानकारी पाउँछु । सूचना पाउनका लागि अन्य भरपर्दो माध्यम अरू केही छैन । यही रेडियो सुन्छु ।'

उनी मात्र नभएर यहाँका अधिकांश नागरिक सूचना पाउनका लागि रेडियो नै सुन्ने गर्छन् । कुनै सरकारी तथा गैरसरकारी कार्यालयबाट पाउने सूचना के हो भन्नेसम्म जानकारी पाउँदैनन् नागरिक । कार्यालयले दिने सूचनाको जानकारी नपाएको गुनासो गर्नेमध्येकी एक हुन्, दैलेख आठबीस नगरपालिका ३ की ५७ वर्षीया जशु विक । तपाईं सूचना कसरी पाउनुहुन्छ भन्ने प्रश्नमा उनको उत्तर थियो, 'क्या हो बा ! यो सूचना भनेको ? कहाँ पाइँदो छ त्यो सूचना ।' बलबहादुर र जशु जस्तै सूचना पाउने अधिकारबाट नागरिकहरू वञ्चित छन् ।

कर्णाली प्राकृतिक रूपमा हेर्दा सुन्दर छ । भौगोलिक रूपमा त्यति नै टाढा र अप्ठेरो छ । अहिले पनि कर्णाली सबै ठाउँमा विद्युत् पुगेको छैन । जसले गर्दा यहाँ बासिन्दा टुकीको भरमा जीवन गुजार्न बाध्य छन् । सूचनाको पहुँचमा पनि पछाडि छ कर्णाली । सबै ठाउँमा इन्टरनेट पुगेको छैन । विद्युत् नपुगेका ठाउँका नागरिकले फोन गर्न समेत अग्ला डाँडा खोज्दै गएर हात ठड्याउनुपर्छ । त्यसले पनि पुग्दैन । कर्णालीका अधिकांश जिल्लाका बासिन्दा अहिले पनि सूचनाको सहज पहुँचमा छैनन् । डोल्पा, हुम्ला, जुम्ला, मुगु लगायत कर्णालीका अन्य जिल्लाको अवस्था यस्तै छ । सुन्दा अचम्म लाग्ने यहाँका नागरिकको जीवनशैली छ ।

गाउँ गाउँमा सिंहदरवार पुगे । गाउँगाउँमा सिंहदरवार पुगेपछि आमनागरिकमा सूचनाको सहज पहुँचको व्यवस्था होला भन्ने आशा थियो । त्यो अपेक्षा पूरा नभएको दैलेखको भगवतीमाई गाउँपालिका ५ का दिनेश विश्वकर्मा बताउँछन् । 'पहिले सिंहदरवार गाउँगाउँमा थिएनन्, सूचना सहजै पाउने अवस्था थिएन', उनले भने, 'अहिले त सिंहदरवारका गाउँगाउँमा पुगेका छन् तर आमजनतामा सूचनाको पहुँच सहज छैन । सूचनाको हक अधिकार पाउनेबाट यहाँका बासिन्दा वञ्चित हुँदै आएका छन् ।'

आम नागरिकमा सूचनाको सहज पहुँचका लागि पालिकाले के गरेको छ ? भन्ने प्रश्नमा दैलेखको ठाटीकाँध गाउँपालिकाका सूचना प्रविधि अधिकृत भन्छन्, 'आम नागरिकमा सहज सूचना पहुँचका लागि पालिकाले वेबसाइट र सूचना पाटीमा राख्ने गरेको छ ।'

सूचना पाउनु नागरिकको अधिकार हो । यहाँ गाउँगाउँमा नै स्थानीय तह पुगेका छन् । तैपनि आम नागरिकका लागि सूचना पाउने सहज वातावरण छैन । स्थानीय तहले विद्युत् नपुगेका ठाउँमा आफू अनुकूल सोलार जडान गरेर नेट इन्टरनेटको पहुँचमा हुन्छन् । पालिकामा भए गरेका गतिविधि वेबसाइटमा राख्ने कुरा बताए पनि वेबसाइटमा भेटिदैनन् । यदि वेबसाइटमा राखे पनि विद्युत् नपुगेका कुनाकन्दरामा बसोवास गर्नेहरूका लागि (कालो अक्षर भैंसी बराबर) जस्तै ठाटीकाँध गाउँपालिका २ का ६० वर्षीय कलम थापा बताउँछन् ।

देश संघीयतामा गइसके पनि आमनागरिकले सहज रूपमा सूचना पाउने अवस्था नभएको ठाटीकाँध गाउँपालिका २ सेरीपाटाका हस्त थापा बताउँछन् । 'सूचनाको पहुँच हुने भनेको विद्युत् भएपछि हो', उनले भने, 'गाउँमा विद्युत् पुगेको छैन । टेलिभिजन हेर्दैनन् । देश विदेशका केही कुरा जानकारी पाउन केहीले रेडियो सुन्छन् । अरू जम्मै मानिसहरू घरायसी काममा व्यस्त हुन्छन् । सरकारी तथा गैरसरकारी कार्यालयमा पुगेर सूचना माग गर्न सक्ने अवस्था छैन ।'

भौगोलिक रूपमा टाढा टाढा रहेका गाउँबस्ती हुन्छन् । ग्रामीण भेगमा सहरमा जस्तो सबैजसो नागरिक सूचनाको पहुँचमा हुँदैनन् । सबैजसो पढेलेखेका हुँदैनन् । निरक्षर हुन्छन् । जसले गर्दा नागरिकलाई सूचना पाउन कठिन भइरहेको हुन्छ । ग्रामीण भेगमा नागरिक र स्थानीय सञ्चारमाध्यममा काम गर्ने सञ्चारकर्मीलाई समेत सूचना पाउन मुस्किल हुने गरेको पत्रकार विष्णु विश्वकर्मा बताउँछन् । कर्णाली भौगोलिक रूपमा विकट छ । यहाँका सरकारी तथा गैरसरकारी कार्यालयहरू पनि टाढा टाढा छन् । स्थानीय सञ्चारमाध्यमले समेत सूचना नपाउने ठाउँमा स्थानीय सोझा नागरिकले सूचना नै पाउन मुस्किल हुने गर्छ ।

अहिले पनि केही सूचना पाउनुपरेमा रेडियोको भर पर्ने गरेको सुर्खेतको चौकुने गाउँपालिका ३ का करविर विक बताउँछन् । 'पढेलेखेका र बुझ्नेकालाई सूचना पाउन केही सहज छ', उनले भने, 'तर स्थानीय स्तरमा आमनागरिकका लागि सूचना पाउन मुस्किल हुन्छ । प्रत्येक कार्यालयमा सूचना पाटी छैनन्, भएका सूचना पाटी प्रयोग हुँदैनन्', उनले भने ।

## प्रभावकारी कार्यान्वयन भएन सूचनाको हकसम्बन्धी ऐन

सूचनाको हकसम्बन्धी ऐन लागू भएको १५ वर्ष हुँदासमेत प्रभावकारी कार्यान्वयन हुन सकेको छैन । सूचनाको हकसम्बन्धी ऐन, २०६४ अनुसार नेपाली नागरिकको सूचनाको हकको संरक्षण, संवर्द्धन र प्रचलन गर्नका लागि गठन गरिएको स्वतन्त्र राष्ट्रिय सूचना आयोग गठन भएको १३ वर्ष हुँदा पनि नागरिकले सूचना पाउने वातावरण बन्ने अवस्था छैन ।

नेपालको संविधानको धारा २७ मा रहेको नागरिकको सूचनाको हकको व्यवस्थाबमोजिम सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ मा प्रत्येक सार्वजनिक निकायले आफ्ना गतिविधिको विवरण तीन/तीन महिनामा प्रकाशित गर्नुपर्ने कानुनी व्यवस्था छ । तर स्वतः प्रकाशन गर्नुपर्ने सूचना माग गर्दा पनि सार्वजनिक निकायले आनाकानी गर्ने गरेका छन् ।

## स्थानीय तहका उजुरी धेरै

आयोगमा आर्थिक वर्ष २०७६ । ७७ मा देशभरबाट सार्वजनिक निकायमा सूचना माग गर्दा नपाएको वा अधुरो वा अपूर्ण सूचना पाएकोबारे १ हजार १३ पुनरावेदन उजुरी तथा निवेदन परेका थिए । जसमा १ हजार १३ नै फछ्र्यौट भए । त्यस्तै आव २०७७। ७८ मा ७५३ वटा पुनरावेदन उजुरी तथा निवेदन परेका छन् । आयोगका सूचना अधिकारी विश्वबन्धु पौडेलले आव २०७७ । ०७८ मा ७५३ वटा पुनरावेदन उजुरी तथा निवेदनमध्ये अधिकांश फछ्र्यौट भइसकेको बताए ।

आर्थिक वर्ष २०७७ । ७८ मा सूचनाको हक प्रचलन गराउने सम्बन्धमा आयोगमा पर्न आएका ७५३ पुनरावेदनको क्षेत्रगत अवस्था हेर्दा सबैभन्दा धेरै स्थानीय तहसँग सूचना माग गर्दै परेको उजुरी संख्या बढी छ । आ.व २०७७ । ७८ मा स्थानीय तहमा ५४६ संख्या रहेको छ । बैंक तथा वित्तीय संस्थामा ३२, सूचना तथा सञ्चार प्रविधिमा ६ वटा, कानुन न्याय तथा प्रशासनमा ३१, शिक्षा, स्वास्थ्य तथा खेलकुदमा ५६, खानेपानी विद्युत् निर्माण तथा यातायातमा २०, संस्थान तथा प्राधिकरणमा ७ वटा उजुरी परेका छन् । त्यस्तै जग्गा, मालपोत, भूमि वन तथा कृषिमा १३, प्रशासन ११, अन्य गैरसरकारी संस्था ३१ वटा गरी ५५३ पुनरावेदन उजुरी तथा निवेदन परेको आयोगको तथ्यांकमा उल्लेख छ ।

कर्णालीमा कति जना नागरिक सूचनाको पहुँचमा छन् कति छैनन् भन्ने तथ्यांक सूचना आयोगसँग उपलब्ध नरहेको आयोगका सूचना अधिकारी पौडेलले बताए । 'प्रदेशमा सूचना आयोग नभएकाले हामीले अहिले संघीय कानुन बमोजिम नै सूचना यहीबाट माग गर्छौं', उनले भने, 'सातै प्रदेशमा कति नागरिक सूचनाको पहुँचमा छन् र कति छैनन् भन्ने तथ्यांक आयोगसँग उपलब्ध छैन ।'

सूचना पाउन अझै सहज नभएको र सूचना मागकर्तालाई अनावश्यक दुःख दिने गरिएको भन्दै सरोकारवालाले आयोगबाट गरिने निर्णयलाई छिटोछरितो बनाउनुपर्ने र स्थानीय तहमा सूचनाको हकबारे आयोगबाट प्रवर्द्धनात्मक कार्यलाई प्राथमिकता दिनुपर्ने मागसमेत बढ्दो छ ।

कानुनी व्यवस्था कार्यान्वयन गर्दै त्यसलाई अझै नागरिकमैत्री बनाउँदै आयोगलाई प्रदेश र स्थानीय तहसम्म पुऱ्याउनुपर्ने, सूचना पाउने प्रक्रिया लामो रहेकाले नियमावली संशोधन गर्नुपर्ने सरोकारवालाको भनाइ छ । नेपाल पत्रकार महासंघका अध्यक्ष विपुल पोखरेलले सूचना दिने सूचना अधिकारीले नै सूचना माग्न नआए हुन्थ्यो वा सूचना दिन नपरे हुन्थ्यो भनिरहेको सन्दर्भमा सूचना आयोगले मागकर्ताले सहजरूपमा सूचना पाउने गरी सार्वजनिक निकायमा सचेतना जगाउनुपर्ने र सूचना नदिने व्यक्तिलाई कडा कारबाही गर्नुपर्ने बताउँछन् ।

'सुशासन र भ्रष्टाचार नियन्त्रणमा सूचनाको हकको प्रयोग र नागरिक समाजको भूमिका महत्वपूर्ण हुन्छ', उनले भने, 'सूचनाको हकको प्रभावकारी कार्यान्वयन र नागरिक समाजको भूमिका सक्रिय भएको खण्डमा सरकारलाई गलत क्रियाकलाप रोक्न र जनताप्रति उत्तरदायी बनाउनमा मद्दत पुग्न सक्छ ।'

१९

# गलत सूचना दिदाँ भ्रम

✍ असीम सापकोटा

अब विदेश भ्रमणमा जाने नेपालीले राहदानीबापत बढीमा २ सय अमेरिकी डलरसम्म मात्र सटही सुविधा पाउँछन् । २०७९ साल साउन ४ गते शुक्रबारका दिन नेपालका सरकारी पत्रिकादेखि पछिल्ला समय युवाहरूको रोजाइमा परेको फेसबुक पेज 'रुटिन अफ नेपाल बन्द'ले समेत भ्रामक समाचार सम्प्रेषण गर्‍यो । सरकारी समाचार संस्था रासस, गोरखापत्र, निजी सञ्चारमाध्यम र सोसल मिडियाले समेत विदेश जाने नेपालीले २ सय डलर मात्र साट्न पाउने भनेर आमपाठकमा गलत सूचना दिएर भ्रम फैलाए ।

नेपाल राष्ट्र बैंकको सूचनाअनुसार विदेशी मुद्रा बिक्री गर्ने इजाजतप्राप्त मनी चेन्जरले उक्त सुविधा दिन सक्ने व्यवस्था गरिएको हो । त्रिभुवन विमानस्थलमा रहेको विदेशी मुद्रा सटहीका लागि इजाजतप्राप्त मनी चेन्जरले मात्रै यो सुविधा दिनेछ । विदेश जाने यात्रुलाई सहज होस् भन्ने उद्देश्यले बैंकले सुविधा उपलब्ध गराएको जानकारी दिएको छ ।

त्यस्तै केही समयअघि पूर्व शहरी विकासमन्त्री रामकुमारी झाँक्रीको घर भन्दै सेयर गरिएको तस्बिर सामाजिक सञ्जालमा भाइरल भयो । लेखक खगेन्द्र संग्रौलाले सोमबार जुन ६, २०२२ मा आम्मामा...रामकुमारी झाँक्रीको घर लेख्दै अर्का ट्विटर प्रयोगकर्ता बिनी चाम्सले समाजवादी पार्टीबाट मन्त्री भएकी रामकुमारी झाँक्रीको घर प्लास्टर गर्न रङ्गसजावट बाँकी थियो, मन्त्री पद खोसिदिएछन् सामन्तीहरूले.... भनेर ट्विट गरिन् । संग्रौलाले सो ट्विट गरेको तीन घण्टामै यसलाई १७ पटक रिट्विट, ११२ लाइक भएको देखिन्छ ।

नेपाल फ्याक्ट चेकले अध्ययन अनुसन्धान गर्दा सूचना झूटो ठहरियो । उक्त संस्थाका अनुसार त्यो फोटो केन्याको रस्मिया होम डिजाइन लिमिटेडको वेबसाइट लगायत थुप्रै विदेशी वेबसाइटमा रहेको पुष्टि भयो । यसरी हरेक दिन कुनै न कुनै सञ्चारमाध्यमले मिथ्या समाचार सार्वजनिक गर्दै आमनागरिकलाई भ्रममा पार्ने गरेका छन् । अफवाह फैलाउन चाहनेका लागि यो एउटा गतिलो खुराक बन्न पुग्यो । भ्रामक सूचना बढाइचढाई तोडमोड गरिएका सामग्रीले आमपाठकलाई गहिरो प्रभाव पार्छ ।

यस्ता सामग्रीको मुख्य उद्देश्य भनेको नियोजित रूपमा आममानिसको विचारलाई प्रभावित पार्नु हो । सूचनाको आशय नबुझी आफ्नो समाचार बिकाउन सञ्चारमाध्यमले अतिरञ्जित गरेर सामाजिक सञ्जालमा सम्प्रेषण गरे । जसलाई गलत नियत नभएका कैयौं मानिसले समेत सजिलै पत्याएर दुष्प्रचार भयो । सञ्चारमाध्यममा मिथ्या र भ्रामक सूचना आधारहीन विषय अफवाह तीव्र गतिमा फैलिरहेको हुन्छ ।

पछिल्लो समय अधिकांश मानिस सूचना प्रविधिमा सर्वसाधारणको पहुँच बढेसँगै उनीहरूलाई झुक्याउने, झूट र भ्रामक सूचना नियोजित रूपमा फैलाउने क्रम बढ्न सक्ने देखिएको छ । पछिल्लो समय प्रविधिको बढ्दो विकासले मिथ्या र भ्रामक सूचनाले सर्वसाधारण मानिसलाई दिग्भ्रमित पार्छन् ।

काठमाडौं कागेश्वरी नगरपालिकाकी बिना दाहाल घरायसी काम सम्पन्न गरेपछि सामाजिक सञ्जालमा हेर्दै गर्दा देखिएका वा पढ्न रुचाएका समाचारलाई पुनः एकपटक टीभी तथा पत्रिकामा परीक्षण गर्ने गरेको बताउँछिन् । अनलाइन तथा सामाजिक सञ्जालमा आएका समाचारलाई एकैपटकमा विश्वास गर्ने अवस्था नभएको उनी बताउँछिन् ।

उनी जस्तै सुमित्रा दाहाल पनि अनलाइनमा भ्रामक समाचार आउने गरेकाले सूचनाका लागि विश्वासिलो

स्रोत भनेको टीभी र रेडियो भएको बताउँछिन् । यदि छापा तथा प्रसारण माध्यममा आएपछि मात्र आफूले विश्वास गर्ने गरेको उनले बताइन् ।

त्यस्तै सेन्टर फर मिडिया रिसर्च नेपालले गरेको पछिल्लो सर्वेक्षण २०११ अनुसार ९१.८ प्रतिशत मानिसले अनलाइनमा गलत सूचना देखेको बताएका छन् । ७.५ प्रतिशतले गत हप्ता अनलाइनबाट कुनै पनि गलत सूचना नदेखेको उत्तर दिएका छन् । पछिल्लो समय सामाजिक सञ्जालमध्ये सबैभन्दा ठूलो प्लाटफर्म हो । जहाँ ७९.८ प्रतिशत मानिसले सामाजिक सञ्जालमा गलत सूचना देखेका थिए । तीमध्ये २३.३ प्रतिशतले आफूले फेसबुकमा मात्रै गलत सूचना देखेको र अन्य प्लाटफर्ममा नभएको बताए ।

युट्युबमा ४८.१ प्रतितशले गलत सूचना देखेको समावेश गरिएको छ । त्यस्तै ३६.३ प्रतिशतले ट्विटरमा र ३०.३ प्रतिशतले वेबसाइटमा गलत सूचना देखे । नेपालमा ७५.९ प्रतिशतभन्दा बढी सामाजिक सञ्जाल प्रयोगकर्ताले गलत सूचना हाम्रो समाज र राजनीतिका लागि समस्या भएको विश्वास गर्छन् ।

उक्त प्रतिवेदनअनुसार १२ प्रतिशतभन्दा बढीले गलत सूचनाले भविष्यमा समस्या आउने र ९ प्रतिशतले पहिल्यै समस्या भोगेको धारणा व्यक्त गरे । सामाजिक सञ्जाल प्रयोगकर्तामध्ये ९७.८ प्रतितशले गलत सूचना राजनीति र समाजका लागि समस्या हुने ठान्छन् । उक्त सर्वेक्षणमा ४०३ जनासँग प्रश्न गरिएको थियो । तीमध्ये १३.१५ प्रतिशत महिला थिए । उनीहरू २४ प्रतिशत ३१ देखि ३५ वर्ष उमेर समूहका थिए भने ३६ देखि ४० वर्षका १९ प्रतिशत थिए ।

मदन भण्डारी कलेजका पत्रकारिता तथा आमसञ्चारमाध्यमका उपप्राध्यापक किरन अधिकारी समाचारमा सम्बन्धित निकायलाई उद्धृत गरेको वा तथ्य, तथ्यांक भए नभएको विषयलाई यकिन गर्न आग्रह गर्छन् । ठूला सञ्चारमाध्यम रेडियो, टीभी, पत्रिकाले श्रोता वा पाठकलाई समाचार के हो भनेर बुझाउन नसक्नु दुर्भाग्य रहेको उनले बताए ।

त्यस्तै काठमाडौं विश्वविद्यालय स्कुल अफ आर्टस्का भिजिटिङ फ्याकल्टीका मोदनाथ ढकाल अनलाइन, रेडियो टेलिभिजनमा समाचार ब्रेकिङ गर्छु भनेर हतार गर्दा कहिलेकाहीँ गलत समाचार सम्प्रेषण हुने गरेको सुनाउँछन् । एउटा अनलाइनमा समाचार आएपछि त्यहाँ कार्यरत सम्पादकले समाचार छिटो तयार पार्न दबाव दिँदा झूटो सूचना फैलन सक्ने उनी बताउँछन् । पढेलेखेका मानिसले अनलाइनमा आएका समाचारलाई पुष्टि गर्न अन्य माध्यम प्रयोग गर्ने गरे पनि उपत्यका बाहिरका तथा कम साक्षरता भएका अधिकांश आममानिसले युट्युबमा आएका समाचारलाई विश्वास गर्ने उनले आफ्नो धारणा व्यक्त गरे ।

नेपालको संविधानमा सूचनाको हकको व्यवस्था छ । सञ्चारलाई आधुनिक व्यावसायिक जगत्को निकै महत्वपूर्ण तत्वको रूपमा लिइन्छ । आजको विश्वमा सूचनाका क्षेत्रको विकासले विश्व एउटा गाउँजस्तै भएको छ । आर्थिक, राजनीतिक, धार्मिक, साँस्कृतिक, जातीय, भाषिक कुनै पनि परिवर्तन पछाडि मुख्य भूमिका सञ्चारको हुन्छ । सूचना एउटा शक्ति हो । अझ लोकतान्त्रिक शासन व्यवस्था भएका मुलुकमा न्याय, सुशासन र समृद्धिका लागि सञ्चारको भूमिका प्रभावकारी हुन्छ ।

पछिल्लो समयमा सूचना प्रविधिमा आएको तीव्र विकासले मानव जीवनमा आमूल परिवर्तन ल्याएको छ । काठमाडौँकी रीता गौतम कोरोना नियन्त्रण गर्न सरकारले गरेको बन्दाबन्दीको समयमा प्रविधिको सहयोगले आफ्ना छोराछोरीलाई अध्ययन अध्यापन गराउन सहज भएको बताउँछिन् । विद्यालय बन्द रहेको अवस्थामा बालबालिकाको पढाइमा कुनै असर नपरेको उनले बताइन् ।

सरस्वती दाहाल भने प्रविधिको विकासले विदेशमा बसेका नातिनातिनी तथा आफन्तसँग यही बसेर उनीहरूलाई देख्न पाउँदा निकै खुशी छन् ।

अन्य देशको तुलनामा सुस्त गतिले भए पनि पछिल्ला वर्ष नेपालमा सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा

उल्लेख्य प्रगति देखिन्छ। नेपालमा पछिल्लो समय इन्टरनेटमा नागरिकको पहुँच बढेको छ। योसँगै स्वाभाविक रूपमा सामाजिक सञ्जाल प्रयोगकर्ताको संख्या पनि बढ्ने नै भयो ।

नेपाल दूरसञ्चार प्राधिकरणको पुस २०७८ को म्यानेजमेन्ट इन्फर्मेशन सिस्टम एमआईएस रिपोर्ट अनुसार मोबाइल ग्राहकको संख्या देशको जनसंख्याभन्दा बढी छ। केबुल फाइबर इन्टरनेट ग्राहकको संख्या ८७ लाखभन्दा बढी छ भने मोबाइलमा थ्रीजी र फोरजी इन्टरनेटको सुविधा हुने ग्राहकको संख्या साढे २ करोड नाघिसकेको छ। आधिकारिक तथ्यांक सार्वजनिक नभए पनि फेसबुक सञ्चालन गर्ने कम्पनी मेटाले आफ्नो विज्ञापन सम्बन्धी प्रचार सामग्री फेसबुकमा नेपाली प्रयोगकर्ताको संख्या एक करोडभन्दा बढी भएको उल्लेख गरेको छ ।

त्यस्तै पछिल्लो समय नेपालीमाझ टिकटक र युट्युब लोकप्रिय छ । खाली समय होस् वा बसमा यात्रा गर्दा अधिकांश मानिस सामाजिक सञ्जालमा जोडिएका छन् । नेपाल प्रहरीको साइबर ब्युरोका अनुसार देशभित्रका साइबर अपराधमध्येका ८५ प्रतिशत घटना सामाजिक सञ्जालसँग सम्बन्धित छन् ।

त्यस्तै ग्लोबल सोसल मिडियाको तथ्यांकअनुसार सन् २०२३ को जनवरीमा विश्वभर ४ अर्ब ७६ करोड सामाजिक सञ्जाल प्रयोगकर्ता छन् । यो कुल विश्वव्यापी जनसंख्याको ५९.४ प्रतिशत बराबर हो । सामाजिक सञ्जाल प्रयोगकर्ताको संख्या पनि विगत १२ महिनामा निरन्तर बढ्दो छ ।

गत वर्ष यसै समयदेखि १३ करोड ७० लाख नयाँ प्रयोगकर्ता सामाजिक सञ्जालमा जोडिएका छन् । ग्लोबल वेब इन्डेक्स (जिडब्लुआई)का अनुसार औसतमा ७.२ प्रतिशतले विभिन्न सामाजिक सञ्जालका प्लाटफर्म सक्रिय रूपमा प्रयोग गर्छन् । ग्लोबल सोसल मिडियाको तथ्यांकअनुसार सन् २०२३ मा १५ वटा सोसल मिडिया प्लाटफर्महरूमा कम्तिमा ४० करोड सक्रिय प्रयोगकर्ता छन् ।

सामाजिक सञ्जाल वा इन्टरनेटमा उपलब्ध अथाह सामग्रीले युवालाई सकारात्मक र नकारात्मक दुवै किसिमको प्रभाव पार्ने सम्भावना प्रबल हुन्छ । ठीक वा बेठीक के हो भन्ने सही निर्णय गर्न नसक्ने हो भने सामाजिक सञ्जाल अभिशाप बन्न सक्छ । यसको सही प्रयोग गरियो भने वरदान बन्न सक्छ । मूलतः यो प्रयोगकर्तामा निर्भर हुने कुरा हो । यसरी सेयर गर्ने सूचनाले तत्काललाई आनन्द दिए पनि गलत सूचनाले मनोवैज्ञानिक तथा सामाजिक असर मात्र हैन आर्थिक रूपमा ठूलो मूल्य चुकाउनुपर्छ ।

नेपाली सञ्चारमाध्यम क्षेत्रमा जाँचबुझ गर्ने प्रेस काउन्सिल र महासंघ भए पनि झूटा सूचना नियन्त्रणमा सोचेअनुरूप काम हुन सकेको छैन । नेपालमा भएका सम्बन्धित निकाय एक अर्कासँग दोषारोपणमा व्यस्त छन् । सञ्चारजगत्लाई सुदृढीकरण र सबलीकरण गर्ने उद्देश्यले स्थापित संस्थाहरू सञ्चारक्षेत्रलाई थप व्यावसायिक बनाउन लागि परेका छैनन् । नेपालमा भएका ठूला सञ्चारमाध्यमदेखि अनलाइनमा समेत विभिन्न दलसँग आबद्ध भएका पत्रकारहरूको संलग्नता भएका तथा जिम्मेवार निकायमा दलका कार्यकर्ताको नियुक्तिले गर्दा सम्बन्धित निकायले चासो नदिएको अवस्था छ ।

नेपाल पत्रकार महासंघले रणनीतिक दृष्टिकोण पत्र २०७४/७६ मा शुद्धीकरण र व्यावसायिक पत्रकारिता प्रवर्द्धन, मिडियाको प्रवर्द्धन र व्यावसायिक विकास, अनलाइन मिडियासम्बन्धी कानुन, पत्रकार तथा मिडियाको दक्षता अभिवृद्धि, मिडियाको दिगो विकास, मर्यादित पत्रकारिता प्रवर्द्धन गर्ने भनिए पनि व्यवहारमा भने नदेखिएको अवस्था छ ।

सञ्चार जगत् राज्यको चौथो अंग भएकाले सञ्चारक्षेत्रमा भएका सबै समस्या हल गर्न वर्तमान सरकारले पत्रकार, नागरिक समाज, न्यायालय तथा सबै निकायको रायसल्लाह बमोजिम अहिले भएको समस्यालाई सम्बोधन गर्ने कानुन निर्माण गरी मूलधारका सञ्चारमाध्यमलाई ट्रयाकमा ल्याएर आमसञ्चारमाध्यमबाट सही सूचनाको थालनी भए मात्र संविधानमा लेखिएको कानुनले सार्थकता पाउँछ ।

२०

# पत्रकारिता पेसा : रहरले पस्ने बाध्यताले निस्कने

✍ सुनिता विक

**धनगढी**

पत्रकारिता पेसा हेर्दा जति आकर्षणयुक्त छ, त्योभन्दा बढी चुनौतीपूर्ण पनि छ। पत्रकारिता पेसामा धेरै व्यक्ति रहरले प्रवेश गर्छन्। रहरले प्रवेश गरेका कतिपय व्यक्ति बाध्य भई निराश हुँदै छोड्छन्। यस पेसामा सुरुवाती चरणमा आउनेलाई कुनै शैक्षिक प्रमाणपत्र अथवा धेरै काम गरेको अनुभव जुटाउनु पर्दैन। यस क्षेत्रमा प्रवेश गर्ने विशेषगरी पत्रकार महिलाले सिक्ने अवसरमै धेरै समस्या भेल्नुपर्ने हुन्छ। सबैको हकमा नहोला तर अधिकांश महिलाले कुनै न कुनै तवरले हिंसा भोगेका छन्।

'मैले पत्रकारिता क्षेत्रमा प्रवेश गर्दा सुरुवाती चरणमा धनगढी बजारको चोक र गल्ली-गल्लीमा पत्रिका बाँडेँ। फलानाकी छोरी पत्रिका बाँड्छे भनेर मलाई धेरैले घृणा समेत गर्थे', पत्रकार उन्नति चौधरीले आफूले पत्रकारिता जीवनमा भोगेका भोगाइ समेटेर निकालेको 'निसाफ' किताबमा लेखिएको छ, 'मलाई अचम्म लागेर आउँथ्यो, जब मसँगै पत्रिका बाँड्ने पुरुष सहकर्मीलाई पत्रकारज्यू भनेर सम्बोधन गरिन्थ्यो।'

उनले किताबमा लेखेकी छन्, 'मैले पत्रिका वितरण गर्दागर्दै विस्तारै लेख्न सिकेकी हुँ तर पत्रिका वितरण गर्दा होस् या समाचार लेखन वा समाचार संकलनका क्रममा आफ्नै सहकर्मी, पाठक र आफूभन्दा माथिल्लो ओहदाका कर्मचारीबाट समेत यौन आशयका प्रहार खेपेँ।'

पत्रकार महिला आफ्नै कार्यक्षेत्रमा पनि सुरक्षित छैनन्। कार्यालय भित्र होस् वा बाहिर उनीहरूको स्तर हेरेर ब्ल्याकमेल हुन्छ। पदमा विभेद, ज्यालामा विभेद र काममा पनि विभेद भइरहेको छ। मिडिया हाउसभित्रै बोली वचनमा पनि सम्मान हुँदैन जसले गर्दा पत्रकार महिला पेसाको विकल्प खोज्न बाध्य छन्। थोरैले मात्रै पेसालाई निरन्तरता दिएको देखिन्छ।

रहरले मिडियामा प्रवेश गरेका महिलाहरू एकाएक छोटो समयमै पलायन हुन्छन्। मिडियाप्रति पत्रकार महिलाको मोहभंग हुन्छ। उनीहरू अरू कुनै पेसा अँगाल्न बाध्य हुन्छन्। कतिपय पत्रकार महिलाले विवाहपछि पेसालाई निरन्तरता दिन सकेका छैनन्। विवाहलाई बाधक बनाई तर्कवितर्क गर्न समेत भ्याइरहेका छन् तर यो प्रमुख कारण भने नभएको पत्रकार महिलाहरू बताउँछन्।

यदि एउटा पत्रकार आफ्नो पेसाप्रति बफादार छ भने उसलाई आर्थिक र भौतिक असुरक्षा कहीँ न कहीँ सामना गर्नुपर्ने अवस्था आउँछ। यो समस्या समग्र पत्रकारमाथि आइलाग्ने समस्या हो। यो समस्यासँगै जुध्दै गर्दा पत्रकार महिलाहरू भने थप समस्या सामना गर्नुपर्ने बाध्यतामा हुन्छन्। उनीहरू सामाजिक असुरक्षासँगै लैंगिक विभेद, यौन दुर्व्यवहार लगायत यौन आशयका मनोवैज्ञानिक हिंसाबाट अछुतो रहन कठिन छ।

राज्यले पत्रकारितालाई राज्यको चौथो अंगको रूपमा हेरे पनि समाचार लेखेकै कारण पत्रकारले ज्यान गुमाएका छन्, अंगभंग भएका छन्। ज्यानको बाजी थापेर कलमको निब निखारिरहेका हुन्छन्। यी सबै जोखिमका बाबजुद महिला पत्रकारहरूले भने इज्जतहीनको बिल्ला भिड्न आँट र हिम्मत जुटाउनुपर्ने हुन्छ।

## के भन्छन् पत्रकार महिला ?

दीर्घकालीन रूपले महिलाहरूलाई यो पेसामा जोगाइराख्ने हेतुले न कसैले सोचे, न कसैले केही गरेका छन्

भन्दा फरक पर्दैन । हो, पत्रकारिता क्षेत्रमा पुरुष सरह नै महिलाहरूलाई पनि अवसर नभएको होइन तर पेसा उही भए पनि टिकिराख्नका लागि महिला र पुरुषले घरभित्र र बाहिर गर्नुपर्ने संघर्ष भने फरक-फरक छन् ।

पत्रकारको आत्मबल बढाउने काम मिडिया हाउसको पनि हो । मिडिया हाउसले पुरुष र महिला पत्रकारमा विभेद गर्नुहुँदैन । त्योसँगै महिलाका लागि सुरक्षित र सहज वातावरण बनाउने जिम्मेवारी पनि मिडिया हाउसले सृजना गर्नुपर्छ । यस्तो अवस्थामा महिलाहरू पनि जस्तासुकै चुनौती पार गर्न सक्छन् ।

सञ्चारिका समूह सुदूरपश्चिमकी अध्यक्ष चाँदनी आचार्य पत्रकारिता क्षेत्र हेर्दा जति आकर्षक देखिन्छ त्यति नै समस्याग्रस्त र चुनौतीपूर्ण रहेको बताउँछिन् । दोहोरो जिम्मेवारी हुँदा विवाह भइसकेपछि महिलालाई यो क्षेत्रमा टिक्न चुनौती देखिएको उनले बताइन् । 'पत्रकारिताको समय यति नै भनेर हुँदैन', उनले भन्छिन्, 'सबैले यस पेसालाई बुझ्दैनन् र टिक्दैनन् पनि तर मिडियाले टिक्न र टिकाउन सक्नुपर्छ ।' पत्रकार महिलालाई क्षमता हुँदाहुँदै पनि विश्वास नगर्ने समस्या अझै रहेको उनको भनाइ छ । काम गर्ने क्षेत्र लैंगिक संवेदनशीलता, पेसाको सुरक्षा, तालिम तथा फेलोसिपका अवसरहरू पनि हुनुपर्ने उनको भनाइ छ ।

मिडियामा रहेका पत्रकार महिलाहरू यावत् पीडा सहेर पलायन हुने गरेको धनगढीमा डेढ दशकदेखि पत्रकारिता गरिरहेकी उन्नति चौधरीकै अनुभव छ । उनी भन्छिन्, 'म अहिले जुन स्थानमा छु, साना दुःख र पीडा सहेर पुगेकी होइन । पत्रकारितामा टिकिराख्न त्यति सजिलो छैन ।' क्षमतावान् पत्रकार महिलाहरू मिडियाप्रति मोह हुँदाहुँदै पनि यो पेसाबाट पलायन हुन बाध्य रहेको उनको भनाइ छ । पत्रकारिता पेसालाई सुरक्षित र विश्वसनीय बनाउन मिडिया हाउसको पनि उत्तिकै महत्व हुनुपर्ने उनी बताउँछिन् ।

डडेल्धुरामा विगत १० वर्षदेखि पत्रकारिता गर्दै आएकी ममता भट्ट मुडभरी कहींकतै जाँदा सानै बच्चालाई बोकर जान्छिन् । घर र अफिसको मात्रै कामको जिम्मेवारी होइन, उनीमाथि सन्तानको पनि जिम्मेवारी छ । पत्रकारितामा महिला टिक्दैनन् भन्ने कुरामा भने उनी विश्वास गर्दिनन् । 'महिलाले दोहोरो मात्रै नभई तेहोरो भूमिका समेत सहजै निर्वाह गर्न सक्छन्', उनी भन्छिन् । उनीहरूलाई टिकाउन मिडिया हाउसको महत्वपूर्ण भूमिका रहने उनको धारणा छ ।

## क्षमता अभिवृद्धि जरुरी

पत्रकार महिलाहरू योग्यता र क्षमताले मिडियामा टिकिरहेका छन् भन्ने विषयको अध्ययन हुन जरुरी छ । पेसाप्रतिको मोहले मात्रै टिक्न नसकिने हुँदा सोहीअनुसार योग्यता क्षमता पनि बढाउन आवश्यक भएको नेपाल पत्रकार महासंघ सुदूरपश्चिम प्रदेशका अध्यक्ष योगेश रावलको धारणा छ । उनले भने, 'महिलाहरू कमजोर हुन्छन् भन्न खोजेको होइन तर महिलापुरुष दुबैका लागि योग्यता र क्षमता जरुरी छ । यद्यपि महिलाहरूलाई पेसामा जोगाइराख्न सोच्नुपर्छ ।'

कतिपय पत्रकार महिलाहरू क्षमता हुँदाहुँदै पनि विवाहपछि पेसामा फर्किन नसकेको उनी बताउँछन् । पत्रकार महासंघले यो संस्थालाई टिकाउन मात्रै नभई पत्रकार महिलाहरूको क्षमता बढाउन विभिन्न कार्यक्रम गर्दै आएको उनले बताए । प्रदेशमै पहिलोपटक सुदूरपश्चिमको डडेल्धुरामा पत्रकार महिला भेला गर्दा एक सयभन्दा बढी महिला सहभागी रहेको उनले बताए । यस्तै कार्यक्रम र उनीहरूको हकहितका लागि पत्रकार महासंघ सदैव लागिरहेको उनको भनाइ छ ।

## अवसर र चुनौती

पत्रकारिता सूचना तथा समाचार सामग्री सम्प्रेषण गर्नका लागि हरपल तम्तयार भएर बस्नुपर्ने पेसा हो । महिलालाई यो सबै गर्न सहज नहुन पनि सक्छ । अर्को कुरा घरपरिवार र पेसालाई सँगै अघि बढाइरहेकी महिलालाई त झन् बढी चुनौती छ । हाम्रो जस्तो सामाजिक परिवेश, उपकरणको उपलब्धता र भौगोलिक

अवस्था भएको देशमा पत्रकारिता गर्न महिलालाई सहज छैन ।

तत्काल सम्प्रेषण गर्नुपर्ने घटनालाई पनि समेट्नुपर्दा तुरुन्तै घटनास्थल पुग्नुपर्ने हुन्छ । त्यसवेला घरबाट होस् वा कार्यालयबाट त्यो ठाउँमा पुग्न सहज नहुन पनि सक्छ, जति सहज पुरुषलाई हुन्छ । घटनाको प्रकृतिअनुसार सम्बन्धित ठाउँमा महिलालाई भौतिक र मानसिक असुरक्षा खेप्नुपर्ने हुनसक्छ । तैपनि पेसा भनिसकेपछि पुरुषसरह महिलाहरू काम गर्न बाध्य छन् । जुन निकै चुनौतीपूर्ण छ ।

पत्रकारिता पेसामा महिलालाई चुनौतीसँगै थुप्रै अवसर पनि छन् । सूचना प्रविधिको विकाससँगै विभिन्न सञ्चारमाध्यमको विकास भइरहेको छ । रेडियो, टेलिभिजन, अनलाइन, पत्रपत्रिकालगायतका सञ्चारमाध्यमको संख्या बढिरहेको छ । यस्तो सञ्चारमाध्यममा काम गर्ने अवसर प्राप्त भइरहेको छ । यसरी सञ्चारमाध्यममा काम गर्ने पत्रकार महिलाहरूलाई पेसामा टिकाइराख्न पछिल्लो समय विभिन्न खाले अवसर दिन थालिएको छ । लेखनवृत्तिदेखि मिडियासँग सम्बन्धित कार्यहरू पत्रकार महिलालाई प्राप्त भइरहेका छन् । यो सकारात्मक पक्ष हो । पत्रकारिता क्षेत्रमा समावेशितालाई जोड दिन थालिएको छ ।

## पत्रकार महिलाको अवस्था र प्रतिनिधित्व

सुदूरपश्चिममा पत्रकार पुरुषको तुलनामा पत्रकार महिलाको संख्या निकै कम छ । चार वर्षअगाडि नौ जिल्लामा महासंघको जम्मा सदस्य संख्या एक हजार हुँदा पत्रकार महिलाको संख्या १४९ जना रहेको थियो । नेपाल पत्रकार महासंघ सुदूरपश्चिम प्रदेश समितिको तथ्यांकअनुसार अहिले प्रदेशमा जम्मा १ हजार २१२ जनाले महासंघको सदस्यता लिएका छन् । त्यसमध्ये पत्रकार महिलाको संख्या १८१ छ ।

जिल्लागत संख्या हेर्दा कैलालीमा १९३ जना पत्रकार रहेकोमा १८ महिला, कञ्चनपुरमा २४९ रहेकोमा महिलाको संख्या ६०, दार्चुलामा ९८ जनामा महिला १९, बैतडीमा १३२ जना पत्रकार रहेकोमा महिला २१ जना छन् । त्यस्तै डोटीमा ८९ जना पत्रकार रहेकोमा महिला ९ जना, डडेलधुरामा ९३ जना पत्रकार रहेकोमा महिला संख्या १३, अछाममा १६५ जना पत्रकार रहेकोमा २० महिला, बझाङमा ८२ जनामा ८ महिला र बाजुरामा १०६ जना वत्रकारमा ६ जना महिला सदस्य छन् ।

महासंघको सदस्यता नलिएका महिलाहरू पनि पत्रकारितामा क्रियाशील रहेको नेपाल पत्रकार महासंघ सुदूरपश्चिम प्रदेश अध्यक्ष रावलले बताए ।

पत्रकार महासंघको केन्द्र, प्रदेश र जिल्ला समितिमा महिला उपाध्यक्ष अनिवार्य गरिएको छ । सोही नीतिअनुरूप सुदूरपश्चिम प्रदेशमा समेत जिल्ला र प्रदेश समितिमा पत्रकार महिला रहेका छन् तर पत्रकार महिलाहरू संघको निर्णायक तहमा भने पुग्न सकेका छैनन् । करिब यो पेसामा दुई दशकभन्दा बढी समय निरन्तर काम गरेका महिलाहरू पनि क्रियाशील छन् ।

## महिला पत्रकार महिलालाई पेसामा टिकाइराख्न के गर्न सकिन्छ ?

» मिडिया हाउसले महिलाको समान सहभागिताका लागि महिलामैत्री नीति र अभ्यास अवलम्बन गनुपर्ने ।

» पत्रकार महिलाहरूलाई पत्रकार पुरुष जत्तिकै कामका लागि समान अवसर दिनुपर्ने ।

» समाचार बनाउने र प्राप्त गर्ने सम्बन्धमा महिला र पुरुषको समान सहभागिता हुनुपर्ने ।

» पत्रकार महिलामाथिको यौनजन्य तथा अन्य दुर्व्यवहार कम गर्न गोप्य उजुरी गर्ने व्यवस्था हुनुपर्ने ।

» महिलाको सुरक्षासँगै गाँसिएका विशेष आवश्यकतालाई सम्बोधन गर्ने गरी महिलामैत्री वातावरण निर्माण गर्नुपर्ने ।

» पत्रकारिता पेसालाई सुरक्षित बनाउन महिला पत्रकारको क्षमतालाई सम्मान गरी प्रोत्साहन गर्नुपर्ने ।

» समान कामको समान ज्यालाको नीति कार्यान्वयन हुनुपर्ने ।

» महिनावारी र सुत्केरीलगायतका विशेष अवस्थामा बिदा र अन्य सुविधा पाउनुपर्ने ।

» महिलाले मिडियामा पुरुष जत्तिकै आफ्नो दृष्टिकोण, विचार र अनुभव व्यक्त गर्ने अवसर पाउनुका साथै लैंगिक समानताका सवालहरूले पर्याप्त कभरेज पाउनुपर्ने ।

यी सर्त पूरा भए मात्रै पत्रकारिता पेसामा महिलाहरू पुरुषसँग प्रतिस्पर्धा गर्न कुनै समय लाग्दैन ।

——◆——

## २१

# न्यायिक समिति : विवाद निरूपणमा मेलमिलाप

✍ प्रेमलाल चौधरी

**कैलाली**

बिहानको ११ बजे । कैलालीको धनगढी उपमहानगरपालिका वडा नम्बर १५, उर्मागाउँका जयन्त राना स्थानीयन्यायिक समितिको परिसरमा नगर उपप्रमुख कन्दकला रानालाई भेट गर्ने लाइनमा थिए । उनलाई उपप्रमुखको कक्षमा प्रवेश गर्न अनुमति मिल्यो । उनीसरासर उपप्रमुख कन्दकलासामु उपस्थित भए । उनले उपप्रमुख समक्ष आफ्नोसमस्या सुनाए ।

उर्मामा आफूले भोगचलन गर्दै आएको जग्गा विवादको निरुपणका लागि जयन्त उपमहानगरको न्यायिक समितिमा आएका थिए । उनले स्थानीय न्यायिक समितिले आफ्नो समस्याको न्यायिक निरुपण गरेमा समाजमा सामाजिक द्वन्द्व न्यूनीकरणमा सहयोग पुग्ने आशा व्यक्त गरे ।

उपप्रमुख रानालेजयन्तको समस्यासुनिन् । उनले थप प्रक्रियाका लागि न्यायिक समिति शाखामा पठाइन् । न्यायिक समिति शाखाका सहायक महिला विकास निरीक्षक तेजु जोशीले जयन्तको विवादबारेपरामर्श दिएर सम्बन्धित निकायमा पठाइन् । 'जयन्तको ऐलानी जग्गासम्बन्धी मुद्दा भएकाले हामीले भूमि सुधार शाखामा पठाएका छौं', उनले भनिन् ।

देशमा संघीयता लागू भएपछि न्यायिक समितिले समुदाय स्तरका मुद्दालाई मेलमिलापको माध्यमबाट निरुपण गर्दै आएको छ । धनगढी उपमहानगरपालिकान्यायिक समिति शाखाकी सहायक महिला विकास निरीक्षक जोशीका अनुसार आर्थिक वर्ष २०७९ । ०८० मा २४ र गत वर्षको फछ्र्यौट हुन बाँकी २५ गरी ४९ वटा मुद्दा दर्ता छन् न्यायिक समितिमा । तीमध्ये १६ वटा मुद्दामा छलफलगरी मेलमिलापको माध्यमबाट समाधान गरिएको छ । एउटा मुद्दाको विवाद समाधान हुन नसकेपछि जिल्ला अदालतपठाइएको छ ।

धनगढी उपमहानगरको न्यायिक समितिमा गत आर्थिक वर्ष २०७८ । ०७९ मा दर्ता भएका ४३ मुद्दामध्ये १८ वटा समाधान गरिएका थिए । बाँकी मुद्दाचालू आर्थिक वर्षमा केही फछ्र्यौट भइसकेका छन् भने केही प्रक्रियामा छन् ।

कैलालीकै कैलारी गाउँपालिकाकी उपाध्यक्ष भगवती चौधरीले न्यायिक समितिबाटसामान्य विवादका मुद्दासमाधान हुन थालेपछि सेवाग्राही सन्तुष्ट हुने गरेको बताइन् । उनले भनिन्, 'न्यायिक कारण सर्वसाधारणलाई ससानाविवाद र मुद्दाका लागि अदालत धाउनुपर्ने बाध्यताअन्त्य भएको छ ।'

उपाध्यक्ष तथा न्यायिक समिति संयोजक भगवतीकाअनुसार अदालतमा मुद्दा दर्ता गर्न जाँदा बढी खर्चिलो हुने र समय पनि बढी लाग्ने भएकाले समुदाय स्तरका विवादन्यायिक समितिमा आउने गरेका छन् ।

कैलारी गाउँपालिकाको न्यायिक समितिमा चालू आर्थिक वर्ष २०७९ । ०८० को पुस महिनासम्म ३८ वटा उजुरी परेका छन् । यी उजुरीमध्ये मेलमिलापबाट१२ वटा मुद्दाको न्यायिक निरुपण भइसकेको छ । २५ वटा मुद्दा छलफलको प्रक्रियामा छन् भने एउटा मुद्दा न्यायिक समितिको छलफलबाट निरुपण हुन सकेन ।

न्यायिक समिति संयोजक भगवतीले न्यायिक समितिमा जग्गा सीमा विवाद, पारिश्रमिक नदिएको, लेनदेन, घरेलु हिंसा, घरपालुवा पशुपक्षीलाई क्षति पुऱ्याएको, छुवाछुत, पानी निकासीलगायतका विवादआउने गरेको बताइन् ।

घोडाघोडी नगरपालिकाउपप्रमुख तथा न्यायिक समिति संयोजक गुलियाकुमारी चौधरीलेन्यायिक समितिमा दर्ता भएपछि मुद्दाका दुवै पक्षले गाउँमै मुद्दा मिलाउने गरेको बताइन् । उनले भनिन्, 'वडा नम्बर १ सुखडमा जग्गा लेनदेनपछि रकम भुक्तानी नगरेको मुद्दा पऱ्यो । केही दिनपछि त्यो मुद्दा सुनुवाइ गर्न दुवै पक्षलाई सम्पर्क गर्दा विवाद मिलिसकेको रहेछ ।'

घोडाघोडी नगरपालिकाको न्यायिक समितिमा चालू आर्थिक वर्ष २०७९ । ०८० मा १० वटा मुद्दा दर्ता भएका छन् । तीमध्ये ४ वटा मुद्दाको निरुपण भइसकेको नगरपालिकाका सूचना अधिकारी उमेशराज रेग्मीले जानकारी दिए । उनका अनुसार दर्ता भएकामध्ये ३ वटा प्रक्रियामा छन् । २ वटा मुद्दा रोक्का भएका छन् भने ३ वटा मुद्दा समाधान नभएपछि अदालत पठाइएको छ ।

नेपालको संविधानले गाउँपालिकामा उपाध्यक्ष र नगरपालिकामा उपप्रमुखको संयोजकत्वमा तीन सदस्यीय न्यायिक समिति गठन हुने व्यवस्था गरेको छ । स्थानीय तहमा हुने विवाद र न्याय निरुपण न्यायिक समितिले नै गर्नसक्ने संवैधानिक व्यवस्था छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहको न्यायिक समितिमा परेका उजुरीको सम्भव भएसम्म मेलमिलापबाटै निरुपण गर्ने कुरा उल्लेख छ ।

गाउँपालिका राष्ट्रिय महासंघ र नेपाल नगरपालिका संघकाअनुसार अहिले ७५३ वटै स्थानीय तहमा न्यायिक समिति छन् । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ८ ले नेपालको संविधानको धारा २१७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा न्यायिक समिति रहने व्यवस्था गरेको छ ।

## न्यायिक समिति सबल बनाउन मिडियाको भूमिका

देशभरका नगरपालिका तथा गाउँपालिकाका उपमेयर तथा उपाध्यक्षको नेतृत्वमा गठित न्यायिक समिति व्यवस्थापन तथा न्यायिक ज्ञानलाई प्रभावकारी बनाउन मिडियाले ठूलो भूमिका निर्वाह गरेको छ। स्थानीयदेखि राष्ट्रिय तहका मिडियाले न्यायिक समितिका विविध पक्षमा समाचार सामग्री प्रकाशन र प्रसारण गर्दै आएका छन् ।

न्यायिक समितिमा दर्ता भएका मुद्दालाई सहजीकरण गर्न भौतिक संरचना सेवाग्राहीमैत्रीहुनुपर्छ भन्ने आवाज मिडियाले उठाएको नेपाल पत्रकार महासंघ सुदूरपश्चिम प्रदेश सदस्य उन्नति चौधरी बताउँछिन् । उनी भन्छिन्, 'न्यायिक समितिलाई प्रभावकारी बनाउन मिडियाको भूमिका ठूलोछ । मिडियाले न्यायिक समिति संयोजक तथा सदस्यहरूलाई मेलमिलाप तथा छलफल गराउँदा कस्तो समस्या र चुनौतीको सामना गर्नुपर्छ ? भन्ने सवाल बारम्बार उठाउँदै आएको छ ।'

पत्रकार उन्नतिकाअनुसार २०७४ सालको स्थानीय निर्वाचनमा ९० प्रतिशतभन्दा बढी न्यायिक समितिको नेतृत्व महिलाले गरेका थिए । मिडियाले त्यति वेलादेखि नै न्यायिक समितिका संयोजकको काम, कर्तव्य र अधिकार, चुनौती र अवसरका सवाललाई प्राथमिताकासाथ उठाउँदै आएको हो ।

न्यायिक समितिले संविधानको धारा २१७अनुसार समुदायमा हुने झैझगडा, साँधसीमा, घरेलु हिंसा जस्ता विवादलाई मेलमिलापमार्फत निरूपण गर्ने जिम्मेवारी निर्वाह गरिरहेको छ ।

**न्यायक समितिभित्र अझैपनि ज्ञानसीपको कमी**

गत स्थानीय निर्वाचनमा अघिल्लो निर्वाचनको तुलनामा धेरै स्थानीय तहमा न्यायिक समितिको नेतृत्वमा पुरुषछन् । २०७४ सालको स्थानीय निर्वाचनपछि सरकारी तथा थुप्रै गैरसरकारी संस्थाले न्यायिक समिति संयोजक तथा सदस्यहरूलाई कानुनी ज्ञानसीप, कार्यदक्षता लगायतका विषयमा तालिमसञ्चालन गरेका थिए । ओरेक नेपाल, कैलालीकी संयोजक बिनु रानाले यसपटकको स्थानीय निर्वाचनमा नयाँ स्थानीय न्यायिक समिति संयोजक आएकाले पुनः तालिमको व्यवस्था गर्नुपर्ने बताइन् । उनले भनिन्,‘नयाँ आएका जनप्रतिनिधिहरूलाई पुनः तालिमको व्यवस्था गर्नु आवश्यक छ ।’

घोडाघोडीका नगर भल्मसा अध्यक्ष बुधराम चौधरीले स्थानीय न्यायिक समितिबारे धेरैलाई जानकारी नरहेको बताए । उनले न्यायिक समितिबारेजानकार बनाउँदा समुदाय स्तरमै विवाद निरुपणमा योगदान पुग्ने बताए ।

२२

# पत्रकार महिला : ‘फलानी’ भनेर होच्याउने प्रवृत्ति

✍ विन्दु परियार

हिन्दु धर्मावलम्बीले देवीको उपासना गर्छन् । उपासनाका क्रममा भनिन्छ-

या देवी सर्वभूतेषु शक्ति रूपेण संस्थिता... । हो नारीसँग अद्भुत शक्ति हुन्छ । नालापानीको लडाइँको गाथा नै हेरौँ ! भक्ति थापासँग ४०० जनाको डफ्फा थियो र पानी प्यासले किल्ला छोड्दा त्यहाँ अधिकांश केटाकेटी, महिला र बूढाबूढी थिए । नारी शक्ति प्रयोग नभएको सायद कुनै लडाइँ छैन तर अवसरको बाँडफाँडमा भने ‘नारी शक्ति’ सधैं उपेक्षित रहँदै आएको छ । नेपालको संविधान २०७२ ले राज्यका हरेक निकायमा महिलाका लागि ३३ प्रतिशत प्रतिनिधित्व सुनिश्चित गरेको छ । कानुनमा लेखिए पनि व्यवस्थाको धज्जी उडाउने काम भइरहेको छ । महिलाहरूका लागि सबैभन्दा सुरक्षित र सुहाउँदो पेसा पत्रकारितामा पनि यही अवस्था देखिएको छ । २००८ सालमा ‘महिला मासिक’बाट सुरु भएको पत्रकार महिलाहरूको सहभागिता अहिले पनि बढ्न सकेको छैन । नेपाल पत्रकार महासंघमा आबद्ध १३ हजारभन्दा बढी पत्रकारमध्ये जम्मा १८ प्रतिशतमात्र महिला पत्रकार रहनुले पनि यो तथ्यलाई बल दिन्छ । बदलिँदो समयसँगै सञ्चार क्षेत्रले फड्को मारेको छ । एफएम रेडियो, टेलिभिजन र अहिले अनलाइन पत्रकारिताको जमाना छ । तुलनात्मक रूपले पत्रकार महिलाको संख्या बढेको पनि छ । रहरले यो क्षेत्रमा लाग्ने, बीचमै पेसा छाड्ने वा पत्रकारितालाई आधार बनाएर अन्य पेशा अँगाल्नेहरूको पनि यहाँ कमी छैन । तर, पत्रकारितालाई आफ्नो कर्म मानेर निरन्तर खटिने महिला पत्रकारलाई पनि यही क्षेत्रमा टिक्न सजिलो छैन । कठिन चुनौतीका चाङले उनीहरूको वेग रोक्ने काम गरिरहेको छ ।

घरपरिवारको व्यवस्थापन गर्दै काममा निस्कनु पत्रकार महिलाको पहिलो जिम्मेवारी हो । त्यसका साथै कार्यक्षेत्रमा खटिँदा भोग्नुपर्ने प्रताडनाको शृंखला झन् डरलाग्दो छ । हो, पत्रकारितामा यो वेला यही काम गर्छु भन्ने हुँदैन । रातदिन जतिवेला जहाँ पनि खटिनुपर्छ तर पुरुषलाई जस्तो महिलालाई कार्यक्षेत्रमा खटिन

सहज छैन । पितृसत्तात्मक समाजले कुरा काट्ने त छँदै छ, आफ्नै सहकर्मीहरूबाट हुने छेडछाड र द्विअर्थी बातचित सुन्न अभिशप्त हुनुपर्छ । ती यावत् समस्या झेलेर न्यूजरुमसम्म आउनु, आफ्नो कर्तव्य पूरा गर्नु र घर फर्कनु सहज पक्कै हुँदैन । राति अबेरसम्म काम गरेर फर्किंदा निर्धक्क हिँड्ने वातावरण अझै बनेको छैन । घरको काम सक्काएर रिपोर्टिङ गर्दा समयमै पुग्नुपर्ने बाध्यता हुन्छ । टाढाटाढा रिपोर्टिङमा जाँदा सुरक्षाका लागि अरूमा निर्भर हुनुपर्छ । जसले गर्दा कहिलेकाहीँ असहजता पनि हुन्छ ।

यी चुनौतीलाई चिर्दै अघि बढेका पत्रकार महिलाहरूले आफूलाई अब्बल सावित गरेका उदाहरण पनि हामी माझ छन् । महिला नेतृत्व सफल हुन्छ भन्ने उदाहरण खोज्न टाढा जानै पर्दैन । नेपाल पत्रकार महासंघ कास्कीकी अध्यक्ष महिला हुन् । उनको कार्यसम्पादन पुरुषको भन्दा कम छैन । कास्कीकै कुरा गर्ने हो भने हाल महासंघको सदस्यता लिएका महिला पत्रकारहरू ४९ जना छन् तर विभिन्न मिडिया हाउसमा पर्दा पछाडि रहेर काम गर्ने महिला पत्रकारको संख्या भने योभन्दा धेरै पाइन्छ । पत्रकारितामा शारीरिक हैन, बौद्धिक श्रमको आवश्यकता हुन्छ । यस अर्थमा यो पेसा महिलाहरूको लागि सुहाउँदो हुन्छ । कार्यक्षेत्रमा खटिनेबाहेक न्यूजरुममा बसेर गरिने काममा महिलाहरूले आफूलाई प्रमाणित पनि गरेका छन् । तर नेपालका न्यूजरुम अझै पनि महिलामैत्री बन्न सकेका छैनन् । महिलालाई जिम्मेवारी दिने र उनीहरूले पनि केही गर्न सक्छन् भन्ने सोच राख्ने लगानीकर्ताको अभाव छ । जसले गर्दा पत्रकार महिलाहरूको संख्या नबढ्ने, भूमिका नदिइने र दिइहाले पनि ‘फलानी’ भनेर होच्याउने प्रवृत्ति अन्त्य हुन सकेको छैन । वास्तविकता के हो भने, महिलाहरू सक्षम छन् । उनीहरूले जिम्मेवारी पाउँदा पुरुषभन्दा बढी अब्बल काम गर्छन् र विवेकसम्मत रूपले पेसागत मर्यादा पालना गर्छन् ।

२३

# लैङ्गिक समानता कागजमै सीमित

✍ निशा राई

नेपाली पत्रकारिताले एक्काइसौं शताब्दी पार गरिसके पनि हाम्रो नेपाली समाज पुरुष प्रधान र पितृसत्तात्मक सोचका कारणले महिला पत्रकारको सहभागिता न्यून छ । राज्यको चौथो अंगको रूपमा रहेको पत्रकारिता चुनौतीपूर्ण पेसा हो । पत्रकारिता क्षेत्रमा पुरुषभन्दा अझ महिलालाई महिला पत्रकार भएर स्थापित हुन धेरै चुनौतीपूर्ण छ। एक त चुनौतीपूर्ण कार्य पत्रकारिता पेसा, त्यसमा पनि महिला भएर फिल्डमा निस्किदा बाहिरी दुनियाँसँगको लडाइँ बेग्लै र निकै कठिन हुन्छ ।

गत स्थानीय निर्वाचनमा पत्रकार महिलाको भेषभूषा, रूपलाई लिएर काठमाडौँ महानगरपालिकाको नगर प्रमुखमा एमालेका उम्मेदवार रहेका केशव स्थापितले नेपाल टेलिभिजनमा कार्यरत सलोजा दाहाललाई गरेको व्यवहार पनि महिला पत्रकारलाई अझै पनि चुनौतीपूर्ण रहेको जीवितै उदाहरण हो । यो त एउटा प्रतिनिधि घटना मात्र हो । यस्ता प्रकारका कुदृष्टि महिलाहरू सबैको समस्याको रूपमा रहेको छ ।

दन्तकाली एफएममा कार्यरत पत्रकार रेशु राई भन्छिन्, 'नेपाली महिलाहरू निकै लामो समय चुलोचौकोमा सीमित रहेकाले महिलालाई घरायासी काममै सीमित रहनुपर्ने सोचबाट नेपाली समाज अझै पनि ग्रसित छ ।' महिलालाई घरकै काममा रहेमा सुशील नारीको रूपमा हेर्ने दृष्टिकोण अझै पनि रहेको उनी बताउँछिन् । त्यस कारण महिला पत्रकारले आफूलाई सुरक्षित भएको महसुस नगर्दासम्म ऊ निडर भई प्रस्तुत हुन नसक्ने उनले बताइन् ।

यस्ता समस्यालाई सम्हाल्न नसक्दा र पत्रकारिता गरेर आत्मनिर्भर बन्न नसक्दा धेरै पत्रकार महिलाहरू यो पेसाबाट छोडेर जाने पनि गरेको उनले उल्लेख गरिन् । उनका अनुसार उनीसँगै कार्यरत महिला पत्रकार यशोदा लिम्बु र अनिता क्षेत्री यो पेसाबाट आत्मनिर्भर बन्न नसक्दा अहिले अन्य पेसामा आबद्ध भएका छन् ।

राज्यले महिला पत्रकारहरूको शारीरिक, मानसिक, व्यावसायिक, पेसागत, आर्थिक र भौतिक सबै किसिमका सुरक्षाको ग्यारेण्टी हुने नीति ल्याउनुपर्छ र समाजको जुनसुकै क्षेत्रमा काम गर्ने महिलाहरूका लागि हिंसारहित वातावरणमा बाँच्न पाउनुपर्ने वातावरण बनाउनुपर्ने कुरा विजयपुर एफएमकी समाचारवाचिका एलिना राईले बताइन् ।

करिब दुई दशकदेखि निरन्तर पत्रकारिता पेसामा आबद्ध सुनसरीकी महिला पत्रकार मनिता चाम्लिङ महिलालाई पत्रकारिता पेसामा स्थापित हुन निकै गाह्रो रहेको बताउँछिन् । 'धेरै चुनौती सामना गर्नुपर्ने हुन्छ', उनले भनिन् ,'परिवारदेखि सामाजसम्मको आलोचना सहनुपर्ने हुन्छ ।'

महिला सहभागितालाई बढाउने प्रयास भलै ढिलो भए पनि दीर्घकालीन प्रभाव पार्न क्रियाशील महिला पत्रकार महिला सुनसरीले पनि वर्षमा २ पटक कार्यक्रम गरी महिलाहरूलाई यो पेसाबाट पलायन हुन नदिन अथवा यो क्षेत्रमा महिलाहरू आऊन् भनेर पत्रकार आचारसंहिता, फिचर लेखन, क्षमता अभिवृद्धि तालिम, नेतृत्व विकासको तालिम आदि सम्बन्धित कार्यक्रम सञ्चालन गरिरहेको क्रियाशील महिला पत्रकार महिला सुनसरीकी अध्यक्ष समेत रहेकी चाम्लिङले बताइन् ।

उनका अनुसार अहिलेको अवस्थामा आउँदा महिला अधिकारको वकालत गर्नेमा धेरै महिला कलमजीवीहरू नै छन् । त्यसो त जनसंख्याका हिसाबले ५१ प्रतिशत ओगटेको महिला र राज्यका हरेक निकायमा महिलाको

३३ प्रतिशतको हक दिएकोमा भने कम सहभागिता छ । तथापि पछिल्लो समय क्रियाशील महिला पत्रकारसुनसरीले आयोजना गरेको तालिममा महिलाहरूको सहभागिता अझै बढ्दै गएको उनले बताइन् ।

सुनसरी पत्रकार महासंघको तथ्यांकअनुसार सुनसरीमा २६५ पत्रकारमध्ये ५५ जना महिला पत्रकार छन् । महिला पत्रकारलाई यही पेसामा आबद्ध रहनका लागि बेग्लै कार्यक्रम नगरे पनि सबैलाई समेट्ने गरी पत्रकार आचारसंहिता, फिचर लेखन, क्षमता अभिवृद्धि तालिम, नेतृत्व विकासको तालिम आदि सम्बन्धित कार्यक्रम सञ्चालन गरिएको महासंघका अध्यक्ष्य जनकऋषि राईले बताए ।

नेपाली पत्रकारितामा महिला पत्रकारहरूलाई अझ धेरै चुनौती र समस्या छन् । हाम्रो समाज पितृसत्तात्मक सोचले गाँजिएको छ । महिलालाई हेर्ने दृष्टिकोण पुरानै छ । त्यसमा पनि पत्रकारितामा महिला र पुरुष रिपोर्टिङमा सँगै हिँड्नुपर्ने भएकाले समाजले हेर्ने नजर, शारीरिक बनावटको आधारमा कुरा गर्नेदेखि हरेक कुरामा महिलालाई कुदृष्टिले हेर्ने भएकाले महिला पत्रकारहरूले लामो समयसम्म यो पेसालाई निरन्तर दिन सकेका छैनन् ।

अझ कतिपय समाचार छापिसकेपछि पनि कहिलेकाहीँ धम्की आउने भएकाले जोखिम लिने आँट पनि कमै महिलाले गर्छन् । बलात्कार, हत्या र हिंसाका समाचार नआएको कुनै दिन छैन । बढ्दो आपराधिक क्रियाकलापले पनि महिला पत्रकारमाथिको सुरक्षाको हिसाब छैन । राति अबेरसम्म काम गरेर घर फर्किदा हिँड्ने वातावरण पनि सुरक्षित छैन । तथापि त्यसको पनि सामना गर्दै महिलाहरू अघि बढ्दै जानुलाई महिलाहरूको योगदानलाई राज्यले कदर गर्नुपर्छ ।

महिला अझै पनि घरका विभिन्न काम सकेर मात्र बाहिर काम गर्न निस्कन पाउँछन् । यसरी घर र बाहिरको दुवै काम सकेर हरेक कार्यक्रममा सहभागी हुनु महिला पत्रकारका लागि गाह्रो छ । यसलाई पनि विद्यमान चुनौती र सकसका रूपमा बुझ्नुपर्छ ।

यी समस्या धेरै महिला पत्रकारहरूका साझा समस्या हुन । लैङ्गिक समानताका कुरा अझैसम्म पनि कागजमै सीमित छन् । अपवाद बाहेक नेपाली समाजमा खुलेर काम गर्ने वातावरण अझै बनेको छैन । तसर्थ राज्यको चौथो अंग मानिने पत्रकारिताका क्षेत्रमा महिला पत्रकारको सहभागिता न्यून छ । नेपालमा व्यावसायिक पत्रकारिता फस्टाउन नसक्दा महिला पत्रकारको संख्या कम भएको छ । समानुपातिक समावेशी सिद्धान्तका आधारमा सञ्चार क्षेत्रमा महिला सहभागिता हुनु आवश्यक छ ।

——◆——

२४

# जमिन्दारबाट सुकुम्बासी !

✍ ओम शाही

कर्णाली प्रदेशमै थारूको बसोवास भएको एकमात्र जिल्लामा पर्छ, सुर्खेत। सुर्खेतमा पनि प्रदेश राजधानी रहेकै वीरेन्द्रनगर नगरपालिका (जसलाई सुर्खेत उपत्यका भनेर चिनिन्छ) यो जातिको बसोवास छ।

सुर्खेतका थारू भन्नेबित्तिकै धेरैले 'जमिन्दार'का रूपमा बुझ्छन्। उपत्यकामा पहिलोपटक बस्ती बसेको जाति भएकाले पनि धेरैको बुझाइ यो हुनसक्छ। पछिल्ला वर्ष यो बुझाइ गलत साबित हुँदै गएको छ। कुनै बेलाका जमिन्दार अहिले सुकुम्बासी छन् भन्दा आश्चर्य मान्नुपर्दैन।

वीरेन्द्रनगर-२ का चन्द्रबहादुर चौधरीले राष्ट्रिय भूमि आयोग जिल्ला समितिमा 'जग्गा छैन, बसोवासको व्यवस्था गरी पाऊँ' भनी निवेदन पेश गरेका छन्। पुर्ख्यौली जग्गा मोहियानी हक लागू हुँदा गुमाएपछि उनी ससुरालीले दिएको जग्गामा टहरो बनाएर बसेका छन्। त्यतिवेलाका गैरथारू जमिन्दारले जग्गा हडप्न नक्कली तमसुक गराउनुका साथै करको त्रास देखाएपछि उनको अधिकांश जग्गा गुम्यो। मोहियानी हक लागु हुँदा जग्गाधनी र मोहीबीच ५०/५० प्रतिशत बाँडफाँड भए पनि नक्कली तमसुक गराई अन्य जातिले आफ्नो नाममा गराएको चन्द्रबहादुरको दुखेसो छ।

वीरेन्द्रनगर २ लौबस्ताकै बेलौरी चौधरीको नाममा रहेको १२ कट्ठा जग्गा जमिन्दारले विभिन्न प्रलोभन देखाउँदै हडपेका थिए। थारू बस्तीहरूमा थाहै नपाई धनीले जग्गा हडपिएका धेरै उदाहरण छन्। मोहियानी हक लागु हुँदा र विभिन्न पटक नापी हुँदा थारूहरूको अधिकांश जग्गा गुम्यो। जसले गर्दा उपत्यकाको मुख्य आदिवासी नै विस्थापित हुनुपर्ने अवस्था निम्तिएको छ। 'यहाँको झार, जंगल र वन फाँडेर उल्जार-गुल्जार गर्ने थारू जाति हुन्, पछि अरू जातिको आगमनले आफूले फाँडेको जग्गासमेत थारूले गुमाउनुपर्‍यो', लेखक पन्ना भन्छन्, 'अहिले अधिकांश थारू समुदायसँग वर्षभरी खान पुग्ने जग्गा छैन, आफ्नो पुर्ख्यौली जग्गासमेत थाहै नपाई जमिन्दारले हत्याए, रैथाने हुँदाहुँदै अधियाँ गरेर जीविकोपार्जन गर्नुपर्ने बाध्यता छ।'

टाठाबाठाले थारूका जग्गाजमिन हडप्ने, थाहै नदिई नामसारी गराउनेजस्ता जालझेलका कारण उनीहरूसँग जग्गा निकै कम छ। पूर्व जिविस सदस्य जागुराम भन्छन्, 'थारूहरूको सोझोपनको फाइदा यहाँका अन्य जातिले लिए, थारूहरू उल्टै भूमिहीन बन्नुपर्ने अवस्था निम्तियो।' मोहियानी हक लागु भएपछि गैरथारूले नक्कली तमसुक गराएर जग्गा हडपेको गुनासो छ। नगर कार्यपालिका सदस्य सरिता चौधरी अनाहकमै जग्गा गुमाउनुपर्दा अहिलेको पुस्तालाई पछुतो भइरहेको बताउँदै भन्छिन्, 'यहाँका मुख्य आदिवासी हामी, अहिले हामी नै सुकुम्बासी बन्नुपर्ने अवस्था सिर्जना भयो।'

औलो उन्मूलन हुनुअघि अर्थात् २०२२ सालअघि सुर्खेत उपत्यकामा थारू जातिको मात्र बसोवास थियो। यहाँको खोरिया फाँडेर खेतीयोग्य जमिन बनाउने र बस्ती बसाउने थारू नै हुन्। सुर्खेत उपत्यकाको मूल आदिवासीका रूपमा चिनिने थारू समुदाय भने राज्यको पुनःसंरचनासँगै राजनीतिक र प्रशासनिक क्षेत्रमा फड्को मार्दै छन्। केही दशक अघिसम्म निकै पछाडि रहेको यो समुदाय छोटो अवधिमै शिक्षा क्षेत्रमा राम्रो प्रगति हासिल गर्न सफल भएको छ।

थारूको पुरानो र बाक्लो बस्तीका लागि उपत्यकाभित्र साविकका लाटीकोइली र उत्तरगङ्गा गाविस प्रख्यात थिए। लाटीकोइलीमा २२ र उत्तरगंगामा १३ गरी ३५ गाउँमा थारूको बाक्लो बस्ती थियो। मुलुक सङ्घीय

संरचनामा जाँदा यी बस्ती छिन्नभिन्न हुन पुगे । मुलुकमा आएको राजनीतिक सामाजिक परिवर्तनसँगै यो समुदायले शिक्षा र प्रशासनिक निकायमा पहुँच बढाउन थाल्यो । यहाँका थारूले राज्य पुनःसंरचनाताका उठाउँदै आएको स्वायत्त वडाको परिकल्पना पूरा नभए पनि राज्यका हरेक निकायमा अर्थपूर्ण सहभागिता बढ्दो छ । विसं २०६२ । ०६३ को राजनीतिक परिवर्तनपछि शिक्षा र स्थायी रोजगारमा थारू युवाहरूको आकर्षण बढेको हो ।

थारूलाई अघि बढाउने मामिलामा दलहरूले उदारता देखाउन नसकेको समुदायका अगुवाहरूको गुनासो छ। थारू लेखक एवं श्रीकृष्ण संस्कृत साधारण मावि इत्रामका शिक्षक मानबहादुर चौधरी ‘पन्ना’ सङ्घीयतापछि आफ्नो समुदायले केही गुमाए पनि धेरै उपलब्धि हासिल गरेको टिप्पणी गर्छन् । ‘त्यसो त हाम्रा उम्मेदवारहरू अहिले वडा सदस्यमै सीमित छन्, मुख्य पदमा अरूकै वर्चस्व छ’, उनी भन्छन्, ‘प्रदेश र स्थानीय तहमा जनसंख्याको हिसाबले अल्पसंख्यकमा परे पनि पहिलेको तुलनामा प्रशासनिक पहुँच बढेको छ । लोकसेवामा उत्तीर्ण हुने दर सन्तोषजनक छ ।’ साविकको क्षेत्रीय सदरमुकाम र अहिलेको प्रदेश राजधानीका रैथाने बासिन्दा भएकाले यो समुदायको शिक्षामा पहुँच बढ्दो छ । सबैले आफ्ना बालबालिकालाई नियमित विद्यालय पठाउने गर्दछन् । यो समुदायबाट सबैभन्दा पहिले २०३४ सालमा एसएलसी (हाल एसइई) उत्तीर्ण गर्ने वीरेन्द्रनगर २ ठौरीका भगीराम थारू र वडा नं १० घुस्राका सनिसरा महतम छन् । पहिलो स्नातक उपाधि हासिल गर्ने यामबहादुर चौधरी तथा स्नातकोत्तर प्रेमप्रकाश चौधरी र मानबहादुर चौधरी पन्ना छन् ।

थारू समुदायबाट हालसम्म प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण ४१८, स्नातक उत्तीर्ण ५७, स्नातकोत्तर उत्तीर्ण १९ जना छन् । वीरेन्द्रनगर नगरपालिकाको शिक्षा तथा खेलकुद शाखामा यो समुदायबाट ५ हजार ३०४ जना साक्षर रहेको तथ्याङ्क छ । निजामती सेवामा प्रवेश गर्ने युवायुवतीको संख्या पनि बढ्दै गएको छ । यो समुदायबाट निजामतीतर्फ उच्च पदमा वीरेन्द्रनगर २ खोलीगाउँका जागुराम चौधरी हुन् । उनी हाल प्रशासन सेवाको उपसचिव पदमा कार्यरत छन् । स्थायी शिक्षक तथा निजामती सेवामा गरी २४ जना छन् । विभिन्न गैरसरकारी संस्थामा पनि थारू समुदायको पहुँच बढ्दो छ । पछिल्लो राजनीतिक परिवर्तनसँगै थारूमा शिक्षा र प्रशासनिक क्षेत्रमा पहुँच बढ्न पुगेको शिक्षक पन्ना बताउँछन् ।

पूर्व जिल्ला विकास समितिका सदस्य जागुराम थारू राज्य पुनःसंरचनाको खाका निर्माण गर्ने वेला थारू बाहुल्य वडालाई विभाजन नगर्न माग गर्दै तत्कालीन संयन्त्रमा आफूले धेरै ‘लबिङ’ गरेको स्मरण गर्छन् । ‘त्यतिवेला यो आवाज उठाउने म एक्लो प्रतिनिधि हुँ, तत्कालीन लाटीकोइली गाविसलाई वीरेन्द्रनगर नगरपालिकामा गाभ्दा होस् या नयाँ पुनःसंरचनामा जाँदा कम्तीमा वडा नं १० लाई थारू स्वायत्त वडा बनाउन धेरै लडेको थिएँ’, उनी भन्छन्, ‘अहिले बस्ती छिन्नभिन्न हुँदा पछाडि पर्‍यौं, अन्य समुदायको भोट बैंकको रूपमा बस्नुपरेको छ ।’ यहाँको थारू समुदायका तर्फबाट राजनीतिक क्षेत्रमा हालसम्म उपल्लो पदमा पुग्ने जागुराम नै पहिलो व्यक्ति हुन् । उनी विसं २०५४ मा जिविस सदस्यमा निर्वाचित भएका थिए ।

यही वैशाख ३० गते सम्पन्न स्थानीय निर्वाचनमा वीरेन्द्रनगरमा यो समुदायबाट चारजना मात्र वडा सदस्यमा निर्वाचित भए । वडा नं २ मा सरिता चौधरी, रमेश चौधरी, वडा नं ९ मा मानबहादुर चौधरी र वडा नं १० मा लक्ष्मी चौधरी सदस्य पदमा निर्वाचित भए । सरिता अल्पसंख्यक कोटामा नगर कार्यपालिकामा निर्वाचित भइन् । नगरको उपल्लो तहमा नपुगे पनि आफ्नो समुदायको सवाल कार्यपालिकासम्म पुऱ्याउने माध्यम बनेका छन् उनीहरू ।

सङ्घीयतापछि निर्वाचनमा राजनीतिक दलहरूले थारूलाई टिकट दिएको वडा सदस्य पदमा मात्रै हो । विसं २०७४ को स्थानीय तह निर्वाचनमा वडा नं २ मा सरिता चौधरी र १० बाट सुनिता चौधरी वडा सदस्य पदमा निर्वाचित भएका थिए । यसपटकको निर्वाचनमा २०७४ सालको भन्दा बढी निर्वाचित भएर नीति निर्माण तहमा आफ्नो उपस्थिति बढाएका छन् ।

# सञ्चार माध्यम तथा पत्रकारहरूका लागि नेपाल पत्रकार महासंघ तथा प्रेस काउन्सिल नेपालले संयुक्तरूपमा जारी गरेको आचारसंहिता

| पत्रकार र सञ्चारमाध्यमहरूको कर्तव्य | पत्रकार र सञ्चारमाध्यमहरूले गर्न नहुने |
|---|---|
| (१) प्रेस स्वतन्त्रताको संरक्षण र संवर्द्धन | (१) सार्वभौमसत्ता, राष्ट्रिय एकता र सामाजिक सद्भावमा खलल पुग्ने |
| (२) मानव अधिकार, अन्तर्राष्ट्रिय सम्बन्ध र सुसूचित हुने हकको सम्मान | (२) भेदभाव हुने गरी र निजी स्वार्थपूर्तिका लागि सूचनाको सम्प्रेषण |
| (३) पेशागत मर्यादा तथा व्यवहार | (३) हिंसा, आतंक, अश्लीलता र अपराधलाई प्रश्रय हुने |
| (४) सामाजिक दायित्व | (४) पीडित वा प्रभावित व्यक्तिलाई थप पीडा हुने गरी सूचनाको सम्प्रेषण |
| (५) सम्पादकीय स्वतन्त्रताको सम्मान | (५) घटनासँग असम्बन्धित व्यक्तिको नाम उल्लेख A16 |
| (६) सत्य-तथ्य र सन्तुलित सूचना सम्प्रेषण | (६) बीभत्स दृश्य र तस्बिर प्रकाशन वा प्रसारण |
| (७) समाचार, विचार र विज्ञापन छुट्टिने गरी सम्प्रेषण | (७) फोटो तथा दृश्यको गलत प्रयोग |
| (८) गोप्य स्रोतको संरक्षण | (८) पोस्ट डिलिट |
| (९) गोपनीयताको हकको सम्मान | (९) अनुचित दवाब वा सम्बन्ध |
| (१०) भ्रमण तथा लेखनवृत्तिमा पारदर्शिता | (१०) प्रविधिको अदृश्य प्रयोग |
| (११) राष्ट्रिय विपद्मा संयम | (११) न्याय निरूपणमा प्रभाव |
| (१२) मत सर्वेक्षणमा सतर्कता | (१२) पेशागत मर्यादाविपरीत उपहार तथा पुरस्कार ग्रहण |
| (१३) अन्तर्वार्तामा सजगता : | (१३) मर्यादा र आत्मसम्मानमा प्रतिकूल असर |
| (१४) गल्ती सच्याउन तत्परता | (१४) जनस्वास्थ्य वा व्यक्तिको स्वास्थ्यका सम्बन्धमा अतिरञ्जना जनस्वास्थ्यसँग सरोकार भएका विषयसम्बन्धी |

यो आचारसंहिता विस्तृतरूपमा *https://www.fnjnepal.org/uploads/resources/resource_1569306663.pdf* पनि डाउनलोड गरी हेर्न वा पढ्न सकिनेछ ।

This project is funded by

EUROPEAN UNION


**ईन्टरनेशनल अलर्ट**
बखुण्डोल, ललितपुर
पोष्ट बक्स नं. २४११८, काठमाडौं, नेपाल
फोन: ९७७-१-५५२८४६८
Email: nepal@international-alert.org
Website : www.international-alert.org

**नेपाल पत्रकार महासंघ**
सञ्चारग्राम, तिलगंगा, काठमाडौं
फोन: ९७७-१-४११२७६३, ४११२६७३
Email: fnjnepalcentral@gmail.com,
Website : www.fnjnepal.org